वार्षिक विकास योजना

आ.व. २०७९/०८० को

नीति, कार्यक्रम तथा बजेट

“सबल, सक्षम उत्थानशील स्थानीय सरकार;
समृद्ध र समुन्नत हाम्रो गुल्मीदरबार”



प्रकाशक
गुल्मीदरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

गुल्मीदरबार गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरू

सरोज कुमार थापा
अध्यक्ष

तारा थापा ढेंगा
उपाध्यक्ष

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत (सचिव)

राजेन्द्र कँडेल
सदस्य (अध्यक्ष : वडा नं. १)

विष्णुप्रसाद गौतम
सदस्य (अध्यक्ष : वडा नं. २)

रामबहादुर थापा
सदस्य (अध्यक्ष : वडा नं. ३)

देवीराम पोख्रेल
सदस्य (अध्यक्ष : वडा नं. ४)

गुणानिधि पौडेल
सदस्य (अध्यक्ष : वडा नं. ५)

मुकेश थापा
सदस्य (अध्यक्ष : वडा नं. ६)

शालिकराम टण्डन
सदस्य (अध्यक्ष : वडा नं. ७)

ईश्वरी परियार
सदस्य

कुमारी दनुवार पुवारे
सदस्य

गंगा अर्याल
सदस्य

दिलकुमारी खत्री
सदस्य

विष्णुमाया बोटे
सदस्य

सोनुदेवी कार्की
सदस्य

गुल्मीदरबार गाउँपालिका

वार्षिक विकास योजना

आ.व. २०७९/०८० को

नीति, कार्यक्रम तथा बजेट

प्रकाशक
गुल्मीदरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प्रकाशन	:	**आ.व. २०७९/०८० को वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट)**
संरक्षक	:	अध्यक्ष सरोज कुमार थापा, उपाध्यक्ष तारा थापा ढेंगा
सल्लाहकार	:	प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डे
सम्पादक मण्डल	:	अधिकृत छैठौं टंकप्रसाद पन्थी, अधिकृत छैठौं नवराज घिमिरे कम्प्युटर अपरेटर टुक बहादुर राना, सूचना सहायक प्रकाश थापा
तथ्याङ्क सहयोग	:	अधिकृत छैठौं भविष्य अर्याल, सहायक पाँचौ भीमसेन थापा, आलेप सहायक पाँचौ तह टेकराज गिरी
कम्प्युटर सेटिङ्ग	:	कम्प्युटर अपरेटर टुक बहादुर राना, ईश्वर वि.क.
© सर्वाधिकार	:	प्रकाशकमा सुरक्षित
प्रकाशक	:	**गुल्मीदरबार गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय** गौडाकोट गुल्मी
प्रकाशन मिति	:	२०७९, कार्तिक
मुद्रक	:	मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी (५३०४५०) E-mail : spgulmi33@gmail.com

शुभकामना !

नेपालको संविधान अनुसार सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा रहेर तीन तहका सरकारहरू कृयाशील रहेको विद्यमान अवस्थामा मिति २०७९।०१।३० गते सम्पन्न भएको स्थानीय तहको दोस्रो पटकको निर्वाचनमार्फत् हामीलाई जनताको सबैभन्दा नजिकमा रहेको स्थानीय सरकारको नेतृत्व गर्न जिम्मेवारी प्रदान गर्नुभएका गुल्मीदरबारबासी सम्पूर्ण आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । स्थानीय सरकारको रूपमा गुल्मीदरबार गाउँपालिकाले आफ्नो सीमित स्रोत साधनलाई अधिकतम् परिचालन गर्दै नागरिककेन्द्रित सेवा प्रवाह र विकास निर्माणमा समग्र जनता, राजनीतिक दल, जनप्रतिनिधि र कर्मचारीको संयोजनमार्फत् सुशासन र विकास प्रशासनको लागि कार्य गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ ।

गुल्मीदरबार गाउँपालिकाले आफ्नो स्थापना कालदेखी नै जनताको सहयोग, दृढ आत्मविश्वासी जनप्रतिनिधिको उपस्थिति तथा कर्मचारीको समन्वयमा स्थानीय सरकारको तर्फबाट गाउँपालिका बासीले खोजेको सुशासन, सेवा प्रवाह, विकास र समृद्धि सहितको समाजनिर्माण गर्ने प्रणालीको स्थापित गर्न सफल भएको छ । सामाजिक न्यायको प्रत्याभूतिसहितको जनउत्तरदायी गाउँपालिका र सभ्य सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै सुखी र सृमृद्ध गाउँपालिका निर्माणमा हामी सम्पूर्ण जनप्रतिनिधि प्रतिवद्ध रहेका छौं ।

आर्थिक वर्ष ०७९।०८० को बजेट तर्जुमा गर्दा विगतका वर्षहरूमा हासिल भएका उपलब्धीहरुलाई विशेष ध्यान दिँदै पालिकाको आर्थिक र सामाजिक हित वृद्धि गर्न जनताको सेवा सुविधालाई ध्यानमा राख्दै जवाफदेहिता र पारदर्शिता कायम गर्न विशेष ध्यान केन्द्रित गरी गाउँपालिकाले लिएका दीर्घकालीन योजना तथा गुरुयोजना अनुसारका कार्यक्रमहरू कार्यान्वयन गर्न नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरिएको छ । बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान र कानूनहरू, संघीय सरकारबाट प्राप्त मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय सरकार संचालन ऐन २०७४, विभिन्न संघ संस्था एवम् विद्वत् वर्गहरूबाट प्राप्त रचनात्मक सुझावहरुलाई विशेष ध्यान दिइएको छ । गाउँपालिकाको न्यूनतम् स्रोत साधनलाई अधिकतम परिचालन गरी सुखी र समृद्ध पालिका निर्माणको लागि गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार, कर्मचारीवर्ग लगायत सम्पूर्ण विद्वत् वर्गहरूमा हार्दिक अनुरोध गर्दछु । गुल्मीदरबार गाउँपालिकाले नीति तथा कार्यक्रम, बजेट, आर्थिक ऐन र विनियोजन ऐन सहितको पुस्तक प्रकाशन गरी सम्पूर्ण नागरिकलाई सुसूचित हुने अवसर प्रदान गर्नेछ भन्ने अपेक्षा गर्दै पुस्तक प्रकाशनमा अहोरात्र खट्नुहुने सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिंदै गाउँपालिकाको विकास योजनाको प्रस्तुत पुस्तकको सफलताको शुभकामना व्यक्त गर्दछु ।

२४ कात्तिक, २०७९

सरोजकुमार थापा
अध्यक्ष

शुभकामना !

नेपालमा संघीय प्रणालीको अभ्यास भइसकेपछि संविधानको मर्मअनुसार सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित भई तीनै तहका सरकारहरू कृयाशील भएको वर्तमान अवस्थामा मिति २०७९।०१।३० गते सम्पन्न भएको स्थानीय तहको दोस्रो निर्वाचनमा हामीलाई आफ्नो अमूल्य मतदान गरी जनताको सेवा प्रदान गर्ने अवसर दिनुभएकोमा सम्पूर्ण गुल्मीदरबारवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । स्थानीय सरकारको रूपमा गुल्मीदरबार गाउँपालिकाले आफ्नो न्यूनतम साधनस्रोतको अधिकतम परिचालन गरी स्थानीय आवश्यकतानुसार नागरिकलाई केन्द्रमा राखी सुशासन र सेवाप्रवाह गरिरहेको छ ।

समृद्ध र सुखी गाउँपालिका निर्माणको अभियानअन्तर्गत गुल्मीदरबार गाउँपालिकाले आ.व. ०७९।०८० को नीति तथा कार्यक्रम र बजेट निर्माण गरेको छ । गाउँपालिकाको न्यून आयस्रोतका बावजुद पनि हामीले जनताको इच्छा आकांक्षालाई पूर्ति गर्ने गरी विकास निर्माण तथा सुशासन कायम गर्न तल्लीन रहेका छौं । गाउँपालिकाका नागरिक तथा विभिन्न विद्वत् वर्गहरूको राय सुझावलाई मनन गरी नीति तथा कार्यक्रम र बजेट निर्माण गरी गाउँपालिकाका सबै नागरिकहरुलाई सुसूचित गर्नको लागि वार्षिक विकास पुस्तक प्रकाशन गर्न गइरहेको छौं । यस पुस्तक प्रकाशनले पक्कै पनि नागरिकलाई गाउँपालिकाका विभिन्न नीति तथा कार्यक्रम, बजेट, आर्थिक ऐन र विनियोजन ऐन तथा अन्य महत्त्वपूर्ण जानकारी प्राप्त हुनेछ भन्ने अपेक्षा गर्दछु । यस पुस्तक प्रकाशनमा अहोरात्र खट्नुहुने सम्पूर्ण कर्मचारीहरू एवं प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरूलाई मूरीमूरी धन्यवाद दिंदै यस पुस्तकको सफलताको शुभकामना व्यक्त गर्दछु ।

२४ कात्तिक, २०७९

तारा थापा ढुंगा
उपाध्यक्ष

मेरो भनाइ

गुल्मीदरबार गाउँपालिका जनताको नजिकको स्थानीय सरकारको रूपमा गुल्मी जिल्लामा एउटा स्थापित स्थानीय तहको रूपमा रहेको छ । नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार बमोजिम नागरिकलाई केन्द्रमा राखेर नागरिक केन्द्रित सेवा प्रवाह, विकास निर्माण र स्थानीय सुशासन सम्बन्धी विभिन्न कार्य गर्न पाउँदा एउटा राष्ट्रसेवकको रूपमा गौरव महशुस गरेको छु । जनताका असीमित आवश्यकताहरूलाई सम्बोधन गर्ने विषय ज्यादै कठिन र चुनौतीपूर्ण हुँदोरहेछ । यस्तो कठिन र चुनौतीपूर्ण कार्यलाई आत्मसाथ गर्दै गुल्मीदरबार गाउँपालिकाले आफ्नो सीमित स्रोत साधनलाई जनताको बृहत्तर हितको लागि अधिकतम् परिचालन गरी सुखी, खुसी, समुन्नत र समृद्ध गाउँपालिका निर्माणको अभियानमा गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारीहरू कटिवद्ध र प्रतिवद्ध भएर निरन्तर सेवारत भइरहँदा आत्मसन्तुष्टि मिलेको महशुस गरेको छु ।

गुल्मीदरबार गाउँपालिकाको वार्षिक विकास योजना वस्ती/टोलस्तरदेखि स्थानीय जनतासँग छलफल परामर्श गर्दै योजना तथा कार्यक्रम छनौटमा जनताको Voice and Choice लाई मध्यनजर गरी तय गरिएको छ । गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्न अवसर प्रदान गर्नुहुने गाउँपालिकाका आदरणीय अध्यक्षज्यू, उपाध्यक्षज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, समय समयमा महत्त्वपूर्ण राय सुझाव दिनुहुने राजनीतिक दलका विद्वत् वर्गहरू, गाउँपालिकाका विद्वत् वर्गहरू, पत्रकार, पुस्तक निर्माणको लागि अहोरात्र खट्नुहुने सम्पादन मण्डलका साथीहरू र गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरूप्रति विशेष धन्यवाद ज्ञापन गर्दै गाउँपालिकाको दशौं गाउँसभाबाट पारित भएका नीति तथा कार्यक्रम, बजेट (रातो किताब), विनियोजन ऐन २०७९, आर्थिक ऐन २०७९, गाउँपालिकाका जनप्रतिनिधिज्यूहरूको सम्पर्क विवरण, कर्मचारी, स्वास्थ्यकर्मी, विद्यालयका प्र.अ., सहकारी संस्था तथा विद्यालय व्यवस्थापन समितिहरूको सम्पर्क विवरणसहितको यस पुस्तकले आम सरोकारवालाहरूलाई गाउँपालिकाको कार्यक्रम र बजेटमा पहुँच पुर्याई पारदर्शिता र सुशासन कायम गर्न सहयोग पुग्ने अपेक्षा गर्दै गाउँपालिकाको बृहत्तर हितको लागि सम्पूर्ण महानुभावहरूबाट तन, मन र कर्मले साथ र सहयोग प्राप्त हुने नै छ भन्ने अपेक्षा गर्दछु । हजुरको जय होस्, जय गुल्मीदरबार !

२४ कात्तिक, २०७९

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्षद्वारा पदभार ग्रहण

उपाध्यक्षद्वारा पदभार ग्रहण

गाउँसभा अध्यक्ष

दशौं गाउँसभा उद्घाटन समारोह

गुल्मीदरबार कृषि तथा पशु उद्यम परियोजना सम्झौता कार्यक्रम

गाउँसभा सचिव

सम्मान कार्यक्रम

सार्वजनिक सुनुवाइ

गाउँसभा अध्यक्ष, उपाध्यक्ष र सचिव

गुल्मीदरबार दर्पणको विमोचन

नयाँ जनप्रतिनिधिको सपथ ग्रहण कार्यक्रम

गाउँसभाको उपस्थिति

कृषक सम्मान कार्यक्रम

नयाँ जनप्रतिनिधिको सपथ ग्रहण कार्यक्रम

योजना सम्झौता तथा अनुशिक्षण कार्यक्रम

योजना सम्झौता तथा अनुशिक्षण कार्यक्रम

अमरअर्वाथोक स्वास्थ्य चौकी भवनको उद्घाटन कार्यक्रम

अध्यक्षको पदभार ग्रहणपछिको पहिलो काम

गाउँपालिकामा कार्यरत कर्मचारीहरू

स्वास्थ्यसेवा दिवस विशेष कार्यक्रम

विद्यार्थीसँग गाउँपालिका कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत गोरेटोबाटो मर्मत

वथवाखोला खानेपानीको उद्घाटन कार्यक्रम

नवौं गाउँसभामा सम्मानित कर्मचारीहरू

अचार बनाउने तालिम समापन

महिला नेतृत्त्व तथा संस्थागत विकास कार्यक्रम

कृषक सम्मान कार्यक्रम

नयाँ जनप्रतिनिधिहरूलाई बधाई तथा प्रमाण-पत्र वितरण कार्यक्रम

जेष्ठ नागरिक सम्मान कार्यक्रम

गुल्मीदरबार गाउँपालिकाको अवस्थिति चित्र



गाउँपालिकाको संक्षिप्त परिचय

नेपाल संघीय संरचनामा मिति २०७३/११/२७ मा तीन तहको सरकारको रूपमा रुपान्तरण भएसँगै स्थानीय सरकारको रूपमा ऐतिहासिक, धार्मिक, साँस्कृतिक र भौगोलिक महत्त्व बोकेको गुल्मीदरबार गाउँपालिकाको स्थापना भएको हो । साविकको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने लुम्बिनी अञ्चलमा अवस्थित जिल्ला गुल्मी जिल्लाका १२ वटा स्थानीय तह मध्येको एक स्थानीय तह गुल्मीदरबार गाउँपालिकामा साविकका ६ वटा गाउँ विकास समितिहरू –बलिथुम, जुभुङ्ग, गौंडाकोट, वीरबास, अमरअर्वाथोक र दरबारदेविस्थान संयोजन भई ७ वटा वडाहरूको स्थानीय तह बनेको छ ।

ऐतिहासिक पृष्ठभूमि

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट करिब १५ कि.मि. को दुरिमा रहेको यस गुल्मी दरबार गाउपालिकाको आफ्नै ऐतिहासिक पृष्ठभूमी छ । यस गाउँपालिकाको पश्चिम दक्षिण तर्फ करिब ७ कि.मि. को दुरिमा ऐतिहासिक गुल्मीदरबार अबस्थित छ । सोही स्थानको नामबाट गुल्मी जिल्लाको नाम र यस गाउँपालिकाको नाम रहन गएको हो । गुल्मीदरबार रहेको सो स्थानलाई गुल्मी चारपाला पनि भनिन्छ । सो दरबारको ३ तलामाथि इष्टदेवि ईश्वरीको मन्दिर छ, उनको पूजा शारदिय तथा बसन्त गरी २ पटक हुने गर्दछ । यसै मन्दिरका कारणले गुल्मी प्रख्यात छ ।

इतिहास विद राजराम सुवेदीका अनुसार खास गुल्मीका राजाको राज्यस्थल चारपालालाई भनिन्थ्यो । हनुमान ढोकालाई काठमाडौं भने जस्तै चारपाला इकाईलाई गुल्मी भनिएको हो । गुल्मी चारपालामा क्रमशः पाल्पाथोक, अर्बाथोक, गलामथोक तथा मुसिकोटथोक गरी ४ वटा पाला थिए भने यिनका अतिरिक्त उप्रिकोटथोक एउटा छुट्टै प्रशासनिक इकाई थियो । यसरी गुल्मीमा ९८ मौजा थिए भने प्रत्येक मौजामा जिम्मावाल र मुखियाले स्थानीय नेतृत्वको रूपमा काम गर्ने चलन थियो । गुल्मी चारपाला दरबारमा राजाको बास हुन्थ्यो र त्यसैलाई गुल्मी राज्यको राजधानी भनिन्थ्यो ।

गुल्मीचारपाला अन्तरगत पाल्पाथोकमा म्यालडाँडा, खोर्लेया, धरमपानी, जामुने, खिलु, गुरुमथुम, अमराइ, बेलपोखरा, धायरचौर, क्वादी, बगैचा, गाउचौर, बानपोखरा, फर्सवा, आप्पाटा, कल्टुङ्ग, चतुरडाडा पर्दथे । अमर अर्बाथोक अन्तरगत कुन्थोक, डाँडापोखरी, तल्लो हटिया, नेटाखर्क, हरिथुम, गाउँचौर, बेग्रु, सिलथुम, तोस, गौरिपोखरा, रानाटोला, अडडाडा, ग्वालीनचौर, ढुग्रेरीपाखा, बाख्रे, अर्जयाङ्गबास, चिल्रेडाँडा, नरम र चिस्तु पर्दथे । गलामथोक अन्तरगत उपल्लो हटिया, दमाइटोल, काफलचौर, म्यालडाँडा, गैराखर्क, सल्लेरी, जोर्तेपोखरा, बगैचा, स्यालापानी, ढ्याखर्क, तिर्तिरे, पिरिडाँडा, चौका, कुबिण्डे रिपाहाटोल रोहटेपानी, उखाप, लाम्डाँडा, कोलहर, चौर, डाव, घोर्ले, कल्लेरी, गौरादी, भलायचौर, सिवु, चनौपाटा, खर्सशारुटोल, अमलेखर्क, रिमी, बोटे र रुमाखर्क पर्दथे । मुसिकोटथोक अन्तरर्गत देउराली, चितपानी, बाँसडाँडा, साजर, कारपाटा, बड्डाँडा, खोला, माझपोखरी, अर्खले, तोलङ्गा, पेखनपोखरा, गौरादी, कुँडापानी, गौडाकोट, काउले, ढाव, जैसिपोखरा, लाम्डाँडा, बजारमारे, डुम्रिपोखरा, खिर्तिप, ठूलाचौर, ठूलोपोखरा, उप्रीकोट, बाजाबारी, डोहोटा, सातघर, भुटुका, वीरबास, रुमाखर्क, बदरखुट्टा, दह, राजा, म्यालपोखरी,

बौदी, कोलघर, राङ्गबास, खनियाबास, ठूलाखर्क, चिदिका दौघा, खज्र्याङ्ग, मानकोट, धरमपानी, दुम्सीकोट, रिडी, वाङला, अर्घातोस, धैरेनी, ठूलापोखरा, केरुङ्गा बल्कोट, मेहेलटुप्पा, हाँडिकोट, बडडाडा, घोर्ले, दुबिचौर, उर्लेनी, कल्लेरी, बसारी, तम्घास र अर्खले आदि पर्दथे ।

गुल्मी राज्यको स्थापनाकाल वि.स. १४९३ मा भएको कुरा बर्णन गरिएको छ । गुल्मीराज्यको राजवंशावली अनुसार त्यहाका पहिला राजा वीर शाह भएको जानकारी पाइन्छ । त्यसपछि क्रमशः रुद्र शाह, किर्ति शाह, शाही शाह, कृतिकल्याण शाह, सत्यधन शाह, शक्तिप्रचण्ड शाह भए । त्यस्तै अर्जुनको लेखमा कैतव्य राजा वडा व्यभिचारी थिए, जसले वरियातकी बेहुलीको सतित्व हरण गर्दथे । त्यसकारण उनको अत्याचार हटाउन शाही ठकुरी राजाहरूलाई गुल्मीकाराजा बनाइएको जनश्रुति समेत रहेको छ ।

हालसम्म प्राप्त स्रोतहरूका आधारमा गुल्मीका पहिला राजा विर शाह रहेको पाइएको छ । त्यस कुरालाइ पुष्टी गर्ने वि.स. १४९३ को रुक्का पत्रमा "अघि गुल्मीका राजा विर शाहले रजस्थल चारपालाका गाई गोठ राख्नलाई भन्दा रेसुङ्गा वन गौविर्ता दिन्छु भनि चारपालाका थरि, भलादमी, गुरु, पुरोहित समेतले यो रेसुङ्गाका लेकमा गो चार किल्ला बाधि" भन्ने उल्लेख भएबाट गुल्मीका पहिला राजा बिर शाह भएको स्पष्ट हुन आउछ ।

वीर शाहको शासनकाल पछि राजा रुद्र शाह ले शासन गरेका थिए, उनका ३ वटी रानी (पत्नीहरू) यशोधरा, नीलावती र मालती थिए । रुद्र शाह राजा बिरशाह का छोरा थिए । बडीघाटको मुहान रुद्रताल (ढोरपाटन)सम्म यिनले आफ्नो राज्य बिस्तार गरेका हुनाले त्यस ताललाई रुद्रताल, बडीघाटलाई रुद्रावती र कालिका मिसिदाको घाटलाई रुद्रबेणी भन्ने नाम दिइएको देखिन्छ । राजा रुद्र शाह पनि बाबुजस्तै धार्मिक थिए । उनले रुद्रबेणीमा रुद्रेश्वर महादेव स्थान निर्माण गरेका थिए । जो भग्न अवस्थामा थियो । आजकल बडिघाट खोलाले बगाएकोले त्यहाँ बगर छ। त्यसकै पश्चिमपट्टि रुखमात्र बाँकि छ । राजा रुद्र शाहकालिन गुल्मी राज्यको चौकिल्ला निम्नानुसार थियो ।

पूर्व	: रिडी खोलादेखि बल्डेङ्गगडीको सीमानासम्म ।
पश्चिम	: मथुरा खोलाको सीमानासम्म ।
उत्तर	: हुग्दिसिर, बा–ह्रकोट, शान्तिपुर र ढोरपाटनसम्म ।
दक्षिण	: अँगाहखोला र रिडिखोलाको पानीढाल ।
आग्नेय	: रिडिखोला र कालिको साँध ।
नैऋत्य	: सिस्नेखोला ।
बायब्य	: हर्सेकोट, वाग्लुङ्गको ढोरपाटनसम्म ।
इशान्य	: कालिगण्डकीको सीमाना ।

रुद्र शाहपछि किर्ति शाहले शासन गरे त्यसपछि को-कोले शासन गरे भन्ने आधार पाइएको छैन, वि.सं. १७०३ मा राजा शाहि शाह को अत्यन्तै महत्त्वपूर्ण अभिलेख पाप्त भएको थियो । "(१) श्री हनमे कसद्रर सवाण शशांके श्रीसम्वत १७०३ सयले आषाढ सद्रदि ३ श्रीमहारा जाधिराजमत्साहि साहिदेवानाम् (२) विनयसिंह सिल्पीना कृतं गृहमिदं" यस अभिलेखबाट गुल्मी का राजा शाही शाहले आफ्नो लागी बिशाल दरबार बनाउन लगाएको बुझिन्छ ।

उनले बनाएको त्यो बिशाल दरबार विक्रम संवत १९९० सालको भुकम्पले भत्काएर भग्न पारेको थियो त्यस पछि २०२६ सालमा जीर्णोद्धार गरिएको थियो । शाही शाहपछि क्रमशः कीर्तीकल्याण शाह, सत्यधन शाह, शिवनारायण शाह, माहादत्त सेन, पृथ्वीपाल सेन, सिद्धिप्रताप शाह, शक्तिप्रचण्ड शाह, नरभुपाल शाह र थम्मन बहादुर शाह ले शासन गरेको इतिहास भेटिन्छ । दरबार जिर्ण अवस्थामा पुगेपछि उक्त दरबारको छाना टिनले छाइएको थियो भने बाहिरी भित्तामा प्लास्टर गरिएको थियो । पुरातात्वीक बिभागबाट दरबारलाई बढी कृतिम बनाउनु उपयुक्त हुदैन भन्ने सुझाब आएपछि श्री अशोक कुमार थापा (हाल यसै गाउँपालिका अध्यक्ष)ज्यूको अध्यक्षतामा गठित गुल्मीदरबार क्षेत्रका पर्यटकीय पूर्वाधार बिकास समितिबाट मिति २०६९/०१/०१ देखि ०७०/०३/३१सम्म निमार्णकार्य सम्पन्न गरी पुरानै कलाकृतिले सुसज्जीत दरबारको रूपमा जिर्णोद्धार कार्य सम्पन्न गरिएको हो । बाइसे र चौबिसे राज्यको अन्त्य संगै देशमा राजनैतिक विभाजन हुने क्रममा १४ अञ्चल ७५ जिल्ला बनाउदा यसै गुल्मी दरबार को नामबाट गुल्मी जिल्लाको नामाकरण भएको थियो । अहिले गणतन्त्रको कार्यान्वयन संगै स्थानीय तहको नामाकरण गर्दा पनि सोही गुल्मीदरबारको नामबाट यस गुल्मीदरबार गाउँपालिकाको नामाकरण गरिएको हो ।

२. भौगोलिक विभाजन

यस गुल्मीदरबार गाउँपालीकाको गठन गर्दा साबिक बलिथुम गा.वि.स. लाई वडा न –१, जुभुङ्ग गा.वि.स. –२, गौडाकोट गा.वि.स.–३, वीरबास गा.वि.स.–४, अमरअर्बाथोक गा.वि.स.–५, दरबारदेविस्थान गा.वि.स. वडा नं.४, ७–९ लाई वडा नं. ६ र दरबारदेविस्थान गा.वि.स. वडा नं. १–३, ५ र ६ लाई वडा नं. ७ बनाई जम्मा ७ वटा वडामा विभाजन गरिएको छ । यसको पूर्व पट्टि रुद्रावति नदी, पश्चिमतर्फ बठोवा खोला र केदुवा खोला, उत्तरतर्फ रेसाकोल र दक्षिणतर्फ बाख्रेखोला पर्दछन ।

३. जनसंख्या

यस गाउँपालिकाको कुल जनसंख्या २०६८ सालको जनगणना अनुसार २२,०३७ रहेको छ । सो मध्ये १२,८५५ महिला र ९,१८२ पुरुष रहेका छन । गाउँपालिकाको वस्तुस्थिती विवरण अनुसार हालको जनसंख्या २५,४६९ रहेको छ । जसमा महिला १४,८२७ र पुरुषका १०,६४२ छन् ।

४. भौतिक पूर्वाधार

गुल्मीदरबार गाउँपालिकामा घुम्तीदेखि वीरबाससम्मको मुख्य मोटरबाटो कालोपत्रे भइसकेको छ । खज्र्याङ्ग देखि मजुवासम्मको मोटरबाटोको कालोपत्रे गर्ने कार्य भइरहेको छ । प्रत्येक वडामा कम्तिमा जिप चल्न सक्ने मोटरबाटोहरू पुगिसकेका छन । ३ वटा पक्की पुल छन भने ३ वटा कच्ची पुल रहेका छन । गाउँपालिकाको आफ्नै भवन नभए पनि वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य चौकी भवनहरू निर्माण भएका, केही निर्माणाधिन अवस्थामा रहेका छन् । विद्युतीकरण तर्फ गाउँपालिकाका सबै वडाहरूमा केन्द्रिय विद्युत तथा सामुदायिक विद्युत सेवा पुगेको छ । अधिकांश काठका पोलहरू विद्यमान रहेको अवस्थामा स्टिल पोल व्यवस्थापन गर्ने कार्य भइरहेको छ ।

५. शिक्षा

२०७२ साल आषाढ २६ गते गुल्मी जिल्ला पूर्ण साक्षर जिल्ला घोषणा भइसकेको हुँदा स्वभाविक रूपमा यस गाउपालिका पनि पूर्ण साक्षर भैसकेको छ । यस गाउँपालिका भित्र प्राथमिक तहदेखि माध्यमिक तहसम्म सरकारी तथा नीजि शैक्षिक संस्थाहरू रहेका छन । यस गाउँपालिकामा स्नातक, स्नाकोत्तर र सो भन्दा माथिका शिक्षण संस्था छैनन् । यहाँ १ वटा पशु शिक्षालय रहेको छ । यहाँ भएका शिक्षण संस्थाहरू मध्ये माध्यमिक, निम्न माध्यमिक, प्राथमिक, बाल शिक्षा गरी जम्मा ३८ विद्यालय तथा नीजि विद्यालय र सामुदायिक अध्यनकेन्द्र रहेका छन् । गाउँपालिकामा उच्च शिक्षाको लागी एउटा क्याम्पस र अन्य प्राविधिक शिक्षालयको आवश्यकता रहेको छ ।

६. स्वास्थ्य

सबैका लागि सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने राष्ट्रिय नीति भए पनि यस गाउँपालिका भित्र कुनै अस्पताल छैन । यस गाउँपालिका को वडा नं. ६ मा स्वास्थ्य चौकीको स्थापना नभएता पनि आधारभूत स्वास्थ्यकेन्द्र र सामुदायिक स्वास्थ्य इकाई मार्फत सेवा उपलब्ध गराइएको छ । स्वास्थ्य संस्थाहरूमा ६ वटा स्वास्थ्य चौकि, ४ बर्थिङ्ग सेन्टर, १४ गाउँघर क्लिनिक र २३ खोप क्लिनिक रहेका छन । यस पालिकामा १५ शैयाको पालिकास्तरको अस्पताल स्थापना गर्न आवश्यक पहल भइरहेको अवस्था छ साथै २ वटा स्वास्थ्य चौकिलाई तत्काल स्तरबृद्धि गरी प्राथमिक स्वास्थ्य केन्द्रमा परिणत गर्नुपर्ने अवस्था छ ।

७. कृषि

यस गुल्मीदरबार गाउँपालिकाको उपल्लो क्षेत्र र मध्यम क्षेत्रमा सिंचाइको अति नै समस्या रहेको छ । अधिकाशं जमिनमा वर्षे मौसममा मकै बाली खेति गरिन्छ । सिंचाइको समस्याका बावजुत पनि यस क्षेत्रका ब्यवसायिक कृषक, कृषक समूह, सहकारीहरूले प्लाष्टिक पोखरी र पोलिटंकीमा आकाशको पानी संकलन, लिफ्टिङ सिंचाइ आदिको ब्यवस्था गरी ब्यवसायिक रूपमा तरकारी उत्पादन तथा बिक्री गरी आम्दानी गरिरहेका छन् । यस गुल्मीदरबार गाँउपालिकामा उपल्लो क्षेत्र लेक, मध्यम क्षेत्र र तल्लो बेसी रहेको र तरकारी, खाद्यान्न, फलफूल, मसलाबाली आदिको उत्पादनका लागि उर्वर भूमी भएकोले कृषक समूह, सहकारीहरूलाई उचित तालिम, सिंचाइ, उन्नत बिउ, मल, उन्नत कृषि सामाग्री आदिको ब्यवस्था मिलाउन सकेमा यस ठाउँका कृषकहरू ब्यवसायिक कृषिमा आकर्षण भई आफ्नै देशमा रोजगारीको अवसर सृजना हुने देखिन्छ ।

८. मुख्य बालीहरू :

उपल्लो क्षेत्रमा : जुभुङ्ग, गौडाकोट, दरबारदेविस्थान, बलिथुममा मकै, अदुवा, बेसार, सिमी, तरकारी, फापर, कोदो आदी ।

मध्यम क्षेत्रमा : दरबारदेविस्थान, वीरबास, जुभुङ्ग, गौडाकोट बलिथुममा मकै, तोरी, तरकारी, अदुवा, बेसार, सुल्तला, कागती, मौसम आदि ।

तल्लो क्षेत्र : अमर अर्वाथोक, दरबारदेविस्थान, वीरबास, जुभुङ्ग, बलिथुममा धान, बशन्ते मकै, बेमौसमी तरकारी, मसुरो, गहुँ, माछापालन आदि ।

९. हालसम्म संचालित तथा सम्भावित पकेट क्षेत्रहरू :

सुन्तला, कागती उत्पादन	: बलिथुम, जुभुङ्ग झिरवास, गौडाकोट र वीरबास
मौरी पालन	: बलिथुम, जुभुङ्ग, वीरबास
तरकारी बाली	: दरबारदेविस्थान, गौडाकोट, वीरबास, अमरअर्वाथोक, जुभुङ्ग, बलिथुम
मकैबाली बीउ उत्पादन	: गौडाकोट, दरबारदेविस्थान र अमरअर्वाथोक
धान बाली उत्पादन	: अमरअर्वाथोक, दरबारदेविस्थान, जुभुङ्ग, बलिथुमको तल्लो क्षेत्र
कफी उत्पादन	: जुभुङ्ग, दरबारदेविस्थान, बलिथुम
माछा पालन	: अमरअर्वाथोक, दरबारदेविस्थान, जुभुङ्ग र बलिथुम
बशन्ते मकै	: जुभुङ्ग घोराहा, बलिथुम टारी
आलु बाली हिउदे	: अमरअर्वाथोक, जुभुङ्ग, बलिथुम र दरबारदेविस्थानको बेसी क्षेत्र–सम्भावित

१०. समूह/सहकारीहरू :

१. समूह संख्या : २३ वटा
२. सहकारी संख्या : २० वटा
३. तरकारी संकलन केन्द्र : २ वटा

११. यस क्षेत्रका स्थानीय बजारहरू :

१. वडा नं. १ मा नेटा बजार
२. वडा नं. २ मा हटिया बजार, काभ्रेपोखरी
३. वडा नं. ३ मा नेटा, राजा, गौडाकौट बजार
४. वडा नं. ४ मा वीरबास बजार
५. वडा नं. ५ मा गण्डकी दोबाटो, तल्लो हटिया
६. वडा नं. ६ मा चिलाउने पोखरी, उपल्लो हटिया
७. वडा नं. ७ मा ठूलाचौर, ठूलापोखरा

१२. अन्य नजिकका बजारहरू

१. तम्घास बजार
२. मजुवा बजार
३. खर्ज्याङ्ग बजार

१३. गुल्मीदरबार गाउँपालिकाको राजनैतिक विभाजन तथा सीमाना

प्रदेश	: लुम्बिनी
जिल्ला	: गुल्मी
गाउँ कार्यपालिकाको कार्यालय	: गौंडाकोट
वडा संख्या	: ७

<u>भौगोलिक अवस्था तथा सीमाना</u>

क्षेत्रफल	: ७९.९९ वर्ग किलोमिटर
पूर्व	: छत्रकोट र चन्द्रकोट गाउँपालिका
पश्चिम	: रेसुङ्गा नगरपालिका
उत्तर	: चन्द्रकोट गाउँपालिका र मुसिकोट नगरपालिका
दक्षिण	: छत्रकोट गाउँपालिका र अर्खाखाँची जिल्लाको छत्रदेव गाउँपालिका

१४. सम्भावना तथा चुनौती

गुल्मीदरबार गाउँपालिका आर्थिक समृद्धिको संभावना बोकेको गाउँपालिका हो । यस क्षेत्र सुन्दर तपोभूमि रेसुङ्गाको काखमा अवस्थित रहेको छ र रेसुङ्गा धार्मिक ऐतिहासिक सांस्कृतिक महत्त्व बोकेको तिर्थस्थल, पर्यटकीय स्थल भएको र सो क्षेत्रको मार्ग गुल्मीदरबार गाउँपालिका अन्तर्गत बन्दै गरेको तथा पर्यटन प्रवर्धन गर्न सकिनेछ । गाउँपालिकाको विशिष्ट भौगोलिक वनाबट, उपलब्ध प्राकृतिक साधन स्रोत, जातीय विविधता, निर्माण भइसकेका विकासका न्यूनतम पूर्वाधारहरू र अन्य सवल पक्षहरूलाई आत्मसात गर्दै, गाउँपालिकाको बृहत्तर हितको निमित्त आवश्यक गुरुयोजनाको अभाव, आवश्यकता अनुरूपको पर्याप्त जनशक्तिको अभाव, पहाडी तथा छरिएर रहेको बस्ती , विसम किसिमको हावापानी, कठिन भौगोलिक बनावट, खानेपानीको समस्या, नदी कटान, भूक्षय, आदि समस्याहरू र अवरोधहरूलाई चिर्दै, भौगोलिक एवं विविधता अनुरूपका पूर्वाधार एवं सामाजिक विकास, नीति, योजना र कार्यक्रम तर्जूमा गरी सार्थक र अर्थपूर्ण परिणाम आउने गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न, उपलब्ध जनशक्तिको क्षमता विकास गरी परिचालन गर्न एवं सक्षम जनशक्तिलाई आकर्षित गर्न, विभिन्न किसिमका प्रकोपको प्रभावकारी व्यवस्थापन, नागरिक मैत्री ढंगबाट गाउँपालिकाको संस्थागत विकास, साधनस्रोतको दिगो परिचालन गर्ने विद्यमान चुनौतिलाई अवसरको रूपमा ग्रहण गर्नुपर्ने देखिन्छ ।

“सबल, सक्षम उत्थानशील स्थानीय सरकार; समृद्ध र समुन्नत हाम्रो गुल्मीदरबार”

गुल्मीदरबार गाउँपालिकाको

आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम

नेपालको संविधानको मूल मर्म समन्वय, सहकार्य र सहअस्तित्वलाई आत्मसाथ गरी स्थानीय सरकारहरूले कार्य सम्पादन गरीरहेका छन्। गुल्मीदरबार गाउँपालिकाले जनतालाई केन्द्रमा राखी नीति तथा कार्यक्रमहरू संचालन गरी जनउत्तरदायी सरकारको रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ। जनताको लोकतान्त्रिक जनमैत्री स्थानीय सरकार निर्माणको लागि मिति २०७९ वैशाख ३० गते स्थानीय तह सदस्यको निर्वाचन सम्पन्न भई नयाँ स्थानीय सरकार गठन भएको सन्दर्भमा गुल्मीदरबार गाउँपालिकाले सबल, सक्षम, समुन्नतस्थानीय तहको रूपमा स्थापित गर्दै **"सुखी र समृद्ध गाउँपालिका"** निर्माणको अभियानमा लम्किरहेको अवस्थामा गाउँसभाको दशौं अधिवेशनको पहिलो बैठकमा आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म हर्ष विभोर भएको छु।

कोभिड-१९ को बढ्दो संक्रमणको कारण उत्पन्न आर्थिक शिथिलताले समग्र देशको अर्थतन्त्रलाई गम्भीर प्रभाव पारिरहेको सन्दर्भमा हाम्रो गाउँपालिकामा समेत त्यसको प्रत्यक्ष प्रभाव पारेको यहाँहरूलाई विदित छ। कमजोर अर्थतन्त्रको बावजुद गाउँपालिकाको बृहत्तर हितको लागिगाउँपालिकाले विभिन्न विद्धत वर्ग, व्यवसायी, संचारकर्मी, राजनीतिक दल, नागरिक समाज, शिक्षक कर्मचारी विभिन्न संघ संस्था र गाउँपालिकाका विभिन्न महानुभावहरूको महत्त्वपूर्ण राय सुझाव समेतलाई मध्य नजर गर्दै नीति तथा कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाको सीमित स्रोत साधनलाई अधिकतम परिचालन गरी पूर्वाधार निर्माण, सुशासन, स्वास्थ्य, शिक्षा, कृषि, विपद् व्यवस्थापन लगायतका क्षेत्रहरूलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

गाउँपालिकाको सीमित स्रोत साधनका बावजुद गुल्मीदरबार गाउँपालिकाबासीको विकास निर्माणका चाहनाहरूलाई पूर्ति गर्न सुखी र समृद्ध गाउँपालिका निर्माणको महानअभियानमा एकजुट भई अघि बढ्नका लागि गाउँपालिकाका सम्पूर्ण नागरिकहरू, राजनीतिक दलहरू, जनप्रतिनिधिहरू, नागरिक समाज, गाउँपालिकाको बौद्धिक वर्ग, पत्रकार, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ संस्थाहरूलाई हार्दिक अपिल गर्दछु। नीति तथा कार्यक्रम तय गर्दा विगतका वर्षहरूको अनुभव, विभिन्न महानुभावहरूले दिनुभएको अमूल्य राय सुझाव, गाउँपालिकाका विभिन्न विषयगत समितिहरूको सिफारिस समेतको आधार लिइएको छ। नीति तथा कार्यक्रम निर्माणमा अमूल्य सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूमा हार्दिक आभार व्यक्त गर्दछु।

यस सभामा आउने सकारात्मक सुझावहरूलाई मार्गदर्शक सिद्धान्तको रूपमा समावेश गरी यो नीति तथा कार्यक्रम यस गरिमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ यस गरिमामय सभामा आगामी आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।

विद्यमान परिवेश :

राजनीतिक :

गुल्मी जिल्लाको ऐतिहासिक स्थल गुल्मीदरबार (चारपाला दरबार) को नामबाट गुल्मी जिल्ला र यस गाउँपालिकाको नामाकरण गरेको पाईन्छ ।लुम्बिनी प्रदेशको गुल्मी जिल्लामा अवस्थित गुल्मीदरबार गाउँपालिकामा साविकका ६ वटा गा.वि.स. (बलिथुम, जुभुङ्ग, गौँडाकोट, विरबास, अमरअर्वाथोक र दरबारदेविस्थान) लाई ७ वडामा विभाजन गरिएको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र नं. १ (क) मायो गाउँपालिका अवस्थित छ। यस गाउँपालिकाको पूर्व तर्फ छत्रकोट र चन्द्रकोट गाउँपालिका, पश्चिम तर्फ रेसुङ्गा नगरपालिका, उत्तर तर्फ चन्द्रकोट गाउँपालिका र मुसिकोट नगरपालिका र दक्षिण तर्फ छत्रकोट गाउँपालिका र अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका पर्दछन् भने यो गाउँपालिका ७९.९९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।

विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्त्वपूर्ण प्रयास, अवसर तथा चुनौती

विद्यमान अवसरहरू

- ऐतिहासिक तथा धार्मिकस्थलहरू सहितको गाउँपालिका भएकोले धार्मिक पर्यटनलाई टेवा पुऱ्याउन सकिने,
- गुल्मीजिल्लाको ऐतिहासिक गुल्मीदरबार यसै पालिकामा रहेको हुँदा पर्यटकीय क्षेत्रको सम्भावना,
- मनोरम दृष्यावलोकन गर्न सकिने आकर्षक पर्यटकीय स्थलहरू भएको,
- दूध, माछा, मासु, पशुपालन, तरकारी, मकै, धान, मह उत्पादनमा आत्मनिर्भर हुने सम्भावना रहेको,
- विभिन्न जातजातिहरूको बसोबास स्थल रहेको हुँदा विविध कला संस्कृतिहरूले भरिपूर्ण रहेको,
- गाउँपालिकाको सीमानामा रहेको बढीघाट र खर्ज्याङ्ग खोलामा ऱ्याफ्टिङ्गको सम्भावना भएको।

विद्यमान चूनौतिहरू

- गाउँपालिकामा रहेको भूमिको सही ढंगले उपयोग गरी अधिकतम लाभ लिन नसकिएको,
- गाउँपालिकाको भौगोलिक विकटता र छरिएर रहेको वस्ती,
- नागरिकको प्रविधिको प्रयोगमा कम पहुँच,
- गाउँपालिकाको न्यून आन्तरिक आम्दानी,
- सीमित प्राकृतिक स्रोत साधन,
- आफ्नै प्रशासकीय भवनको अभाव,
- नागरिकको अपेक्षा अनुसार कार्य गर्न पर्याप्त बजेट नहुनु,
- व्यवस्थित खानेपानीको समस्या,

- बजेटको लागि संघ र प्रदेश सरकारमा निर्भर हुनुपर्ने,
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने न्यून समानीकरण अनुदान।

नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

१. नेपालको संविधान,

२. नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्तहरू तथा नीतिहरूलाई प्राथमिकता राखिएको छ,

३. प्रचलित कानूनी व्यवस्था,

४. पन्ध्रौ योजनाले तय गरेका लक्ष्य तथा उद्देश्यहरूलाई आधार लिएको छ,

५. दिगो विकासको लक्ष्यलाई आत्मसाथ गरिएको,

६. मध्यमकालिन खर्च संरचनाको मर्मलाई आत्मसाथ गरिएको,

७. राष्ट्रिय, प्रदेश र स्थानीय नीति योजना र लक्ष्य,

८. स्थानीय सरकारको हालसम्मको अनुभव तथा सिकाइ,

९. स्थानीय आवश्यकताको विश्लेषण गरिएको,

१०. विभिन्न विद्वत् वर्गहरूको राय सुझाव,

चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण

भौतिक उपलब्धी

१. गुल्मीदरबार गाउँपालिकामा १५ शैयाको आधारभूत अस्पताल निर्माणको कार्य अगाडि बढाइएको।

२. गाउँपालिकाको सबै वडा र टोल वस्तिहरूमा मोटरबाटो विस्तार र स्तरोन्नती गर्ने कार्यभएको।

३. गुल्मीदरबार गाउँपालिकाको सबै वडा कार्यालयहरू स्थापना गरी वडा कार्यालयलाई प्रभावकारी रूपमा संचालन गरिएको।

४. आफ्नै भवन नभएका वडा कार्यालयहरूलाई आफ्नै भवन निर्माणको प्रक्रियाहरू गरिएको।

५. नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सबै वडाहरूमा आधुनिक स्वास्थ्य चौकी निर्माण गर्ने नीति अनुरूप सबै वडामा स्वास्थ्य चौकी निर्माणका कार्यहरू भइरहेका छन्। वडा नं. ४ मा भवन निर्माण कार्य भइरहेको छ भने अन्य वडाहरूमा भवन निर्माण कार्य सम्पन्न भएका छन्।

६. सुविधासम्पन्न विद्यालय भवन निर्माण गर्ने नीति अनुरूप गाउँपालिकाका विभिन्न विद्यालय भवन निर्माणका कार्यहरू भइरहेका छन्।

७. गाउँपालिका भित्र ठूला खानेपानी योजना अन्तर्गत खहरे खानेपानी तथा अमर अर्वाथोक लिफ्ट खानेपानी योजना सम्पन्न भई एक घर एक धारा कार्यान्वन भएको, अर्वाङ्गदि गैरा लिफ्ट खानेपानी, भलायचौर लिफ्ट खानेपानी, बठवाखोला लिफ्ट खानेपानी, बोटेपुच्छार सुपलेघाट लिफ्ट खानेपानी, झाक्रेपानी लिफ्ट खानेपानी, नुनथला लिफ्ट खानेपानी, मल्दी लिफ्ट खानेपानी र खोरिया खोल्सी लिफ्ट खानेपानी सम्पन्न हुने गरी कार्य भएको।

८. वडा नं. ५-४-२ जोड्ने खर्ज्याङ्ग-बाख्रे-बन्द्रखुट्टा-वीरबास-सिस्ने-जुभुङ्ग मोटरबाटो, वडा नं. १ र २ को झिरबास-नेटा-टापु-रैनादी-डल्लीखोला, वडा नं. ६ र ५ को उपल्लो हटिया-चिनिया पोखरी-भरुवा-राङ्गबास-खर्ज्याङ्ग मोटरबाटो स्तरोन्नती बनाउने कार्य संचालन गरिएको छ ।

९. खर्ज्याङ्ग दरबार घुम्ती गौँडाकोट जुभुङ्ग मजुवा सडकको स्तरोन्नती तथा कालोपत्रे गर्न आवश्यक पहल भइरहेको।

१०. गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरिएको ।

११. एक वडा एक खेलमैदान अभियान अन्तर्गत विभिन्न वडाहरूमा खेलमैदान निर्माण कार्य अगाडि बढाइएको ।

१२. गुल्मीदरबार गाउँपालिका र अर्घाखाँचीको छत्रदेव गाउँपालिका जोड्ने निसानटारीमा ट्रस्ट बृज निर्माण सम्पन्न भएको ।

१३. चारपाला दरबार, रेसुङ्गा तपोभूमी, भुवाने पार्क, उजेलादेवी मन्दिर लगायतका विभिन्न मठ मन्दिरहरू निर्माण, मर्मत सम्भार र सौन्दर्यीकरण गरी पर्यटन पूर्वाधार निर्माण गरिएको ।

१४. नागरिकहरूको सुरक्षित आवासको लागि करिब ९७ प्रतिशत खरका छाना मुक्त गाउँपालिका बनाइएको ।

१५. राहत उद्धार कार्यलाई सहज बनाउनको लागि विभिन्न वडा वडामा हेलिप्याड निर्माण कार्य अगाडि बढाइएको ।

१६. विपद् राहत उद्धारका न्यूनतम सामग्रीहरू खरिद गरी जोहो गरिएको ।

१७. गाउँपालिकाको मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिएको ।

आर्थिक तथा सामाजिक उपलब्धी

१. कृषि र पशुपालनमा आत्मनिर्भर गाउँपालिका निर्माणको लागि रु ५ करोडको लागतमा गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना संचालन गरिएको।

२. साना कृषि विकास कार्यक्रम अन्तर्गत बाख्रा पकेट कार्यक्रम वडा नं.६ मा संचालन गरिएको।

३. गाई/भैँसी पालक कृषकहरूका गाई/भैँसी वीज वृद्धिको लागि नि:शुल्क रूपमा AI को व्यवस्था मिलाइएको ।

४. वडा नं. १, २, ४ र ५ मा बंगुर पालन कार्यक्रम संचालन गरिएको साथै वडा नं. ५ मा बंगुर स्रोतकेन्द्र स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइएको ।

५. वडा नं. २ मा बाख्रा पालन र वडा नं. ६ मा भैँसीपालन सम्बन्धी कृषक पाठशाला संचालन गरिएको।

६. कृषकहरूको समस्या पहिचान गर्दै आवश्यक परामर्श प्रदान गर्न कृषकसँग गाउँपालिका कार्यक्रम संचालन गरिएको।

७. गाउँपालिकामा साना लघुउद्यम विकासको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिएको।

८. गाउँपालिकामा उत्पादन भएका अर्गानिक कृषि उपज तथा हस्तकलाका सामग्रीहरूलाई बजारीकरण गर्नको लागि पालिका कोशेली घर र उद्यमीहरूको लागि साझा सुविधा केन्द्र संचालन गरिएको।

९. साना कृषि व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत खाद्यान्न बाली कार्यक्रम वडा नं. ६ मा र तरकारी तथा आलु खेती कार्यक्रम वडा नं. ३ मा गरी २ वटा कृषि पकेट विकास कार्यक्रम संचालन गरिएको।

१०. लुम्बिनी प्रदेश सरकारको सहकार्यकमा वडा नं. १ को शिवपुरी, टारी, बुढिचौर र माझिगाउँ र वडा नं. २ को घोराहा फाँटमा स्मार्ट कृषि कार्यक्रम संचालन गरिएको।

११. वडा नं. ४ को गरमटारीमा सुधारीएको गरा सहितको चक्लावन्दी कार्यक्रम संचालन गरिएको।

१२. वडा नं. १ मा बोटेगाउँ र कुमाल गाउँ, वडा नं. ३ को निदुर र वडा नं. ४ को वीरबास र बाख्रे, वडा नं. ५ को ग्वालीनचौरमा नमूनाको रूपमा एक घर एक करेसाबारी कार्यक्रम संचालन गरिएको।

१३. वडा नं. २, ४ र ५ माएक गाउँ एक उत्पादन कार्यक्रम अन्तर्गततरकारी खेती कार्यक्रम संचालन गरिएको।

१४. मह उत्पादनमा आत्मनिर्भर बन्न वडा नं. १, ३, ४ र ७ मा मौरी विकास कार्यक्रम संचालन गरिएको।

१५. गाउँपालिका भित्र रहेको बाँझो खेतीयोग्य जग्गा उपयोगको लागि भूमि बैंकको स्थापना गरी बाँझो जग्गाको उपयोगको कार्य अगाडि बढाइएको ।

१६. गरिबीको रेखामुनी रहेका नागरिकलाई उद्यमशील बनाई उनीहरूको आयआर्जन वृद्धि गर्नको लागि गरिबी निवारणको लागि उद्यम विकास कार्यक्रम संचालन गरिएको।

१७. जेष्ठ नागरिक तथा दलित जेष्ठ नागरिक सम्मान तथा अन्तक्रिया कार्यक्रम अन्तर्गत सबै वडामा फाइवर सिरकर ब्ल्याङ्केट उपहार प्रदान गरी सम्मान गरिएको।

१८. लैङ्गिक हिंसा विरुद्धको १६ दिनेअभियान कार्यक्रम अन्तर्गत कानुनी तथा चेतनामूलक कार्यक्रम संचालन गरिएको।

१९. महिला समूह तथा संस्थामा आवद्ध भएका महिलालाई समूह तथा सहकारी संस्था संचालन, घरेलु तथा लैङ्गिक हिंसा, नेतृत्व तथा संचार सिप, प्रजनन स्वास्थ्य, ग्रामीण व्यवसाय, महिला सशक्तीकरण लगायतका विषयमा अनुशिक्षण तालिम सबै वडामा संचालन गरिएको।

२०. टोलटोलमा प्राथमिक उपचार कार्यक्रम को पहुँच पुऱ्याउन महिला स्वास्थ्य स्वयमसेवीकाहरू र स्वास्थ्य शिक्षकहरूलाई प्राथमिक उपचार कार्यक्रम सम्वन्धी तालिम संचालन गरी प्राथमिक उपचार सामग्री सहितको किट बक्स प्रदान गरिएको।

२१. सुरक्षित प्रसुति सेवा प्रवाहको लागि बर्थिङ्ग सेन्टर संचालन गरिएको।

२२. किसोरावस्थामा हुन सक्ने शारीरिक मानसिक तथा सामाजिक परिवर्तनको कारण हुनसक्ने असहजताबाट बचाउन विद्यार्थीहरूको लागि साथी शिक्षा कार्यक्रम संचालन गरिएको।

२३. गर्भवती महिला र नवजातशिशुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै गाउँपालिकाको कोशेली वितरण, सुरक्षीत प्रसुती, सुत्केरी तथा नवशिशु भेट, स्वास्थ्य परीक्षण साथै बच्चाको तौल अनुगमनको साथै पोषणको लागि अण्डा वितरण, परिवार नियोजन, सरसफाइ जस्ता कार्यक्रमलाइ एकीकृत गरी कस्तो छ आमा कार्यक्रम संचालनगरिएको।

२४. दीर्घ रोगीका लागि निःशुल्क औषधी उपचार कार्यक्रम प्रभावकारी रूपमा संचालन गरिएको।

२५. ८४ वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरूको घरघरमै स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य परीक्षण तथा उपचार कार्यक्रम संचालन गरिएको।

२६. कक्षा १ देखि ३सम्मको स्थानीय पाठ्यक्रम तयार गरी कक्षा १ को हाम्रो गुल्मीदरबार नामक पाठ्यपुस्तक तयार गरिएको।

२७. कोभिड-१९ को कारणले गर्दा अवरुद्ध भएको शैक्षिक क्रियाकलापलाई वैकल्पिक माध्यमबाट निरन्तरता दिइएको।

वातावरणीय उपलब्धी

१. गाउँपालिकामा हरियाली र स्वच्छ वातावरण कायम राख्नको लागि वन संरक्षण तथा वृक्षारोपणको कार्य गरिएको।

२. गाउँपालिकामा ठूला योजनाहरू संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाइएको ।

३. प्रत्येक वडामा खानेपानी मुहान संरक्षणको लागि पुनर्भरण पोखरीहरू निर्माण अभियान संचालन गरिएको।

४. गाउँपालिकाका डम्पिङ्ग साइट निर्माणको लागि समपूरक अनुदानमा कार्यक्रम राखिएको ।

५. फोहोरमैला व्यवस्थापनको लागि घर घरमा कम्पोष्टमल उत्पादन गर्ने कार्य संचालन गरिएको।

संस्थागत उपलब्धी

१. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू सम्बन्धित वडाहरूमा संचालन भई नियमित रूपमा सेवा प्रवाह गरिरहेको।

२. गाउँपालिकाको गतिविधिहरूलाई सबै नागरिकहरू समक्ष पुऱ्याउनको लागि डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र, सामाजिक सञ्जाल र वेवसाइट मा सार्वजनिक गर्ने गरिएको।

३. कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई नागरिक मैत्री बनाउँदै नागरिकको सहायताको लागि नागरिक सहायता कक्ष स्थापना, चुस्त दुरुस्त र गुणस्तरयुक्त सेवा प्रवाहको लागि कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरी सुशासन कायम गर्न सफल भएको।

४. गाउँपालिकाको समग्र गतिविधिहरू समावेश गरी सबै नागरिकलाई सूचनाको पहुँच कायम गर्न मासिक रूपमा E-bulletin प्रकाशन गरिएको।

५. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरू नागरिकलाई सु-सूचित गरी जनउत्तरदायी सरकार बनाउन र जवाफदेहीता कायम गर्न विभिन्न कार्यक्रम संचालन गरिएको।

६. गाउँपालिकामा विभिन्न अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यालयबाट तथा घुम्तिसेवा मार्फत अपाङ्ग परिचय पत्र वितरण गरी गाउँपालिकाको तर्फबाट प्रदान गरिने सेवा सुविधामा पहुँच सुनिश्चित गरिएको।

७. गाउँपालिकामा महिलाको नेतृत्वमा रहेका विभिन्न संघ संस्थाहरूमा क्रियाशिल महिलाहरूलाई विभिन्न विषयमा प्रशिक्षण गरी महिला सशक्तीकरणको कार्यक्रम संचालन गरिएको।

८. गाउँपालिकामा रहेका बेरोजगारहरूको सूची EMIS Entry गरी जम्मा यस आ.व. मा २१३ जनालाई रोजगारी दिइएको।

९. प्रदेश सरकारको सहयोगमा गाउँपालिकाको WASH Plan को लागि आवश्यक तथ्याङ्क संकलन भई प्रोफाईल बनाउने कार्य गरिएको।

१०. स्थानीय सरकार गठन भएदेखि हालसम्म पूर्वाधार विकास, सामाजिक तथा आर्थिक विकास तथा संस्थागत विकासको लागि भए गरेका विभिन्न गतिविधिहरू समावेश गरी "गुल्मीदरबार दर्पण" नामक पुस्तक र भिडियो डकुमेन्ट्री निर्माण गरिएको ।

११. गुल्मीदरबार गाउँपालिकाको समग्र क्षेत्रलाई समावेश गरी गाउँपालिका पहिचान गीतको निर्माण गरिएको ।

१२. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजश्व संकलनमा अनलाइन प्रविधिको प्रयोग गरी राजश्व संकलन गर्ने व्यवस्था मिलाइएको जसले राजश्व संकलनमा पारदर्शीता कायम गरी दैनिक राजश्वको अभिलेखिकरण गर्ने कार्य गरिएको।

१३. गाउँपालिकाकालाई आवश्यक पर्ने अधिकांश जनशक्तिको पदपूर्ति भई सकेको र केही रिक्त रहेको पदमा पदपूर्ति हुने व्यवस्था मिलाइएको।

१४. राष्ट्रसेवक कर्मचारीहरूको मनोवल उच्च राखी सेवा प्रवाहलाई छिटो छरितो र सेवाग्राही मैत्री बनाउने उद्देश्यले कार्य सम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिएको।

१५. गाउँपालिकाका विषयगत शाखा र वडा कार्यालयहरूबाट भएका कार्यहरूको मासिक रूपमा समीक्षा गर्ने व्यवस्था मिलाइएको ।

१६. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीलाई जवाफदेही बनाइएको।

१७. प्रविधिमैत्री कार्यालय संचालनको लागि आवश्यक व्यवस्था मिलाइएको।

मुख्य उद्देश्य

१. सबै घरपरिवारलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाउन एक घर एक धारा को नीति लिई कार्य सम्पन्न गर्ने।

२. कृषि तथा पशु पालन परियोजना संचालन गरी नागरिकको जीवनस्तरमा परिवर्तन गर्ने।

३. भ्रष्ट्राचारमा शून्यसहनशिलताको नीति अवलम्बन गर्दै नागरिकमैत्री सेवा प्रवाह प्रदान गर्ने।

४. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र नागरिकले अनुभूती गर्ने गरी गुणस्तरयुक्त सेवा प्रवाहको लागि सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै स्मार्ट गाउँपालिका बनाउने।

५. गाउँपालिका तथा वडाको मुख्य सडक र सहायक सडकहरूलाई स्तरोन्नती गरी बाह्रै महिना सवारी चल्ने व्यवस्था गर्ने।

६. गाउँपालिकामा स्वास्थ्य संस्थाहरूको भवन, वडा कार्यालयको भवन, सडक, पर्यटन पूर्वाधार लगायतका अन्य भौतिक पूर्वाधारको निर्माण गर्ने।

७. गाउँपालिकालाई सुरक्षित आवास अन्तर्गत खरका छाना मुक्त गाउँपालिका घोषणा गर्ने।

८. सवल, सक्षम र उत्थानशील स्थानीय सरकार निर्माण गर्ने।

९. सामाजिक समावेशीकरणको नीति अवलम्बन गर्दै विकासको मूल प्रवाहमा सबैक्षेत्रलाई समावेश गर्ने।

१०. गाउँपालिकाका सबै नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने।

११. फोहरमैला व्यवस्थापनको लागि डम्पिङ्ग साईटको निर्माण गर्ने।

१२. वातावरणमैत्री स्वच्छ र सुन्दर गाउँपालिका निर्माण गर्ने।

१३. पर्यटन पूर्वाधार निर्माण र प्रवर्धन सहित रोजगारीमा वृद्धि गर्ने।

आगामी आ.व. का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू

- सुखी, खुसी, समृद्ध र समुन्नत स्थानीय सरकार निर्माण,
- नागरिकलाई सर्वसुलभ स्वास्थ्य उपचारको व्यवस्था,
- विपन्न नागरिकहरूको आर्थिक विकास,
- कृषि तथा पशुपालन उद्यम परियोजना संचालन,
- प्रभावकारी सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास,
- गुणस्तरीय र सर्वसुलभ शिक्षा,
- नागरिकको घरघरमा खानेपानी र सडक स्तरोन्नती,
- पर्यटन पूर्वधार निर्माण,
- पूर्वाधार विकास,
- विपद् व्यवस्थापन, फोहर मैला व्यवस्थापन, वन तथा वातावरण संरक्षण।

आगामी आ.व. को प्रमुख नीतिहरू :

(क) सुशासन तथा संस्थागत विकास तर्फ :

१. लोकतन्त्रको आधार : सक्षम स्थानीय सरकारको नीति अवलम्बन गर्दै भष्ट्राचारमा शून्य सहनशीलताको नीति लिई नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।

२. गाउँपालिकाको गतिविधिहरूलाई डिजिटल सूचना पार्टी, मोबाईल एप्स, सामाजिक सञ्जाल, एस.एम.एस. तथा वेबसा मार्फतसार्वजनिक गरीनागरिकको सूचनाको हकलाई सुनिश्चित गराउँदै गाउँपालिकाको कार्यलाई पारदर्शी बनाउँदै नागरिकहरूको घरघरमा सूचना प्रवाह हुने व्यवस्था मिलाइनेछ।

३. वडा कार्यालयलाई सुविधासम्पन्न बनाई नागरिकको सेवाकेन्द्रको रूपमा विकास गर्दै नागरिकलाई प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउनेछ ।

४. जन्मदर्ता र मृत्युदर्ता सेवालाई नागरिकको घरघरमा उपलब्ध गराइनेछ साथै सामाजिक सुरक्षा भत्ता रकम नागरिकको घरदैलोमा पुऱ्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।

५. गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरूबाट संचालन हुने विभिन्न क्रियाकलापहरूको बारेमा आम नागरिकलाई सु-सूचित गर्दै पारदर्शिता र जनउत्तरदायी सरकारको भावना जागृत गराउन जनतासँग गाउँपालिका रेडियो तथा टिभी कार्यक्रमहरू संचालन गरिनेछ ।

६. जनतासँगअध्यक्ष कार्यक्रममार्फत विभिन्न वडाहरूमा प्रत्येक महिना नागरिक भेटघाट कार्यक्रम संचालन गर्दै आम नागरिकको चासो, गुनासो र प्रतिकृयाहरू सम्बोधन गरी नागरिकको नजिकको जनउत्तरदायी स्थानीय सरकार बनाइनेछ ।

७. स्थानीय विवाद स्थानीय स्तरमै निरूपण गरी सुखी र खुसी नागरिक बनाउन तथा न्यायसेवा छिटो छरितो बनाउन टोलटोलमा कानूनी साक्षरता कार्यक्रम संचालन गर्दै वडास्तरमा रहने मेलमिलाप केन्द्रहरूलाई व्यवस्थित रूपमा संचालन गरिनेछ ।

८. हाम्रो विकास हाम्रै लागि, हाम्रो संरचना हाम्रो सम्पत्ती भन्ने अभियान संचालन गरी सार्वजनिक संरचनाहरूको संरक्षणमा टोलविकास संस्था लगायतका संघ संस्थाहरूलाई परिचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

९. वडा कार्यालयको सहयोगी संस्थाको रूपमा गठन भएको टोल विकास संस्थाको क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।

१०. गाउँपालिकाबाट सम्पादित हुने हरेक कार्यहरूमा अधिकतम सूचना प्रविधिको प्रयोग गरी विधुतीय सुशासनको नीति अवलम्बन गर्दै सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै लगिनेछ ।

११. नागरिक मैत्रीसेवा प्रवाह सुनिश्चितताको लागि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरूमा विद्युतीय हाजिरीको व्यवस्था मिलाई डिजिटल हाजिरीको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ ।

१२. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजश्व संकलनमा अनलाईन प्रविधिको प्रयोग गरी राजश्व संकलन गर्ने व्यवस्था मिलाई राजश्व संकलनमा पारदर्शिता कायम गरिनेछ ।

१३. गाउँपालिकाको राजश्व भुक्तानीलाई नागरिकको सहजताको लागि मोबाइल एप्स तथा अनलाईन मार्फत भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ।

१४. संचारकर्मीसँग गाउँपालिका कार्यक्रम संचालन गर्दै गाउँपालिकाको बृहत्तर हितको लागि योगदान पुऱ्याउनु भएका पत्रकारहरूको उच्च मनोवल राख्न आवश्यक व्यवस्था मिलाइनेछ।

१५. सबै नागरिकको पहुँचमा पुग्ने गरी सूचना प्रवाह रगुनासो सुनुवाई संयन्त्रको विस्तार गरिनेछ ।

१६. सार्वजनिक खर्चलाई उत्पादनमूलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्ड निर्माण गरी सोही अनुसार कार्य गरिनेछ ।

१७. सुशासन कायम गर्नको लागि आफ्नो पदीय आचरण र मर्यादामा रहन पदाधिकारी तथा कर्मचारीहरूको आचार संहिता पूर्णतः लागू गरिनेछ।

१८. गाउँपालिकालाई आवश्यक पर्ने जनशक्तिको लागि संगठनात्मक संरचना (O&M) गरी कर्मचारीको कार्यविवरण उपलब्ध गराइनेछ।

१९. गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन गरेका विभिन्न कार्यहरूको प्रगती विवरण सहितको e-bulletin मासिक रूपमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०. कर्मचारीहरूको योग्यता, क्षमता, कार्यदक्षता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाई राख्न आवश्यक मापदण्ड बनाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम तथा कार्यसम्पादनमा आधारित सुविधा उपलब्ध गराउने नीति लिइनेछ।

२१. कर्मचारीहरूलाई कार्यानुभवको लागि अन्तरशाखा तथा एक स्थानबाट अर्को स्थानमा जिम्मेवारी दिई खटन पटन गर्ने नीति लिइने छ ।

२२. प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्षसँग र अन्य शाखा प्रमुख तथा कर्मचारीहरूले प्रमुख प्रशासकीय अधिकृतसँग कर्मचारीको स्पष्ट कार्यविवरण र सूचक सहित कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीको कार्य सम्पादनको मासिक मूल्याङ्कन गरी कर्मचारीलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२३. गाउँपालिकाको विभिन्न विषयगत शाखा तथा वडा कार्यालयहरूबाट सम्पादित कार्यहरूलाई थप प्रभावकारी बनाउन मासिक समीक्षा गोष्ठीलाई निरन्तरता दिइनेछ ।

२४. गाउँपालिकाबाट खरिद गरिने वस्तु तथा सेवाहरूलाई खरिद गुरुयोजनाका आधारमा प्रचलित ऐन, नियम, कानून बमोजिम पारदर्शी रूपमा खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

२५. सुशासन र आर्थिक अनुशासन कायम गर्न अघिल्लो महिनामा भए गरेका क्रियाकलाप र आर्थिक कारोबारको बारेमा कार्यपालिकाको बैठकमा छलफल तथा समीक्षा गर्ने व्यवस्था मिलाइने छ ।

२६. गाउँपालिकाले उठाउने सबै प्रकारका करहरू गाउँपालिकाको कार्यालय र वडा कार्यालयबाटअनलाईन मार्फत संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२७. गाउँपालिकाको वार्षिक विकास कार्यक्रम अनुसारसम्बन्धित शाखाहरूले भाद्र मसान्त भित्र कार्यक्रम कार्यान्वयन कार्ययोजना प्रमुख प्रशासकीय अधिकृतसँग पेश गरी कार्ययोजना अनुसार सम्बन्धित विषयगत समितिमा छलफल गरेर मात्र कार्यक्रम संचालन गर्ने र कार्यक्रमको उपलब्धीको बारेमा समीक्षा गरी पारदर्शीता र जवाफदेहीता कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

२८. गाउँपालिकाको सबै वडा कार्यालयहरूबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई व्यवस्थापन सूचना प्रणाली (MIS) मार्फत गर्नेव्यवस्था मिलाइनेछ।

२९. गाउँपालिकाको सम्पत्तीलाई कम्प्युटराईज अभिलेख तयार गरी त्यसको उचित उपयोग, संरक्षण तथा संवर्द्धन गरिनेछ।

३०. गाउँपालिकाको कामलाई पारदर्शी एवं जवाफदेही बनाउन सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षणलाई निरन्तरता दिइनेछ।

३१. नागरिकको सुविधालाई ध्यानमा राखी एकीकृत घुम्ति सेवा संचालन गरिनेछ ।

३२. लक्षित वर्गका कार्यक्रमहरूलाई आय उन्मुख बनाउन प्राथमिकता दिदै संचालन गरिने सबै कार्यक्रमहरू एकद्वार प्रणाली मार्फत निर्धारित मोडलमा संचालन गरिनेछ।

३३. योजनाहरू वडा कार्यालयको समन्वयमा कार्यान्वयन गरिने तथा वडा समिति समेतको अनुगमन र सिफारिसमा फरफारक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३४. जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक तालिम तथाअध्ययन अवलोकन भ्रमण कार्यक्रम राखिनेछ।

३५. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी सामाजिक विवादहरूलाई मेलमिलापको माध्यमबाट समाधान गर्नेकार्यलाई निरन्तरता दिइनेछ ।

३६. गाउँपालिका क्षेत्र भित्रका लब्ध प्रतिष्ठित तथा विद्वत वर्गको सहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषणलाई गाउँपालिकाको समृद्धि र बृहत्तर विकासमा समाहित गर्दै लगिनेछ।

३७. गाउँपालिका क्षेत्र भित्र संचारको पहुँच पुर्याउन सम्बन्धित निकायहरूमा पहल गर्दै मुख्य बजार क्षेत्र तथा पार्कमा वाइफाइ जोनको शुरुवात गरिनेछ।

३८. स्थानीय जनताको सुरक्षा, सम्पत्तीको संरक्षण, स्थानीय सरकारको नीति, निर्णय, मापदण्ड, विपद् व्यवस्थापन, बजार अनुगमन, सेवा प्रवाह आदि कार्यको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ।

३९. विभिन्न सामाजिक संघ/संस्था, कृषक, विद्यार्थी, पत्रकार, खेलाडी, उपभोक्ता समिति, टोल विकास संस्थालाई कार्य सम्पादनको मूल्यांकन गरी प्रोत्साहन स्वरूप पुरस्कार दिने व्यवस्था मिलाइनेछ ।

४०. गाउँपालिकाबाट संचालन हुने विभिन्न योजनाहरूको निर्माणमा उपभोक्ता समिति/लाभग्राही समूहको रूपमा टोल विकास संस्थाहरूलाई समेत परिचालन गरिनेछ ।

४१. उपभोक्ता समितिहरू मार्फत संचालन हुने विभिन्न योजनाहरूलाई मितव्ययी, गुणस्तरीय र पारदर्शीता कायम गर्दै प्रभावकारी रूपमा संचालन गर्न उपभोक्ता समितिहरू दर्ता गरी सम्झौता गर्ने नीति लिइने छ समय समयमा उपभोक्ता समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ ।

४२. गाउँपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी, सामुदायिक संस्था, दातृ निकाय एवं सरोकारवाला संस्थाहरूले गाउँपालिकाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४३. संघीयता तथा विकास प्रशासनको अनुभव आदान-प्रदान गर्न देश तथा विदेशका निकायहरूसँग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ।

४४. गाउँपालिकाको समानुपातिक विकासका लागि वडाको भूगोल, जनसंख्यार आन्तरिक आम्दानीको आधारमा आवश्यक बजेट विनियोजन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४५. गाउँपालिकाको वास्तविक वस्तुस्थितिको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण गरिनेछ ।

४६. गाउँपालिकावासीलाई अध्ययन अनुसन्धानतर्फ ध्यान केन्द्रित गराउन एक वडा एक पुस्तकालयको स्थापना गर्ने कार्यगरिनेछ।

४७. गाउँपालिका भित्रका सार्वजनिक जग्गाहरूको संरक्षणका लागि उपयुक्त नीति बनाउन प्राथमिकता दिइनेछ ।

४८. गाउँपालिकामा भू–उपयोग नीति सहितको दीर्घकालीन एकीकृत शहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४९. सूचनाको पहुँच नागरिकस्तरसम्म पुऱ्याउन स्थानीय संचार माध्यमहरूसँग समन्वय गर्दै संचार संस्थाहरूसँग सहकार्य गरिनेछ।

५०. गाउँपालिका क्षेत्रभित्र भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्न एग्रो टुरिजम, होमस्टे जस्ता विभिन्न क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

५१. सुरक्षित र गुणस्तरीय खाद्यवस्तुको उपलब्धताका लागि परिवर्तित मूल्यसूची, गुणस्तरीय खाद्यवस्तुको बिक्री वितरण, म्याद गुज्रेका र अखाध्य पदार्थको बिक्री वितरणमा पूर्ण रूपमा नियन्त्रण गर्नगाउँपालिकाबाट नियमित रूपमा बजार अनुगमन तथा चेकजाँचको आवश्यक व्यवस्था मिलाइनेछ।

५२. गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।

५३. गाउँपालिकाका सबै वडा कार्यालयहरू र वडा कार्यालयको नजिकै रहेका मुख्य व्यापारिक क्षेत्र तथा संवेदनशील स्थानहरूमा CCTV जडान गरी सुरक्षित समाज निर्माण गरिनेछ।

५४. गाउँपालिकाका कृषक, विपन्न नागरिक, असहाय नागरिकहरूको तथ्याङ्क संकलन गरी अनुदान तथा आर्थिक सहायताका कार्यक्रमहरू व्यवस्थित रूपले संचालन गरिनेछ।

५५. शिक्षा, स्वास्थ्य, कृषि, पशुपालनउद्योग आदि क्षेत्रसँग गाउँपालिकाको हित अनुकूल सार्वजनिक, निजी साझेदारी (PPP) मा काम गर्ने नीति लिइनेछ ।

५६. जनता, राजनीतिक दल, जनप्रतिनिधि र कर्मचारीको सुमधुर सम्बन्ध स्थापित गर्दै विधिको शासन मार्फत नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाउँदै सुशासन कायम गरिनेछ।

५७. वित्तीय अनुशासन कायम गर्दै असारे विकासलाई निरुत्साहित गर्न असार महिनामा कुनै पनि योजनाको सम्झौता नगर्ने नीति लिइने छ ।

५८. गाउँपालिकाबाट उपलब्ध गराउने आर्थिक सहायतालाई पारदर्शी र वास्तविक पीडितलाई उपलब्ध गराउन रोगको वर्गीकरण सहितको कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ र यसरी आर्थिक सहायता उपलब्ध गराएका नागरिकको विवरण गाउँपालिकाको वेबसाईट मार्फत सार्वजनिक गरिनेछ ।

५९. गाउँसभाबाट स्वीकृत बजेटतथा कार्यक्रमहरूको नियमानुसार प्रत्येक आर्थिक वर्ष महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गराई देखिन आएको बेरुजु सम्परीक्षण गरी आर्थिक अनुशासन कायम गरिनेछ।

(ख) सामाजिक विकास तर्फ :

स्वास्थ्य :

६०. कोभिड-१९ लगायत विभिन्न महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि आवश्यक रणनीति तयार गरी नागरिकको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।

६१. गाउँपालिकामा सुविधासम्पन्न अस्पतालको निर्माण कार्य समयमै सम्पन्न गरी आम नागरिकलाई सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

६२. गुल्मीदरबार गाउँपालिकाका असहाय तथा आर्थिक रूपले विपन्न नागरिकहरूको स्वास्थ्य उपचारको लागि नि:शुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ ।

६३. गर्भवती महिलाको स्वास्थ्यलाई मध्यनजर गरी नियमित रूपमा स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाई संस्थागत प्रसुतीलाई प्रेरित गर्दै प्रसुतीको लागि नि:शुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

६४. गाउँपालिकाका असहाय र आर्थिक रूपमा विपन्न नागरिकहरूको लागि नि:शुल्क एम्बुलेन्सको व्यवस्था मिलाइनेछ ।

६५. गाउँपालिका भित्रका'ग'वर्गका अपाङ्गता भएका नागरिकहरूलाई प्रदान गरिदै आएको सामाजिक सुरक्षाभत्ता कार्यक्रमलाई निरन्तरता दिनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६६. सामुदायिक विद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गरी विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने व्यवस्था गरी किशोर किशोरीलाई उचित स्वास्थ्य परामर्शको व्यवस्था गरिनेछ।

६७. स्वस्थ र सुखी नागरिक बनाउन योग शिक्षा शिविर संचालन गर्न आवश्यक व्यवस्था मिलाई आयुर्वेद औषधीहरूको प्रयोगलाई बढवा दिन गाउँपालिकामा आयुर्वेद केन्द्रको स्थापनाको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ।

६८. जेष्ठ नागरिक, अपाङ्ग तथा अशक्त र विपन्न नागरिकहरूको घरघरमा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।

६९. स्वास्थ्य संस्था, गाउँघर क्लिनिक र खोप क्लिनिकलाई सुदृढीकरणका लागि आवश्यक सामग्री सहित कोठा, भवन लगायतका भौतिक व्यवस्थापनको साथै दैनिक कार्य संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

७०. पूर्णखोप सुनिश्चितता तथा दिगोपनाका लागि आवश्यक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

७१. आमासँग गाउँपालिका कार्यक्रम अन्तर्गत मातृशिशु सेवा, सरसफाइ तथा पोषण कार्यक्रमलाई एकीकृत गरी थप प्रभावकारी बनाउन मेरी आमा : स्वस्थ आमा कार्यक्रम संचालन गरिनेछ।

७२. मेरी आमा : स्वस्थ आमा कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी आमा : पोषिलो खाना, स्वस्थ बच्चा : स्वस्थ समाज कार्यक्रम संचालन गरी स्थानीय स्वास्थ्य संस्थाबाट सुत्केरी भएको २ वर्षसम्म उपाध्यक्ष पोषिलो कोशेली (पोषण प्याकेज) उपलब्ध गराइने छ।

७३. गाउँपालिकामा एउटा आयुर्वेद केन्द्र संचालनको लागि पहलकदमी गरी स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरूको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई प्रभावकारी गराइनेछ।

७४. खोप कार्यक्रमलाई व्यवस्थित बनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ।

७५. कोल्ड चेन व्यवस्थापनको लागि चाहिने सामग्री तथा स्थानको व्यवस्थापन गरिनेछ ।

७६. ५ वर्ष मुनिका बालबालिकाहरूको एकीकृत बाल रोग व्यवस्थापन गर्नको लागि आवश्यक औषधी खरिदको व्यवस्था मिलाइनेछ।

७७. गाँउघर क्लिनिकलाई प्रभावकारी बनाई बच्चाको तौल अनुगमन गर्ने नियमित क्रियाकलापलाई बढवा दिई कुपोषण हुने दरलाई न्युनीकरण गरिनेछ।

७८. सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन स्वस्थ समाजका लागि जागरुक स्वास्थ्य आमा समूह कार्यक्रम संचालनमा ल्याइनेछ।

७९. क्षयरोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन सेटलाईट क्याम्प संचालन, कन्ट्रयाक ट्रेसिङ्, डट्स तथा सि.वि. डट्स विधिबाट उपचार तथा फलोअप कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

८०. कुष्टरोग तथा मलेरिया रोग रोकथाम तथा नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रमहरू संचालन गरिनेछ।

८१. गाउँपालिकामा विभिन्न स्वास्थ्य सचेतना अभियान संचालन गर्दै स्वस्थ समाज निर्माणको लागि महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई गाउँपालिकाको तर्फबाट थप यातायात सुविधा तथा संचार सुविधा उपलब्ध गराइनेछ ।

८२. महिलास्वास्थ्य स्वयंमसेविका र स्वास्थ्य आमा समूहहरूलाई उत्प्रेरित बनाई समुदायमा परिचालन गरी विभिन्न स्वास्थ्य सचेतनाका कार्यक्रम मार्फत रोग छेकौं : निरोगी बनौं अभियान संचालन गरिनेछ ।

८३. हरेक स्वास्थ्य संस्थामा पोषण कर्नरको व्यवस्था गर्दै पोषिलो खानेकुराको प्रदर्शन तथा उपभोगवृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने नीतिअवलम्बन गरिनेछ।

८४. महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीलाई परिचालन गरी गर्भवती जाँच एंव पूर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई थप प्रभावकारी बनाइने छ।

८५. सबै वडाहरूमा सुविधासम्पन्न बर्थिङ्ग सेन्टरको व्यवस्था मिलाइ २४ घण्टा प्रसुती सेवा उपलब्ध गराइनेछ, प्रसुती सेवामा संलग्न नर्सिङ्ग कर्मचारीलाई आवश्यक प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

८६. स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिई स्वास्थ्य संस्थाहरूको सरसफाइको नियमित अनुगमन गर्दै उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा कर्मचारीहरूलाई पुरस्कृत गर्ने नीति लिइनेछ।

८७. आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निःशुल्क औषधिहरूको उपलब्धतालाई सुनिश्चित गरिने छ।

८८. विभिन्न रोगहरूको संक्रमणबाट जोगिने तथा रोग निवारण गर्ने खालका विभिन्न चेतनामुलक कार्यक्रमहरू आयोजना गरिनेछ।

८९. गाउँपालिकाका नागरिकहरूको स्वास्थ्यलाई ध्यान दिदै स्थानीय समुदायसँग सहकार्य गरी विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविरहरू संचालन गरिनेछ ।

९०. महिनावारीको समयमा महिलाहरूलाई हुन सक्ने जोखिमबाट बचाउनका लागि गाउँपालिकाका प्रत्येक महिलाहरूलाई सचेत बनाउन स्वास्थ्य आमा समूहमा महिनावारी सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरी महिनावारीका लागि सुरक्षित सामग्री युक्त घर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९१. किशोरावस्थामा हुने मानसिक, सामाजिक, शारीरिक तथा सम्वेगात्मक परिवर्तनबाट पर्ने असरबाट बचाउन गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरूमा सञ्चालन भइरहेको साथी शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९२. दीर्घरोगीहरू(उच्च रक्तचाप, मधुमेह र दम) लाई नि:शुल्क औषधी उपचार उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

९३. आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला वितरण सहित मातृ तथा नवशिशु कार्यक्रम संचालन गरिनेछ ।

९४. महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीलाईपरिचालन गरी पूर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई थप प्रभावकारी बनाउँदै निःशुल्क अल्ट्रासाउन्ड (Video Xray) र शुलभ रक्तपरीक्षणको व्यवस्था मिलाइनेछ।

९५. प्राकृतिक प्रकोप, विपद् पूर्व तयारी तथा महामारी नियन्त्रण : भैपरी आउनसक्ने प्राकृतिक प्रकोप तथा विपद्मा देखिन सक्ने जनस्वास्थ्यका समस्याहरूलाई समाधान गर्न हरेक वडामा ऱ्यापिड रेस्पोन्स टिम (RRT) गठन गरिनेछ।

शिक्षा तथा खेलकुद

९६. समग्र विद्यालयको गुणस्तर सुधारको लागि गाउँपालिका र प्रधानाध्यापकसँग कार्य सम्पादन सम्झौता गरी प्रधानाध्यापक र विद्यालयको कार्यसम्पादनको मूल्याकंन गरिनेछ । साथै प्रधानाध्यापक र विद्यालयका विषयगत शिक्षकसँग समेत कार्यसम्पादन गर्ने व्यवस्था मिलाइने छ।

९७. कार्यसम्पादन मूल्याङ्कनको आधारमा शिक्षकहरूलाई कार्यसम्पादन सुधारको लागि अन्तर विद्यालय स्थानान्तरण गर्ने नीति अवलम्बन गरिनेछ ।

९८. विद्यालयको समग्र शैक्षिक अवस्थाको विश्लेषण गर्न सूचकहरू सहितको चौमासिक प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरिनेछ ।

९९. प्रधानाध्यापकलाई विद्यालयको समग्र शैक्षिक गुणस्तर कायम गराउन उत्प्रेरित गर्न विद्यालयको तह अनुसार प्रधानाध्यायक भत्ता तथा सुविधा उपलब्ध गराइनेछ ।

१००. गाउँपालिकाको शिक्षा नीतिको तर्जुमा गरी शैक्षिक गुणस्तर सुधारको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१०१. विद्यार्थीहरूलाई संघीयता सुशासन सेवा प्रवाह, भष्ट्रचार निवारण, उपभोक्ता हक र खाद्य सुरक्षा, साईवर अपराध, घरेलु/लैङ्गिक हिंसा, स्वास्थ्य तथा नैतिक शिक्षा लगायतका विषयमा अनुशिक्षण गर्न विद्यार्थीसँग गाउँपालिका कार्यक्रम संचालन गरिनेछ ।

१०२. गरिब तथा जेहन्दार विद्यार्थीलाई एमविविएस अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

१०३. गाउँपालिकाका गरिब तथा जेहेन्दार विद्यार्थीको लागि अध्यक्ष छात्रवृत्ति कार्यक्रम संचालन गरिनेछ।

१०४. विपन्न वर्गका विद्यार्थीहरूको पहिचान गरी त्यस्ता विद्यार्थीहरूलाई निःशुल्क स्टेशनरी, पोशाक लगायतका अन्य सुविधा उपलब्ध गराइनेछ।

१०५. विद्यालयमा छात्राहरूको नियमित अध्ययनमा उत्प्रेरित गर्नको लागि उपाध्यक्ष शैक्षिक कार्यक्रम संचालन गरिनेछ ।

१०६. एक टोल एक शिशु विकासकेन्द्रको स्थापना गरी न्यून एवं मध्यम आय भएका परिवारका शिशुहरूको प्राथमिक शिक्षालाई सहज बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१०७. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि कार्यविधि बनाई शिक्षक दरबन्दी मिलान, विद्यालयहरू समायोजन, शिक्षक तालिम संचालनका कार्यहरूलाई निरन्तरता दिई पालिकास्तरीय उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कृत गरिनेछ।

१०८. उत्कृष्ट विद्यालय र कमजोर विद्यालयको पहिचान गरी असल अभ्यासको आदान-प्रदान गर्न प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१०९. महिला शिक्षिका प्रसुती बिदामा रहेको समयमा विद्यालयमा पठन पाठनमा समस्या हुने अवस्थामा प्रसुती बिदामा रहेको समयको लागि शिक्षक व्यवस्थापन गरी विद्यार्थीको पठन पाठनलाई नियमित गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

११०. गाउँपालिकाका आधारभूत तथा माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरी जडान गरी शिक्षक कर्मचारीलाई नियमित हुने व्यवस्था मिलाइनेछ ।

१११. विद्यालय शिक्षालाई रोजगारसँग आवद्ध गर्न गाउँपालिका क्षेत्र भित्र स्थापना भएका एवं हुने प्राविधिक शिक्षालयहरूको विकासमा टेवा पुऱ्याइनेछ। यस क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरूको संख्याको आधारमा थप कार्यक्रमहरू अगाडि बढाउने नीति लिइनेछ।

११२. शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयको व्यवस्थापन पक्षलाई सवल तथा सक्षम बनाउन आवश्यक व्यवस्था मिलाई शिक्षकहरूलाई सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू संचालन गर्दै गाउँपालिकाका सबै विद्यालयहरूलाई प्रविधिमैत्री विद्यालय निर्माण गरिनेछ ।

११३. कोभिड लगायतका विभिन्न महामारी तथा विपद्को कारणले शैक्षिक गतिविधि संचालन गर्न कठिनाइ भएको अवस्थामा वैकल्पिक शिक्षण विधिहरू प्रयोग गरी शैक्षिक गतिविधिलाई निरन्तरता दिइनेछ ।

११४. गाउँपालिकाको शैंक्षिक गुणस्तर सुधार गर्नको लागि एक वडा एक व्यवस्थित माध्यमिक विद्यालयको नीति अबलम्बन गर्दै विद्यालयहरूलाई मर्ज गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

११५. विद्यालयमा विद्यार्थीहरूको लागि समय समयमा योग प्रशिक्षणसम्बन्धी क्रियाकलापहरू संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

११६. प्रत्येक विद्यालयमा सिकाइ सुदृढीकरणको लागि प्रधानाध्यापकहरूलाई समेत अन्तर विद्यालय अनुगमनको व्यवस्था मिलाई विद्यालयको शैक्षिक व्यवस्थापनमा जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था मिलाइनेछ ।

११७. विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन गाउँपालिकाका विद्यालयहरूमा इन्टरनेट जडान कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

११८. विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर, कम्पाउण्डवाल तथा तारबार गर्दै पूर्वाधारयुक्त विद्यालय बनाउदै लगिनेछ।

११९. गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण विद्यालय जाने उमेरका विद्यार्थीहरूलाई अनिवार्य रूपमा विद्यालयमा भर्ना हुनको लागि उचित वातावरणको सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।

१२०. विद्यालयहरूको असल अभ्यास आदान-प्रदान गर्न गाउँपालिकास्तरीय शैक्षिक प्रदर्शनी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२१. कक्षा ५ र ८ को परीक्षालाई पालिकास्तरीय रूपमा संचालन गर्ने व्यवस्था मिलाउदै ५, ८ र माध्यमिक तहको परीक्षामा उत्कृष्ट अंक ल्याउने छात्र छात्राहरूलाई पुरस्कारको व्यवस्था मिलाइनेछ।

१२२. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरूमा कार्यरत शिक्षकहरूको अभिलेख व्यवस्थापन गरी शिक्षकहरूलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन तथा दण्डको व्यवस्था मिलाइनेछ।

१२३. गाउँपालिका भित्र रहेका बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूलाई उत्प्रेरित बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

१२४. विद्यालयमा विद्यार्थीहरूको दिवा खाजामा अर्गानिक खाद्य पदार्थ प्रयोग गर्दै जंग फुडलाई निरुत्साहन गरिनेछ ।

१२५. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयहरूको निरीक्षण र सुपरीवेक्षणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१२६. माध्यमिक तहको परीक्षालाई लक्षित गरी अंग्रेजी, गणित र विज्ञान विषयको नतिजा सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाई आवश्यक सहयोग गरिनेछ।

१२७. उच्च शिक्षा अध्ययनको लागि गाउँपालिकाको केन्द्र रहेको स्थानमा बहुमुखी क्याम्पस संचालनको लागि आवश्यक अध्ययन गरिनेछ ।

१२८. विद्यालयस्तरीय शैक्षिक कार्यक्रमहरूलाई योजनाबद्धरूपमा सञ्चालन गर्न विषयगत शिक्षकको पठनपाठनलाई समयमै सम्पन्न गर्नका लागि मासिक पाठयोजनासहितको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१२९. शिक्षण सिकाइमा ICT को प्रयोगलाई प्रोत्साहन गर्न शिक्षकहरूलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी आधुनिक प्रविधिको प्रयोग गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

१३०. शिक्षाको गुणस्तर कायम गर्नको लागि विद्यालयहरूमा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्रीहरू वितरण गरिनेछ ।

१३१. शिक्षाको गुणस्तर सुधार र विकासको लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्वद्ध शैक्षिक सरोकारवालाहरूसँग आवश्यक संवाद, छलफल, सहकार्य तथा अन्तरक्रिया कार्यक्रम संचालन गरी थप जिम्मेवार बनाइनेछ।

१३२. प्राथमिक तहको परिमार्जित पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रवोधीकरण, स्थानीय पाठ्यक्रम विकास गर्नुका साथै शिक्षकहरूका लागि मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. गुणस्तरीय विद्यालय शिक्षामा बालबालिकाहरूको सहज पहुँच सुनिश्चित गर्न सवारी साधन, छात्रावास, बालमैत्री कक्षा व्यवस्थापन जस्ता कार्यका लागि विद्यालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ।

१३४. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान, नमूना विद्यालय विकासलगायतका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१३५. परीक्षाफल प्रकाशन लगायत विद्यालय व्यवस्थापनको कार्यलाई सहयोग पुऱ्याउनको लागि पालिकास्तरमा विद्यालय व्यवस्थापन प्रणाली (सफ्टवेयर) को प्रयोग गर्ने नीति लिइनेछ।

१३६. सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि आवासीय तथा गैर आवासीय छात्रवृत्ति उपलब्ध गराइनेछ ।

१३७. सामुदायिक विद्यालयका छात्राहरूको लागि गुणस्तरीयनि:शुल्क सेनिटरी प्याड वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३८. शारीरिक रूपले अशक्त, अपाङ्गता, सुस्त मनस्थितिभएका बालबालिकाहरूलाईविद्यालय शिक्षामा समाहित गर्ने व्यवस्था मिलाइनेछ ।

१३९. विद्यार्थीहरूमा अन्तरनिहित बाल प्रतिभाहरूको पहिचान गरी सोको प्रवर्धन र विकासको लागि अध्यक्ष नानीबाबु प्रतिभा प्रस्तुतीकरण कार्यक्रम संचालन गरिनेछ ।

१४०. हाम्रो विद्यालय राम्रो विद्यालय, मेरो विद्यालय मेरो फूलबारी भन्ने अवधारणालाई साकार पार्न विद्यालय हाता भित्र फूलबारी निर्माण गर्न एक विद्यार्थी एक फूलको बोट अभियान संचालन गरिनेछ।

१४१. शून्य दरबन्दी भएका र दरबन्दी न्यून भएका विद्यालयहरूलाई विद्यार्थी संख्या र पठनपाठन हुने विषयभारका आधारमा र हाल विद्यालय स्रोतमा रहेका शिक्षकहरूको व्यवस्थापन गर्ने कार्य गरिनेछ।

१४२. गाउँपालिकास्तरीय खेल शिक्षक मार्फत गाउँपालिका भित्र विभिन्नखेलकुद गतिविधिहरू संचालन गरी विद्यार्थी तथा खेलाडीहरूको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१४३. गाउँपालिका भित्र रहेका खेलाडीहरूको पहिचान तथा विकासको लागिखेलाडीसँग गाउँपालिका कार्यक्रम संचालन गरिनेछ ।

१४४. गाउँपालिकाको समग्र खेलकुदलाई चलायमान बनाई खेलाडीहरूको क्षमता विकासको लागिअध्यक्ष कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

सामाजिक समावेशीकरण

१४५. गाउँपालिकाका नागरिकहरूलाई न्यूनतम २० युनिटसम्मको विद्युत महशुल गाउँपालिकाबाट भुक्तानी हुने व्यवस्था मिलाई नि:शुल्क गरिनेछ साथै सामुदायिक विद्युतीकरणलाई राष्ट्रिय प्रशारणमा आवद्धता गराउन

आवश्यक व्यवस्था मिलाई सामुदायिक विद्युत प्रयोग गर्नेहरूको हकमा १० युनिटसम्मको विद्युत महशुल गाउँपालिकाबाट नि:शुल्क उपलब्ध गराइनेछ ।

१४६. प्रत्येक वडाहरूमा जेष्ठ नागरिक भेटघाट केन्द्र स्थापना गरी जेष्ठनागरिक सँग गाउँपालिका कार्यक्रम संचालन गरिनेछ ।

१४७. गाउँपालिकाका जेष्ठ नागरिकहरूलाई नि:शुल्क औषधी वितरण, स्वास्थ्य परीक्षण, छलफल तथा अन्तरक्रिया गर्दै जेष्ठ नागरिकको सम्मानको लागि जेष्ठ नागरिकसँग गाउँपालिका कार्यक्रम संचालन गरिनेछ ।

१४८. बालमैत्री स्थानीय शासनको अवधारणलाई क्रमशः कार्यान्वयन गर्दै गाउँपालिकालाई बालमैत्री पालिकाको रूपमा विकास गर्नबालबालिकासँग गाउँपालिका कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१४९. गाउँपालिकामा विभिन्न भाषा, धर्म, कला, संस्कृति, पराम्परागत झाँकीहरू तथा इतिहासको संरक्षण र सम्बर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।

१५०. गाउँपालिका भित्र सञ्चालनगरिएका सबै व्यवसायहरूलाई दर्ता तथा अभिलेखीकरण कार्यलाई निरन्तरता दिइनेछ।

१५१. वातावरण, सरसफाइ, सार्वजनिक सम्पत्तिको संरक्षण, तथा विपद् व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्ति संघ, संस्था र टोलविकास संस्थालाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

१५२. गाउँपालिकामा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यक्रम अगाडि बढाइनेछ।

१५३. विकासको मूल प्रवाहमा पहुँच पुर्याउनका लागि महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, आदिवासी जनजाति, बालबालिका, एकल महिला, सीमान्तकृत वर्ग लगायतका समुदायहरूको क्षमता विकास, आयआर्जन, सशक्तीकरण, अधिकार संरक्षणमा जोडदिदै विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।

१५४. गाउँपालिकाका महिला दिदीबहिनीहरूलाई स्थानीयस्तरमा सेनेटरी प्याड उद्योग संचालनको लागि आवश्यक समन्वय गर्दै गाउँपालिकाबाट प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१५५. लागू औषध निषेध, मदिरा नियन्त्रण, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुप्रथा, कुरीति छुवाछूत र कुसंस्कार अन्त्य गर्न विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ।

१५६. हिंसा पीडित तथा प्रभावित महिला एवम् बालबालिकाका लागि तत्काल नि:शुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श र सिपमूलक कार्यक्रम संचालन गर्नको लागि उपाध्यक्ष उद्धार तथा सहायता कोष स्थापना गरी संचालनमा ल्याइनेछ ।

१५७. अनाथ बालबालिकाहरूको शिक्षाको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

१५८. गाउँपालिका क्षेत्र भित्र रहेका घरेलु उद्योगहरूको संरक्षण गर्दै नयाँ उद्योग स्थापना र बजारीकरणको लागि प्रोत्साहन गरिनेछ।

१५९. जेष्ठ नागरिकहरूको अनुभवलाई अनुसरण गरी सुखी तथा समृद्ध समाज निर्माणको लागि अन्तर पुस्ता सिप हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

१६०. बालश्रम, बालविवाह, बहुविवाह, दाइजो, बोक्सी जस्ता प्रथा रोकथामको लागि चेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ ।

१६१. समाजमा छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरू न्यूनीकरणका लागि टोल विकास संस्था मार्फत विभिन्न चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१६२. एकल नागरिकहरूलाई समाजमा स्थापित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१६३. युवाहरूलाई उद्यमी बनाई आत्मनिर्भर बनाउन तथा स्वरोजगार सृजना गरी युवाहरूलाई स्थानीयस्तरमै उद्यमी बन्न प्रेरित गर्ने उद्देश्यले अध्यक्ष युवा उद्यम कार्यक्रम संचालन गरिनेछ।

१६४. गाउँपालिकाको रोजगार केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन गरी १०० दिनको रोजगारीको व्यवस्था मिलाइनेछ ।

१६५. बेरोजगारको सुचीमा सुचिकृत व्यक्तिहरूलाई गाउँपालिकाबाट प्रदान गरिने विभिन्न आय आर्जन मूलक तालिम कार्यक्रमहरूमा सहभागी गराउने नीति लिइनेछ ।

१६६. गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमहरूमा बेरोजगारहरूको सूचीमा रहेका व्यक्तिहरूलाई प्राथमिकता दिइने नीति लिइनेछ ।

१६७. गाउँपालिकाका विभिन्न मुख्य सडकहरूलाई नियमित संचालन गर्न आवश्यक मर्मत संभारको लागि आवश्यकतानुसार सडक लेन्थ वर्करको व्यवस्था मिलाइनेछ ।

(ग) आर्थिक विकासतर्फ :

कृषि

१६८. महिलाहरूलाई सामाजिक समावेशीकरण र सशक्तीकरण मार्फत कृषि तथा पशु उद्यम विकास परियोजना संचालन गरी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाइनेछ।

१६९. भूमी बैंकमार्फत गाउँपालिका भित्र रहेका खेति योग्य बाँझो जमिनलाई कृषि उत्पादनमा उपयोगको लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७०. आ.व.०७८/०७९ मा अभियानका रूपमा संचालन भएको किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिँदै कार्यक्रम मार्फत संकलन भएको विवरणको आधारमा कृषकहरूलाई किसान परिचय पत्र वितरणको व्यवस्था मिलाइनेछ ।

१७१. गाउँपालिकामा सम्भाव्यता रहेका कृषि उपजहरूको उत्पादनमा वृद्धि गर्नको लागि चालु रहेका विभिन्न बाली तथा वस्तुहरूको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिँदै नयाँ पकेट विकास कार्यक्रम थप गरिनेछ ।

१७२. गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीहरू सिर्जना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७३. विभिन्न कारणबाट कृषि तथा पशुपालन हुने जोखिम न्यूनीकरण गर्नको लागि बाली तथा पशुपंछी बिमा कार्यक्रम लागु गरी संघीय तथा प्रदेश सरकारको नीति अनुरूप निःशुल्क बाली तथा पशुपन्छी बिमा गर्ने व्यवस्था मिलाइनेछ।

१७४. कृषकहरूले उत्पादन गरेका कृषि उपजहरूको बजारीकरणको लागि अन्य स्थानीय तह तथा संघ संस्थाहरूसंग समन्व र सहकार्य गरिनेछ ।

१७५. गाउँपालिकालाई मह उत्पादनमा आत्मनिर्भर बनाउन मह प्रशोधन र प्याकेजिङ्ग समेतका कार्य लागत साझेदारीमा अगाडि बढाइनेछ ।

१७६. नयाँ प्रविधि, कृषि यन्त्र तथा उपकरणमा कृषकहरूको पहुँच बढाउनको लागि गाउँपालिका मार्फत वितरण गरिने कृषि प्रविधि, यन्त्र तथा उपकरणमा ६०%सम्म अनुदानको व्यवस्था मिलाइनेछ ।

१७७. सामुहिक कृषि खेतीलाई प्रोत्साहन गर्न आवश्यक अनुदानका कार्यक्रमहरू संचालन गरिनेछ ।

१७८. अर्गानिक खेतीलाई प्रवर्धन गर्नको लागि कम्पोष्ट तथा गड्यौला मल उत्पादनको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१७९. अर्गानीक तथा रैथाने बाली (जौ, कोदो, फापर, भट्टमास) उत्पादनको लागि व्यक्तिगत, सामुहिक तथा सहकारी कृषि खेतीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

१८०. "व्यवसायी रूपमा खेती गरौँ कृषिमा आत्मनिर्भर बनौ"भन्ने नीति अनुरूप कृषि तथा पशुपंक्षि क्षेत्रको विकास गर्न कृषिजन्य उत्पादन, दूध जन्य पदार्थको उपयोग–प्रशोधन र बजारीकरण गरी लोप उन्मुख पशुपंक्षि, अण्डा, मासु, दूध, खाद्यान्न बाली, फलफूल, तरकारी तथा नगदेवालिहरूको उत्पादनमा वृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१८१. कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा र जनचेतनामूलक कार्यक्रमको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

१८२. गाउँपालिका क्षेत्र भित्र कृषि उत्पादनमा प्रयोग भइरहेको रासायनिक विषाधिलाई न्यूनीकरण गरी जनताको स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरलाई कम गर्न विभिन्न प्रचारात्मक कार्यक्रमहरू गर्दै अर्गानिक कृषि उपज उत्पादन गर्न प्रोत्साहन गरिनेछ।

१८३. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिंचाइ कार्यक्रम विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१८४. कृषिमा आधुनिक प्रविधि र यान्त्रीकरणमा जोड दिदैँ कृषि उपजको उत्पादकत्व वृद्धी गर्ने नीति लिइनेछ ।

१८५. कृषिक्षेत्रसँग सम्बन्धित विकसित नवीनतम प्रविधिको बारेमा कृषकलाई जानकारी गराउन तथा कृषकहरूको पीरमर्का, समस्या र गुनासोको सम्बोधन गर्दै कृषि उत्पादन वृद्धि गर्नको लागि कृषकसँग गाउँपालिका कार्यक्रम संचालन गरिनेछ ।

१८६. कृषि पेशालाई व्यवसायिक गर्नको लागि उत्कृष्ट कृषि उपज उत्पादन गर्ने कृषकहरूलाई अध्यक्ष उत्कृष्ट कृषक सम्मान कार्यक्रमबाट सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१८७. व्यवसायिक कृषि उपजउत्पादन गर्न इच्छुक कृषकहरूलाई आवश्यक पर्ने विभिन्न तालिमहरू उपलब्ध गराइनेछ।

१८८. कृषि, पशु विकास, दुग्ध उत्पादनका लागि सहकारीको प्रवर्धन र विकासमा आधुनिक प्रविधि मार्फत उत्पादकत्व वृद्धि गर्न कृषि सहकारी र कृषक समूहहरूलाई व्यवसायिक तालिम प्रदान गरिनेछ।

१८९. जैविक विविधताको प्रवर्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकुलन प्रविधिहरूको विकास गरी कृषिजन्य उत्पादनमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ।

१९०. सामुहिक व्यवसायिक कृषि तथा पशु उत्पादन गर्ने समूह वा सहकारीहरूलाई विभिन्न प्रकारका समपूरक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१९१. फलफूल, तरकारी र घाँसको विरुवा उत्पादनका लागि व्यवसायिक नर्सरी स्थापना गर्नको लागि एक वडा एक नर्सरी कार्यक्रम संचालन गरी व्यवसायिक नर्सरी स्थापना हुन बाँकी रहेका वडाहरूमा व्यवसायिक नर्सरी स्थापना गरिनेछ ।

१९२. गाउँपालिकामा उत्पादित कृषि उपजहरूको बजारीकरणको लागि सहकारी संस्थाहरूसँग समन्वय गरी संकलन केन्द्र र पालिकास्तरीय कोल्डरुमस्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१९३. गाउँपालिकाको मुख्य बजार क्षेत्रमा हाटबजार संचालन गर्नआवश्यक व्यवस्था मिलाइनेछ ।

१९४. गाउँपालिका भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापन गर्दै कृषि उत्पादन वृद्धि गर्न घर-घरमा कम्पोष्टमल तयार गर्ने व्यवस्था मिलाइनेछ।

१९५. गाउँपालिकालाई कृषिमा आत्मनिर्भर गराउन सम्भाव्यताको आधारमा एक वडा एक उत्पादन कार्यक्रम संचालन गरिनेछ।

१९६. तरकारीमा आत्मनिर्भर हुन तथा अर्गानिक तरकारी उत्पादनको लागी एक घर एक करेसाबारी अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९७. कृषिउत्पादनलाई प्रोत्साहन गर्न कृषिसँग पोषण कार्यक्रम अभियानको रूपमा अगाडि बढाइनेछ।

१९८. गाउँपालिका भित्र उत्पादित विभिन्न कृषि उपजहरू, हस्तकलाका सामग्रीहरू, विभिन्न रैथाने कृषि बालीहरूको संकलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्दै लैजानको लागि गाउँपालिकामा संचालनमा रहेको पालिका कोसेली घरलाई थप व्यवस्थित गरिनेछ।

१९९. सुन्तला, मह, कागतीतथा तरकारीमा गाउँपालिका आत्मनिर्भर हुने गरी विभिन्न कार्यक्रमहरू अगाडि बढाइनेछ ।

२००. बाँझो जमिनमा उखु, टिमुर, कागती, ओखर, लप्सी, कुरीलो, अम्रिसो, जंगली फलफूल लगायतका विरुवाहरू रोपणको लागि आवश्यक अनुदानको व्यवस्था मिलाइनेछ।

२०१. बाँदर/बदेल लगायत वन्यजन्तुहरूबाट कृषकहरूलाई परेको समस्यालाई समाधान गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२०२. कृषि उत्पादनलाई वृद्धि गर्ने उद्देश्यले माटो परीक्षण कार्यको लागि आवश्यक उपकरण व्यवस्था मिलाइनेछ ।

२०३. पशु, कृषिसम्बन्धीका विभिन्न कार्यक्रमहरू संचालन गर्नको लागि सरकारी तथा गैरसरकारी संस्थाहरूसँग लागत साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

२०४. युवाहरूलाई कृषिमा उत्प्रेरीत गर्नयुवा लक्षित अनुदानका कार्यक्रमहरू संचालन गरिनेछ।

२०५. कृषकहरूले उत्पादन गरेका कृषि उपजहरूको बजारीकरणका लागि मुल्य निर्धारण गर्ने प्रक्रिया अवलम्बन गरिनेछ ।

२०६. कृषकहरूलाई कृषिमा प्रोत्साहन गर्न विभिन्न संघसंस्थासँग सहुलियत दरको ऋण लगानीको लागि आवश्यक समन्वय गर्दै कृषकको लागि कृषि ऋणमा लाग्ने ब्याजमा अनुदानको व्यवस्था मिलाइनेछ।

२०७. कृषकहरूलाई आइपर्ने समस्या समाधानको लागि बाली उपचार तथा पशु स्वास्थ्य शिविर संचालनको व्यवस्था मिलाइनेछ ।

२०८. कृषकहरूलाई कृषि पेशामा उत्प्रेरित गर्न उत्पादनमा अनुदान दिन आवश्यक व्यवस्था मिलाइनेछ।

२०९. गाउँपालिकाको कृषि तथा पशुपन्छी क्षेत्रमा नमूना कार्य संचालन गर्नको लागि हरित स्वस्यंसेवकहरूलाई प्रोत्साहन गरिनेछ ।

पशुपालन

२१०. पशुपालन व्यवसायमा गाउँपालिकालाई आत्मनिर्भर गराउन बंगुर/बाख्रा/कुखुरा लगायत पशुपंक्षी पालन सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।

२११. प्राकृतिक रूपबाट गर्भाधान संभव हुन नसकेमा नि:शुल्क कृत्रिम गर्भाधान गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

२१२. गाउँपालिकामा रहेका कृषि समूह, सहकारी र फर्मलाई बिउवीजन र घाँस उत्पादनमा आत्मनिर्भरबनाउन आवश्यक सहयोग उपलब्ध गराइनेछ।

२१३. बाख्रा तथा बोकामा गाउँपालिकालाई आत्मनिर्भर बनाउनको लागि साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गरिनेछ ।

२१४. पशु विकास कार्यक्रमलाई प्रभावकारी बनाउन नश्ल सुधारको लागि बोका, राँगो, बीर (बंगुर) समूह/सहकारी/फर्मलाई वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२१५. गाउँपालिकाका व्यवसायिक कृषकहरूलाई मापदण्ड तयार गरी गाई/भैसी पालनमा आकर्षण गर्दै पोषणलाई महत्त्व दिन गाई/भैसी सुत्केरी स्याहार भत्ता उपलब्ध गराइनेछ ।

२१६. गाउँपालिकाका पशुपालन किसानहरूलाई उत्प्रेरित गर्न पशु स्वास्थ्य चिकित्सकको व्यवस्था मिलाइनेछ ।

२१७. गाउँपालिका भित्रका जलासय र माछापोखरीहरूलाई संरक्षण गर्दै व्यवसायिक माछा पोखरी निर्माण गर्ने समूह/सहकारी/फर्महरूलाई आवश्यक अनुदान उपलब्ध गराई गाउँपालिकालाई माछा उत्पादनमा क्रमशः आत्मनिर्भर गराउदै माछाको उचित बजारीकरणको व्यवस्था मिलाइनेछ।

२१८. व्यवसायिक रूपमा दूध उत्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्न बिक्रीको आधारमा दूधमा अनुदान दिइने व्यवस्था मिलाइनेछ ।

सहकारी तथा वित्तीय संस्था

२१९. गाउँपालिका भित्र रहेका विभिन्न सहकारी संस्थाहरूको अभिलेखीकरण गर्दैएउटै उद्देश्यले स्थापना भएका सहकारीहरूलाई एकीकरण गर्ने नीति लिइनेछ।

२२०. सहकारीहरू ऐन, नियम र विनियम बमोजिम सञ्चालन भए नभएको अनुगमन गरी उत्कृष्ट काम गर्ने सहकारीलाई प्रोत्साहान गरिनेछ।

२२१. गाउँपालिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तीय संस्थाहरूलाई वडास्तरसम्म आफ्नो सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ।

२२२. गाउँपालिकामा संचालनमा रहेका वित्तीय संस्थाहरूलाई प्रचलित कानूनको दायरामा लिई वित्तीय संस्थालाई गाउँपालिकाको नीति अनुसार संचालनको लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२२३. गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि वित्तीय अवस्थामा सुधार गर्न करको दर कम र दायरा फराकिलो बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

२२४. महिलाहरूको सक्रिय सहभागितामा स्थापना हुने र संचालनमा रहेका लघु उद्योगहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२५. सहकारी मार्फत समुदायमा आर्थिक विकासका विभिन्न कार्यक्रमहरू संचालन गर्दै गाउँपालिकाका सहकारीहरूको सुदृढीकरणमा विशेष ध्यान दिइनेछ ।

२२६. महिलाहरू मात्र सदस्य रहेका सहकारीहरूलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(घ) भौतिक पूर्वाधार विकास तर्फ :

२२७. गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखि कार्य गरिनेछ ।

२२८. गाउँपालिकास्तरीय गौरवका आयोजनाहरू छनौट गरी कार्यान्वयनको लागि बजेटको सुनिश्चितता गरिनेछ।

२२९. सभ्य र सुखी समाज निर्माणको लागि महत्त्वपूर्ण भूमिका खेल्ने आमा समूहलाई उत्प्रेरित गराउन गाउँपालिकाको सबै वडाहरूमा आमा समूहका भवनहरू क्रमश: निर्माण गर्ने नीति लिइनेछ ।

२३०. गाउँपालिकामा योजना बैंकको स्थापना गरी प्राथमिकताका आधारमा विकास निर्माणका कार्यक्रमहरू संचालन गर्ने नीति लिइनेछ ।

२३१. नागरिकहरूलाई आधारभूत खानेपानी सुनिश्चितताको लागि WASH योजनामार्फत एक घर एक धाराको नीतिलाई निरन्तरता दिइनेछ ।

२३२. गाउँपालिकाको विभिन्न स्थानहरूमा सार्वजनिक शौचालयहरू निर्माण गरी सरसफाइ तथा सभ्यताको लागि आवश्यक कार्य गरिनेछ।

२३३. भौतिक पूर्वाधार सम्बन्धीका विभिन्न योजनाहरू संचालन गर्दा अन्तर स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्थाहरूसँग लागत साझेदारी कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

२३४. गाउँपालिकाका विभिन्न वडाका उपयुक्त स्थानमा व्याडमिन्टन/भलिवल कभर्डहल र क्रिकेट प्रशिक्षण स्थलहरूको निर्माण गरिनेछ ।

२३५. खानेपानीको मर्मत संभार तथा मुहान संरक्षण गर्दै आवश्यकता अनुसार लिफ्ट प्रविधि र ठूला खानेपानी आयोजना संचालन गरी सबै जनताहरूलाइएक घर एक धारा मार्फत स्वच्छ खानेपानी उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ।

२३६. गाउँपालिकाका रिङ्गरोडहरूलाई स्तरोन्नती र नामाकरण गर्दै गाउँपालिका भित्र सहज यातायात सेवाको लागि यातायात व्यवसायीहरूसँग आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइनेछ।

२३७. सडक, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरू जस्ता पूर्वाधारहरू सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ।

२३८. खर्ज्याङ्ग-दरबार-घुम्ती-गौडाकोट-जुभुङ्ग-मजुवा सडकलाई स्तरोन्नती गरी कालोपत्रे गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२३९. विपद् व्यवस्थापन र तत्काल उद्धार लगायतका कार्यको लागि वडा वडामा हेलिप्याड निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२४०. गाउँपालिका भित्रका सडकहरूमा ट्राफिक संकेतका चिन्हहरू र दुरीका संकेतहरू राखी यात्रालाई सूचना मुलक बनाउँदै मुख्य सडकहरूमा सौर्य सडक बत्ती जडान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२४१. सडक निर्माण गर्दा वातावरणमा परेको असरको मध्यनजर गर्दै आगामी वर्ष देखि नयाँ सडक बिस्तार भन्दासडक स्तरोन्नतीमा ध्यान केन्द्रित गरिनेछ।

२४२. गाउँपालिकाका मुख्य सडकहरूलाई सफा, सुन्दर बनाउन सडक तथा पैदल मार्ग र सार्वजनिक स्थलहरूलाई उज्यालो बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

२४३. हेभि इक्युपमेन्ट प्रयोग गरी कार्य गर्नुपर्ने अवस्थामा अनुमति प्राप्त हेभि इक्युपमेन्टबाट मात्र काम गराउनु पर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२४४. भवन निर्माण गर्दा भुकम्पीय जोखिम न्युनीकरण गर्ने तर्फ ध्यान दिँदै भवन आचार संहिताको पालना गराउन पहल गरिनेछ।

२४५. मौलिक नेपालीपन झल्किने तथा उच्च कलात्मक शैलिमा निर्मित नीजि आवास एवं सार्वजनिक भवनहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

२४६. पूर्वाधारहरूको दिगो व्यवस्थापन तथा उपयोगका लागि मर्मत संभार प्रणालीलाई व्यवस्थित गर्न मर्मत संभार कोषको व्यवस्था गरी मर्मत संभारका लागि आवश्यक पर्ने मेशिनरी औजारहरू जे.सि.वी., टिप्पर तथा ट्याक्टर लगायतका साधनहरू खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

२४७. गाउँपालिका भित्र रहेको विद्युत सेवालाई नियमित र गुणस्तरिय बनाउन आवश्यक पहल गरिनेछ।

२४८. विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा ठूला पूर्वाधारहरूको लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२४९. निर्माण गरिने पूर्वाधाहरूको दिगोपना र गुणस्तर कायम गर्नको लागि गाउँपालिकामा पूर्वाधार ल्याब स्थापना गर्नआवश्यक व्यवस्था मिलाइनेछ ।

२५०. गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पत्तिहरूको लगत तयार गरी संरक्षण गरिने छ ।

२५१. गाउँपालिका क्षेत्रभित्र निर्माण भएका घरहरूको अभिलेखीकरण गरी नयाँ संरचनाहरू निर्माण गर्दा अनिवार्य रूपमा गाउँपालिकाको स्वीकृति लिनु पर्नेसाथै गाउँपालिका भित्र निर्माण हुने RCC घरहरूले अनिवार्य रूपमा नक्सा पास गर्नेव्यवस्था मिलाइनेछ ।

२५२. गाउँपालिका भित्रका सडकहरूको आवश्यकताको आधारमा सडक मापदण्ड बनाई कार्यन्वयन गर्दै लगिनेछ।

२५३. आफ्नै भवन नभएका वडा कार्यालयहरूका प्रशासकीय भवन निर्माण गरिनेछ ।

२५४. गाउँपालिकास्तरीय खेलमैदान र कभर्डहल निर्माणका लागि आवश्यक पहल गरिने छ ।

२५५. गाउँपालिका क्षेत्र भित्रका सडक तथा विभिन्न पूर्वाधारहरूको मर्मत सम्भार, स्वास्थ्य तथा सरसफाइ, कृषि तथा सिंचाइ, वन जलाधार, पर्यटन लगायतका विकास निर्माणका विभिन्न कार्यहरूमा बेरोजगारको सूचीमा रहेका व्यक्तिहरूलाई प्रोत्साहन गरिनेछ।

२५६. सिंचाइ कुलोहरू निर्माण गरी कृषि उत्पादनमा बृद्धि गरिने छ ।

२५७. साना खालका पूर्वाधारहरूको निर्माण तथा सडक मर्मत सम्भार गर्ने कार्यमा हेभि इक्विपमेन्टको प्रयोग नगरी स्थानीयलाई रोजगार दिने नीति अवलम्बन गरिनेछ ।

पर्यटन पूर्वाधार

२५८. गाउँपालिकामा रहेको ऐतिहासिक गुल्मीदरबार, भुवाने पार्क, ताराखसे लगायत गाउँपालिका भित्रका विभिन्न मठ मन्दिरलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नको लागि पर्यटन पूर्वाधार कार्यक्रम नीजि क्षेत्रको समेत लागत साझेदारीमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२५९. गाउँपालिकामा लगानी सम्मेलन आयोजना गरी निजी क्षेत्रको साझेदारीमा पर्यटन पूर्वाधारका विभिन्न संरचनाहरू निर्माण गरिनेछ ।

२६०. समग्र गाउँपालिकाको पर्यटन प्रर्वद्धनको लागि हाम्रो वडा राम्रो वडा अभियान संचालन गर्दै एक वडा एक पर्यटकीय स्थल निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।

२६१. अतिथि देवो भव भन्ने संस्कारलाई कायम राख्न गाउँपालिकाका विभिन्न स्थानहरूमा होमस्टे संचालन गरिनेछ।

२६२. गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन गर्ने एवं विभिन्न जातजातिहरूको धर्म, संस्कृतीको संरक्षण, सम्बर्द्धन गर्दै धार्मिक पर्यटनलाई बढावा दिने नीति लिइनेछ।

२६३. ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक आकर्षणका स्रोत र सम्पदालाई आर्थिक आर्जनको आधार बनाइनेछ।

२६४. गाउँपालिकाको भूवाने पार्क लगायत अन्य उपयुक्त स्थानमा पर्यटन विकासको लागि साहसिक खेलहरू जस्तै स्काई साइक्लिङ, बन्जी जम्मिङ, जिप लाइन, स्वीङ्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

२६५. गाउँपालिकाको उपयुक्त स्थानहरूमा आवश्यकतानुसार झोलुङ्गेपुल तथा मोटरेवल पुलको निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

२६६. गाउँपालिकाका ऐतिहासिक तथा धार्मिकस्थलहरूको गुरुयोजना निर्माण गरी पर्यटन उद्योगलाई प्रवर्धन गरिनेछ।

२६७. गाउँपालिका भित्र रहेका विभिन्न टोलहरूमा आवश्यक पर्यटन पूर्वाधारहरू (बाल उद्यान, फूलबारी, पार्क, व्यायामशाला) निर्माण गरिनेछ।

२६८. गाउँपालिकामा संचालनमा रहेका विभिन्न कृषि फर्म, पशुपालन र एग्रो रिसोर्टहरू जस्ता आर्थिक गतिविधिलाई पर्यटकीय गतिविधिसँग आवद्ध गरी आय आर्जन वृद्धि गरिनेछ।

२६९. गाउँपालिकाका सबै वडाहरूमा वडाको पहिचान सहितका होर्डिङ्ग बोर्डहरूको स्थापना गरीनेछ ।

(ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ :

२७०. "हरियो वन नेपालको धन" भन्ने नारालाई आत्मसाथ गर्दै एक नागरिक एक रुख रोपणको कार्यक्रम संचालन गरी वन क्षेत्रको संरक्षण गरिनेछ।

२७१. प्लाष्टिक झोलाको प्रयोगले वातावरणमा परेको असरलाई न्युनीकरण गर्न गाउँपालिकामा उद्यमी सिर्जना गरी फाइबर तथा कपडाको झोलाको प्रयोगलाई बढावा दिन आवश्यक अनुदानको कार्यक्रम संचालन गरिनेछ।

२७२. विपद् व्यवस्थापनको लागि व्यापक रूपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

२७३. प्राकृतिक तथा गैर प्राकृतिकविपद् जोखिम तथा क्षतीको न्युनीकरण गर्न विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ।

२७४. कोभिड-१९ सरुवा रोग लगायतका गैर प्राकृतिक विपद् तथा प्राकृतिक विपद् व्यवस्थापनको लागि विपद् कोषमा आवश्यक रकम विनियोजन गरी कोषको रकम स्वीकृत मापदण्ड बमोजिम उद्धार, राहत र सहयोगमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

२७५. विपद् पूर्व तयारीको लागि आवश्यक विपद् सामग्रीहरूको व्यवस्था मिलाइनेछ ।

२७६. विपद् व्यवस्थापनको लागि गाउँपालिकामा आपतकालिन केन्द्र संचालन गरिनेछ।

२७७. विपद् प्रभावित नागरिकको तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ताकपडा, औषधी, सरसफाइ तथा शैक्षिक सामग्री जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत्सम्बन्धी अन्य आवश्यक कार्य गरी तत्काल राहत उपलब्ध गराइनेछ।

२७८. विपद् जोखिम न्युनीकरणको लागि जोखिम क्षेत्र वा बस्तीको नक्साङ्कन गरी आवश्यक व्यवस्था मिलाइनेछ।

२७९. गाउँपालिकामा दमकल संचालनको लागि अन्य स्थानीयतहरूसँग समेत साझेदारीको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

२८०. खानेपानीको स्रोतलाई दीर्घकालीन बनाउन पानीका मुहान, पोखरी संरक्षणमा विशेष जोड दिइनेछ।

२८१. पानीको स्रोत जोगाउनको लागि कम्तिमा "एक वडा एक पुनर्भरण पोखरीको" निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२८२. गाउँपालिका भित्र रहेका सबै वन सम्पदाहरूको विभिन्न वन समितिहरूको सहकार्यमा संरक्षण, व्यवस्थापन गर्दै वृक्षारोपण गरिनेछ।

२८३. गाउँपालिकाक्षेत्र भित्र रहेका सम्पूर्ण नदिजन्य पदार्थहरूको उत्खनन् विस्तृत अध्ययन प्रतिवेदनको आधारमा मात्र गर्ने व्यवस्था मिलाइनेछ।

२८४. स्तरोन्नती गरिएका र गर्ने सडकहरूको दायाँ बायाँ भागमा ठूला प्रजातीका रुखहरूको विरुवा रोपण गर्ने कार्यलाई अभियानको रूपमा संचालन गरिनेछ ।

२८५. सडक स्तरोन्नती कार्यहरूमा बायो-इन्जिनियरिङ्गलाई प्राथमिकता दिइनेछ ।

यस नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सहयोग गर्नुहुनेसम्पूर्ण कार्यपालिका सदस्यहरू, विषयगत समितिका पदाधिकारीहरू, गाउँपालिकाका विद्वत् वर्गहरू, हामीलाई विभिन्न क्षेत्रबाट रायसुझाव उपलब्ध गराउनु हुने व्यक्तित्वहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, नागरिक समाज, पत्रकार र सम्पूर्ण गाउँपालिकाका नागरिकहरूलाई हार्दिक धन्यवाद दिँदै यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबैले मन, बचन र कर्मले सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै बिदा हुन चाहन्छु।धन्यवाद, नमस्कार।

सरोजकुमार थापा
अध्यक्ष

मिति २०७९/०३/०७ गते

गुल्मीदरबार गाउँपालिका

विनियोजन ऐन, २०७९

गुल्मीदरबार गाउँपालिका, गौंडाकोट, गुल्मीको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

प्रस्तावना :

गुल्मीदरबार गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गुल्मीदरबार गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "गुल्मीदरबार गाउँपालिका, गौंडाकोट, गुल्मीको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक वर्ष २०७९/८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४६,७८,२४,००० (अक्षेरुपी छयालीस करोड अठहत्तर लाख चौबीस हजार मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त गुल्मीदरबार गाउँपालिका, गुल्मीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा

बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम

रकम रू. हजारमा

क्र. सं.	अनुदान संख्या	शीर्षकको नाम चालु खर्च	चालु खर्च	पूँजिगत खर्च	वित्तीय व्यवस्था	जम्मा
१	२	३	४	५	६	७
१		गाउँ कार्यपालिका र अन्तर्गत	३४१३५४	१२६४७०		४६७८२४

गुल्मीदरबार गाउँपालिकाको

आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

गुल्मीदरबार गाउँपालिकाका अध्यक्षज्यू, गाउँकार्यपालिकाका सदस्यहरू, गाउँसभाका सदस्यहरू, राष्ट्रसेवक कर्मचारी, संचारकर्मी मित्रहरूमाहार्दिक नमस्कार,

जनताको लोकतान्त्रिक स्थानीय सरकार निर्माणमा २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनमा आफ्नो अमूल्य मतदिई स्थानीय सरकारको नेतृत्व हामीलाई सुम्पनु भएका सम्पूर्ण नागरिकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । गुल्मीदरबार गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष ०७९/८० को बजेट यस सम्मानीत सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु। नेपालको संविधान कार्यान्वयनको क्रममा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँगको अन्तरसम्बन्ध, सहकारीता, सह अस्तित्व र समन्वयको मर्मभित्र रही तयार गरिएको स्थानीय सरकारको बजेटको छुट्टै महत्त्व रहेको छ ।

कोभिड-१९ संक्रमणको कारण शिथिल भएको अर्थतन्त्रलाई चलायमान गराउँदै गाउँपालिकाको सीमित स्रोत साधनलाई अधिकतम परिचालन गरी कृषि, स्वास्थ्य, शिक्षा, सुशासन, पूर्वाधार निर्माण, रोजगार, विपद् व्यवस्थापन लगायतका क्षेत्रहरूलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम र बजेटको तर्जुमा गरिएको छ। गुल्मीदरबार गाउँपालिकाको नेतृत्व लिनुभएका गाउँपालिकाका प्रथम अध्यक्ष श्रद्धेय अशोककुमार थापाको समृद्ध र सुखी स्थानीय सरकार निर्माण गर्ने मार्गमा हामीहरू लम्किरहेका छौं, सबल र सक्षम स्थानीय सरकार निर्माणमा उहाँको अमूल्य योगदानको उच्च मूल्याङ्कन गर्दै हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु ।

सम्मानित यस सभाबाट प्राप्त महत्त्वपूर्ण सुझाव सहित पारित नीति तथा कार्यक्रमको मर्म, भावना र सीमा भित्र रही बजेटको तर्जुमा गरिएको छ ।बजेट तर्जुमा गर्दा संघ र प्रदेश सरकार सँग समन्वय र साझेदारी गर्दै उपलब्ध न्यूनतम स्रोत र साधनलाई अधिकतम उपभोग गर्नुपर्ने मान्यतालाई आत्मसाथ गरिएको छ ।नेपालको संविधानमा उल्लेखित स्थानीय तहको अधिकार, सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारको भूमिका, विगतका वर्षहरूमा संचालित विकास आयोजनाहरूको कार्यान्वयनको अवस्था, नागरिकको अपेक्षालाई ध्यानमा राख्दै चालु आर्थिक वर्षका कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन हुने गरी बजेट विनियोजन गरिएको छ । बजेट तर्जुमा गर्दा मूलत: नेपालको संविधान, प्रचलित कानुनहरू, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाले पारित गरेको नीति तथा कार्यक्रम र विभिन्न संघ संस्था एवम् विद्धतवर्गहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई विशेष ध्यान दिइएको छ । गाउँपालिकाको सीमित बजेट तथा स्रोत साधनका बावजुद गुल्मीदरबार गाउँपालिकाबासीको विकास निर्माणका चाहनाहरूलाई पूर्ति गर्न सुखी र समृद्ध गाउँपालिका निर्माणको महानअभियानमा एकजुट भई अघि बढ्नका लागि गाउँपालिकाका सम्पूर्ण नागरिकहरू, राजनीतिक दलहरू, जनप्रतिनिधिहरू, नागरिक समाज, गाउँपालिकाको बौद्धिक वर्ग, पत्रकार, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ संस्थाहरूलाई हार्दिक अपिल गर्दछु।

बजेटको सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरू :

(क) **सोंच :** "सबल, सक्षम उत्थानशील स्थानीय सरकार : समृद्ध र समुन्नत गुल्मीदरबार"

(ख) **लक्ष्य :** "सुशासन, स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार निर्माणको क्षेत्रमा समुचित विकास गरी गाउँपालिकाको आर्थिक अवस्थामा सुधार ल्याउने"

(ग) **उद्देश्यहरू :**

- कृषि तथा पशुपालन उद्यम परियोजना संचालन गरी कृषिमा आत्मनिर्भर हुने,
- नागरिकको स्वास्थ्यलाई उच्च प्राथमिकता दिने,
- प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरुको रोकथाम, नियन्त्रण तथा न्यूनीकरणमा विशेष ध्यान दिने,
- शिक्षामा सबै बालबालिकाको समान पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने,
- गाउँपालिकामा पूर्वाधारहरू निर्माण गरी नागरिकलाई विकासको अनुभूत गराउने,
- एक घर एक धारा अभियान संचालन गरी खानेपानीका आयोजनाहरू संचालन गर्ने र सरसफाइमा नागरिकको सहज पहुँच पुर्याउने,
- गाउँपालिकालाई सुरक्षित आवासयुक्त गाउँपालिका बनाउन खरका छानामुक्त बनाउने,
- जनतालाई केन्द्रमा राखी चुस्त दुरुस्त र प्रभावकारी र प्रविधिमैत्री सेवा प्रवाह गर्ने,
- स्वरोजगार र रोजगारी वृद्धि गर्ने,
- गाउँपालिकाको आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी खुसी, सुखी, समृद्ध र समुन्नत गाउँपालिका बनाउने
- नागरिकलाई स्थानीय सरकारको अनुभूत गराउने,
- लघु उद्यम सम्बन्धी कार्यक्रम संचालन गरी स्वरोजगार बनाउने,
- गाउँपालिकामा पर्यटन पूर्वाधारहरू निर्माण गरी पर्यटनमा टेवा पुऱ्याउने,
- राजश्व संकलनमा पारदर्शीता कायम गर्दै राजश्व चुहावटलाई निर्मूल गर्ने,
- सुशासनयुक्त गाउँपालिका निर्माण गर्ने,

(घ) अपेक्षित उपलब्धिहरू :

- नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरी विपद् व्यवस्थापन गर्दै विभिन्न संक्रामक रोगहरूको संक्रमण रोकथाम तथा नियन्त्रण गरिने,
- सडक निर्माण गुरुयोजना तथा मापदण्ड निर्माण गरी स्पष्ट योजना मार्फत ३ वर्ष भित्र सबै वस्ती सडक सञ्जालबाटजोड्ने र गाउँपालिकाका सडकहरूको स्तरोन्ततीं गरिने,
- सबै वडा कार्यालयको प्रशासनकीय भवन निर्माण गरी वडा कार्यालयलाई नागरिक सेवाकेन्द्रको रूपमा विकास गर्दै नागरिकले अनुभुत हुने गरी सेवा प्रवाह गरिने,
- गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य अगाडि बढाउने
- गाउँपालिकाभित्रका प्रत्येक नागरिकलाई सूचनाको हकको प्रत्याभूती दिलाउनगाउँपालिकाको समग्र गतिविधि समावेश गरी E-bulletin प्रकाशन गरिने र जनउत्तरदायी स्थानीय सरकारको अनुभूत गराउन जनतासँग गाउँपालिका रेडियो तथा टिभी कार्यक्रम संचालन गरिने ।
- मासिक रूपमा गाउँपालिकाको समग्र सेवा प्रवाह, विकास निर्माण, सुशासन लगायतका विषयमा नागरिको चासो गुनासो र प्रतिकृया बुझी नागरिकको अपेक्षा अनुसार कार्य गर्दै जनउत्तरदायी स्थानीय सरकारको रूपमा गाउँपालिकालाई स्थापित गर्न जनतासँग अध्यक्ष कार्यक्रम संचालन गर्ने,
- स्थानीय सरकारको जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्न विभिन्न रेडियो, पत्रिका, वेभसाईट, सामाजिक सञ्जाल, मोवाइलएप्स एसएमएस मार्फत सूचना प्रवाहमा जोड दिइनेछ ।
- गाउँपालिकाको सेवाप्रवाहलाई नागरिकमैत्री बनाउन सेवाको मापदण्ड (SOP) तयार गरी कार्यान्वयनमा ल्याउने ।
- कर्मचारीको स्पष्ट कार्यविवरण तोकी जिम्मेवार बनाई जनउत्तरदायी र पारदर्शीता कायम गरिने।
- गाउँपालिका मार्फत भवन निर्माण कार्यविधि निर्माण गरी नक्सा पास गरेर मात्र भवन निर्माणकार्य अघि बढाइने ।
- गाउँपालिकाको सर्वागीङ्ण विकासको लागि सामाजिक समावेशीकरणको नीति लागु गरिनेछ ।
- प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षसँग र शाखा प्रमुखहरूले प्रमुख प्रशासकीय अधिकृतसँग विभिन्न सूचकहरूको आधारमा कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीको मूल्याङ्कन गरिने।

- विद्यालयको गुणस्तर कायम गर्न प्रधानाध्यापकले गाउँपालिकासँग कार्य सम्पादन गरी शिक्षामा गुणस्तर कायम गरिने ।
- गाउँपालिकामा सुशासन कायम गर्दै नागरिक मैत्री प्रभावकारी सेवा प्रवाहको लागि कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरी कर्मचारीलाई प्रोत्साहन गरिने ।
- राजश्व संकलनलाई पारदर्शीता कायम गर्न अनलाइन मार्फत राजश्व संकलन गरी आफूले तिरेको करको विवरण नागरिकको मोबाईलमा एसएमएस मार्फत जानकारी दिने व्यवस्था मिलाई संकलित राजश्वको विस्तृत विवरण हरेक १–१ महिनामा सार्वजनिक गरिने।
- सार्वजनिक खर्चको अनुगमन र नागरिक सन्तुष्टी सर्भेक्षण जस्ता स्थानीय सरकारलाई जवाफदेही बनाउन अपनाइने विश्वव्यापी लोकतान्त्रिक विधिहरूलाई अनिवार्य रूपमा अवलम्बन गरिने।
- जनताको जनगुनासो व्यवस्थापनको लागि गुनासो सुनुवाई संयन्त्र सञ्चालन गरिने
- स्थानीय उत्पादनलाई प्रोत्साहन गरी कृषि र पशुपालनमा आत्मनिर्भर बनाइनेछ।
- कृषि उत्पादन वृद्धि गर्दै कृषकलाई उत्प्रेरित गर्नको लागि कृषकलाई अनुदान दिने।
- व्यवसायिक कृषकहरूलाई ऋणमा अनुदान दिइने।
- संघीय तथा प्रदेश सरकार, दातृ संस्था, गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा आयमूलक, सिपमुलक र स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- कृषि, पशुपालन, पूर्वाधार निर्माण, पर्यटन उद्योग स्थापना लगायतका क्षेत्रहरूमा सरकारी नीजि तथा गैर सरकारी संस्थासँग लागत साझेदारीका कार्यक्रम संचालन गरिने।
- गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षा दिने विद्यालयको सूचकहरू निर्माण गरी त्यसको लागिअभिभावकको संलग्नता, शिक्षकको क्षमता विकास, शैक्षिक सामाग्रीको पर्याप्तता र प्रयोगमा सहयोग, सहजीकरण र नियमन गरिनेछ।
- मातृ तथा शिशु मृत्यूदर घटाउन, संस्थागत प्रसुतीलाई प्रोत्साहन गर्न, सरसफाइ, पोषण र परिवार नियोजनको कार्यक्रमलाई एकीकृत रूपमा संचालन गर्नको लागि मेरी आमा कार्यक्रम तथा उपाध्यक्ष पोषिलो प्याकेज कार्यक्रम संचालन गरिनेछ।
- नगर प्रहरी नियुक्त गरी सार्वजनिक सम्पत्तिको संरक्षण, स्थानीय सरकारको नीति, निर्णय, मापदण्ड रकानूनको कार्यान्वयन गरिनेछ।

(ङ) बजेटका मुख्य प्राथमिकताहरू

- कृषि तथा पशुपालन
- खानेपानी तथा सरसफाइ
- कोभिड-१९ लगायतका संक्रामक रोगहरूको संक्रमण रोकथाम तथा नियन्त्रण र विपद् व्यवस्थापन
- गुणस्तरीय र सर्भसुलभ स्वास्थ्य सेवा,
- नागरिकको घरघरमा खानेपानीको सेवा उपलब्ध गराउने,
- गाउँपालिकाका सडकस्तरोन्ती गर्ने,
- क्रमागत रूपमा संचालनमा रहेका आयोजनाहरूको निर्माणकार्य पुरा गर्ने,
- रोजगारी र स्वरोजगारी सिर्जना गरी अर्थतन्त्रलाई गतिशिल बनाउने,
- फोहरमैला व्यवस्थापनको लागि डम्पिङ्ग साईट निर्माण गर्ने,
- पूर्वाधार निर्माण र पर्यटन विकासका कार्यक्रम संचालन गर्ने,
- गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि सामाजिक समावेशीकरणको नीति लिने,
- गाउँपालिकाबाट गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्ने

४. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरू :

(क) समग्र नीति तथा आधारहरू : राज्यका निर्देशक सिद्धान्त, मौलिक हक, सङ्घीयता कार्यान्वयन, गरीवी न्युनीकरण, आर्थिक तथा वित्तीय आत्मनिर्भरता, दिगो विकास लक्ष्य, मध्यमकालीन खर्च संरचना, लैङ्गिक उत्तरदायीत्व सम्बन्धी नीति आदि।

(ख) क्षेत्रगत नीति तथा आधारहरू:

(१) आर्थिक क्षेत्र : उत्पादन, रोजगारी, व्यवसाय प्रवर्धन, सहकारिता विकास, उत्पादनमा अनुदान र गरिबी हटाउने।

(२) सामाजिक विकास : गुणस्तरीय शिक्षा, शिक्षामा सबै बालबालिकाको पहुँच, समावेशी विकास, भेदभाव तथा छुवाछुतरहित समाज, स्वास्थ्य सेवामा सबैको पहुँच, सवैका लागि खानेपानी, तथा सरसफाइ, महिला, बाल तथा अपाङ्गमैत्री सेवा आदि ।

(३) पूर्वाधार क्षेत्र : यातायात पहुँच, उत्पादन वृद्धि उन्मुख, वातावरण मैत्री, सेवा प्रवाहमा सरलताका लागि कार्यालयका भवनहरू, बजार, आवासविहिनका लागि आवास योजना, दिगो पूर्वाधार उपयोग, उर्जा, विद्युत्, सञ्चार र सूचनामा पहुँच।

(४) वन वातावरण तथा विपद व्यवस्थापन : वन, जैविक विविधता संरक्षण, वातावरणमैत्री विकास तथा शासन, जलवायू परिवर्तन अनुकूलन, गाउँपालिकामा फोहर मैला व्यवस्थापनको लागि डम्पिङ्ग साइड निर्माण, प्रकोप नक्साङ्कन तथा विपद व्यवस्थापन आयोजना, वाढी पहिरो नियन्त्रण आदि ।

(५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन : कानून निर्माण, सङ्गठन व्यवस्थापन, दरवन्दी तथा पदपूर्ति, पदाधिकारी तथा कर्मचारीको क्षमता विकास, विद्युतीय शुसासन, पारदर्शिता, सेवा प्रवाह मापदण्ड, सञ्चार माध्यमको उपयोग, सेवामा नागरिकहरूको पहुँच, वित्तीय व्यवस्थापन तथा लेखापरीक्षण ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा सम्पादन गरेका मुख्य उपलब्धीहरू

चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण

भौतिक उपलब्धी

१. गुल्मीदरबार गाउँपालिकामा १५ शैयाको आधारभूत अस्पताल निर्माणको कार्य अगाडि बढाइएको ।

२. गाउँपालिकाको सबै वडा र टोल वस्तिहरूमा मोटरबाटो विस्तार र स्तरोन्नती गर्ने कार्यभएको ।

३. गुल्मीदरबार गाउँपालिकाको सबै वडा कार्यालयहरू स्थापना गरी वडा कार्यालयलाई प्रभावकारी रूपमा संचालन गरिएको।

४. आफ्नै भवन नभएका वडा कार्यालयहरूलाई आफ्नै भवन निर्माणको प्रक्रियाहरू गरिएको।

५. नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सबै वडाहरूमा आधुनिक स्वास्थ्य चौकी निर्माण गर्ने नीति अनुरूप सबै वडामा स्वास्थ्य चौकी निर्माणका कार्यहरू भइरहेका छन् । वडा नं. ४ मा भवन निर्माण कार्य भइरहेको छ भने अन्य वडाहरूमा भवन निर्माण कार्य सम्पन्न भएका छन्।

६. सुविधासम्पन्न विद्यालय भवन निर्माण गर्ने नीति अनुरूप गाउँपालिकाका विभिन्न विद्यालय भवन निर्माणका कार्यहरू भइरहेका छन् ।

७. गाउँपालिका भित्र ठूला खानेपानी योजना अन्तर्गत खहरे खानेपानी तथा अमर अर्वाथोक लिफ्ट खानेपानी योजना सम्पन्न भई एक घर एक धारा कार्यान्वन भएको, अर्वाङ्गदि गैरा लिफ्ट खानेपानी, भलायचौर लिफ्ट खानेपानी, बठवाखोला लिफ्ट खानेपानी, बोटेपुच्छार सुपलेघाट लिफ्ट खानेपानी, झाक्रेपानी लिफ्ट खानेपानी, नुनथला लिफ्ट खानेपानी, मल्दी लिफ्ट खानेपानी र खोरिया खोल्सी लिफ्ट खानेपानी सम्पन्न हुने गरी कार्य भएको ।

८. वडा नं. ५-४-२ जोड्ने खर्ज्याङ्ग-बाख्रे-बन्द्रखुट्टा-वीरबास-सिस्ने-जुभुङ्ग मोटरबाटो, वडा नं. १ र २ को झिरबास-नेटा-टापु-रैनादी-डल्लीखोला, वडा नं. ६ र ५ को उपल्लो हटिया-चिनिया पोखरी-भरुवा-राङ्गबास-खर्ज्याङ्ग मोटरबाटो स्तरोन्नती बनाउने कार्य संचालन गरिएको छ ।

९. खर्ज्याङ्ग दरबार घुम्ती गौँडाकोट जुभुङ्ग मजुवा सडकको स्तरोन्नती तथा कालोपत्रे गर्न आवश्यक पहल भइरहेको।

१०. गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरिएको ।

११. एक वडा एक खेलमैदान अभियान अन्तर्गत विभिन्न वडाहरूमा खेलमैदान निर्माण कार्य अगाडि बढाइएको ।

१२. गुल्मीदरबार गाउँपालिका र अर्घाखाँचीको छत्रदेव गाउँपालिका जोड्ने निसानटारीमा ट्रस्ट बृज निर्माण सम्पन्न भएको।

१३. चारपाला दरबार, रेसुङ्गा तपोभूमी, भुवाने पार्क, उजेलादेवी मन्दिर लगायतका विभिन्न मठ मन्दिरहरू निर्माण, मर्मत सम्भार र सौन्दर्यीकरण गरी पर्यटन पूर्वाधार निर्माण गरिएको ।

१४. नागरिकहरूको सुरक्षित आवासको लागि करिब ९७ प्रतिशत खरका छाना मुक्त गाउँपालिका बनाइएको ।

१५. राहत उद्धार कार्यलाई सहज बनाउनको लागि विभिन्न वडा वडामा हेलिप्याड निर्माण कार्य अगाडि बढाइएको ।

१६. विपद् राहत उद्धारका न्यूनतम सामग्रीहरू खरिद गरी जोहो गरिएको ।

१७. गाउँपालिकाको मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिएको ।

आर्थिक तथा सामाजिक उपलब्धी

१८. कृषि र पशुपालनमा आत्मनिर्भर गाउँपालिका निर्माणको लागि रु ५ करोडको लागतमा गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना संचालन गरिएको ।

१९. साना कृषि विकास कार्यक्रम अन्तर्गत बाख्रा पकेट कार्यक्रम वडा नं. ६ मा संचालन गरिएको ।

२०. गाई/भैँसी पालक कृषकहरूका गाई/भैँसी वीज वृद्धिको लागि नि:शुल्क रूपमा AI को व्यवस्था मिलाइएको ।

२१. वडा नं. १, २, ४ र ५ मा बंगुर पालन कार्यक्रम संचालन गरिएको साथै वडा नं ५ मा बंगुर स्रोतकेन्द्र स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइएको ।

२२. वडा नं. २ मा बाख्रा पालन र वडा नं. ६ मा भैँसीपालन सम्बन्धी कृषक पाठशाला संचालन गरिएको ।

२३. कृषकहरूको समस्या पहिचान गर्दै आवश्यक परामर्श प्रदान गर्न कृषकसँग गाउँपालिका कार्यक्रम संचालन गरिएको।

२४. गाउँपालिकामा साना लघुउद्यम विकासको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिएको ।

२५. गाउँपालिकामा उत्पादन भएका अर्गानिक कृषि उपज तथा हस्तकलाका सामग्रीहरूलाई बजारीकरण गर्नको लागि पालिका कोशेली घर र उद्यमीहरूको लागि साझा सुविधा केन्द्र संचालन गरिएको ।

२६. साना कृषि व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत खाद्यान्नर बाली कार्यक्रम वडा नं. ६ मा र तरकारी तथा आलु खेती कार्यक्रम वडा नं. ३ मा गरी २ वटा कृषि पकेट विकास कार्यक्रम संचालन गरिएको।

२७. लुम्बिनी प्रदेश सरकारको सहकार्यकमा वडा नं. १ को शिवपुरी, टारी, बुढिचौर र माझिगाउँ र वडा नं. २ को घोराहा फाँटमा स्मार्ट कृषि कार्यक्रम संचालन गरिएको ।

२८. वडा नं. ४ को गरमटारीमा सुधारीएको गरा सहितको चक्लावन्दी कार्यक्रम संचालन गरिएको ।

२९. वडा नं. १ मा बोटेगाउँ र कुमाल गाउँ, वडा नं. ३ को निदुर र वडा नं. ४ को वीरवास र बाख्रे, वडा नं. ५ को ग्वालीनचौरमा नमुनाको रूपमा एक घर एक करेसाबारी कार्यक्रम संचालन गरिएको।

३०. वडा नं. २, ४ र ५ मा एक गाउँ एक उत्पादन कार्यक्रम अन्तर्गत तरकारी खेती कार्यक्रम संचालन गरिएको ।

३१. मह उत्पादनमा आत्मनिर्भर बन्नक वडा नं. १, ३, ४ र ७ मा मौरी विकास कार्यक्रम संचालन गरिएको ।

३२. गाउँपालिका भित्र रहेको बाँझो खेतीयोग्य जग्गा उपयोगको लागि भूमि बैंकको स्थापना गरी बाँझो जग्गाको उपयोगको कार्य अगाडी बढाइएको ।

३३. गरिबीको रेखामुनी रहेका नागरिकलाई उद्यमशील बनाई उनीहरूको आयआर्जन वृद्धि गर्नको लागि गरिबी निवारणको लागि उद्यम विकास कार्यक्रम संचालन गरिएको ।

३४. जेष्ठक नागरिक, दलित जेष्ठक नागरिक सम्मान तथा अन्तक्रिया कार्यक्रम अन्तर्गत सबै वडामा फाइवर सिरक र ब्ल्याङ्केट उपहार प्रदान गरी सम्मान गरिएको ।

३५. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम अन्तर्गत कानुनी तथा चेतनामूलक कार्यक्रम संचालन गरिएको।

३६. महिला समूह तथा संस्थामा आवद्ध भएका महिलालाई समूह तथा सहकारी संस्था संचालन, घरेलु तथा लैङ्गिक हिंसा, नेतृत्व तथा संचार सिप, प्रजनन स्वास्थ्य, ग्रामीण व्यवसाय, महिला सशक्तीकरण लगायतका विषयमा अनुशिक्षण तालिम सबै वडामा संचालन गरिएको ।

३७. टोलटोलमा प्राथमिक उपचार कार्यक्रम को पहुँच पुर्याचउन महिला स्वास्थ्य स्वयमसेवीकाहरू र स्वास्थ्य शिक्षकहरूलाई प्राथमिक उपचार कार्यक्रम सम्वन्धी तालिम संचालन गरी प्राथमिक उपचार सामग्री सहितको किट बक्स प्रदान गरिएको ।

३८. गाउँपालिकामा अस्थायी कोभिड अस्पताल संचालन गरी नागरिकलाई कोभिड संक्रमण रोकथाम नियन्त्रणको लागि आवश्यक कार्यहरू संचालन गरिएको ।

३९. सुरक्षित प्रसुति सेवा प्रवाहको लागि बर्थिङ्ग सेन्टर संचालन गरिएको ।

४०. किसोरावस्थामा हुन सक्ने शारीरिक मानसिक तथा सामाजिक परिवर्तनको कारण हुनसक्ने असहजताबाट बचाउन विद्यार्थीहरूको लागि साथी शिक्षा कार्यक्रम संचालन गरिएको ।

४१. गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै गाउँपालिकाको कोशेली वितरण, सुरक्षीत प्रसुती, सुत्केरी तथा नवशिशु भेट, स्वास्थ्य परिक्षण साथै बच्चाको तौल अनुगमनको साथै पोषणको लागि अण्डा वितरण, परिवार नियोजन, सरसफाइ जस्ता कार्यक्रमलाइ एकीकृत गरी कस्तो छ आमा कार्यक्रम संचालन गरिएको।

४२. दिर्घ रोगीका लागि निःशुल्क औषधी उपचार कार्यक्रम प्रभावकारी रूपमा संचालन गरिएको ।

४३. ८४ बर्ष उमेर पुगेका जेष्ठ नागरिकहरूको घरघरमै स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य परिक्षण तथा उपचार कार्यक्रम संचालन गरिएको।

४४. कक्षा १ देखि ३सम्मको स्थानीय पाठ्यक्रम तयार गरी कक्षा १ को हाम्रो गुल्मीदरबार नामक पाठ्यपुस्तक तयार गरिएको ।

४५. कोभिड-१९ को कारणले गर्दा अवरुद्ध भएको शैक्षिक क्रियाकलापलाई वैकल्पिक माध्यमबाट निरन्तरता दिइएको।

वातावरणीय उपलब्धी

४६. गाउँपालिकामा हरियाली र स्वच्छ वातावरण कायम राख्नमको लागि वन संरक्षण तथा वृक्षारोपणको कार्य गरिएको ।

४७. गाउँपालिकामा ठूला योजनाहरू संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाइएको ।

४८. प्रत्येक वडामा खानेपानी मुहान संरक्षणको लागि पुनर्भरण पोखरीहरू निर्माण अभियान संचालन गरिएको ।

४९. गाउँपालिकाका डम्पिङ्ग साइट निर्माणको लागि समपूरक अनुदानमा कार्यक्रम राखिएको ।

५०. फोहोरमैला व्यवस्थापनको लागि घर घरमा कम्पोष्टपमल उत्पादन गर्ने कार्य संचालन गरिएको ॥

संस्थागत उपलब्धी

५१. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू सम्बन्धित वडाहरूमा संचालन भई नियमित रूपमा सेवा प्रवाह गरिरहेको।

५२. गाउँपालिकाको गतिविधिहरूलाई सबै नागरिकहरू समक्ष पुर्याि्उनको लागि डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र, सामाजिक सञ्जाल र वेवसाइट मा सार्वजनिक गर्ने गरिएको।

५३. कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई नागरिक मैत्री बनाउँदै नागरिकको सहायताको लागि नागरिक सहायता कक्ष स्थापना, चुस्त दुरुस्त र गुणस्तरयुक्त सेवा प्रवाहको लागि कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरी सुशासन कायम गर्न सफल भएको ।

५४. गाउँपालिकाको समग्र गतिविधिहरू समावेश गरी सबै नागरिकलाई सूचनाको पहुँच कायम गर्न मासिक रूपमा E-bulletin प्रकाशन गरिएको ।

५५. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरू नागरिकलाई सु-सूचित गरी जनउत्तरदायी सरकार बनाउन र जवाफदेहीता कायम गर्न विभिन्नो कार्यक्रम संचालन गरिएको ।

५६. गाउँपालिकामा विभिन्नत अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यालयबाट तथा घुम्तिसेवा मार्फत अपाङ्ग परिचय पत्र वितरण गरी गाउँपालिकाको तर्फबाट प्रदान गरिने सेवा सुविधामा पहुँच सुनिश्चित गरिएको ।

५७. गाउँपालिकामा महिलाको नेतृत्वमा रहेका विभिन्नस संघ संस्थाहरूमा क्रियाशिल महिलाहरूलाई विभिन्नन विषयमा प्रशिक्षण गरी महिला सशक्तीकरणको कार्यक्रम संचालन गरिएको ।

५८. गाउँपालिकामा रहेका बेरोजगारहरूको सूची EMIS Entry गरी जम्मा यस आ.व. मा २१३ जनालाई रोजगारी दिइएको ।

५९. प्रदेश सरकारको सहयोगमा गाउँपालिकाको WASH Plan को लागि आवश्यक तथ्याङ्क संकलन भई प्रोफाईल बनाउने कार्य गरिएको ।

६०. स्थानीय सरकार गठन भए देखि हालसम्म पूर्वाधार विकास, सामाजिक तथा आर्थिक विकास तथा संस्थागत विकासको लागि भए गरेका विभिन्न गतिविधिहरू समावेश गरी "गुल्मीदरबार दर्पण" नामक पुस्तक र भिडियो डकुमेन्ट्रि निर्माण गरिएको ।

६१. गुल्मीदरबार गाउँपालिकाको समग्र क्षेत्रलाई समावेश गरी गाउँपालिका पहिचान गीतको निर्माण गरिएको ।

६२. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजश्वे संकलनमा अनलाईन प्रविधिको प्रयोग गरी राजश्वल संकलन गर्ने व्यवस्था मिलाइएको जसले राजश्वप संकलनमा पारदर्शीता कायम गरी दैनिक राजश्वलको अभिलेखिकरण गर्ने कार्य गरिएको ।

६३. गाउँपालिकाकालाई आवश्यक पर्ने अधिकांश जनशक्तिको पदपूर्ति भई सकेको र केही रिक्त रहेको पदमा पदपूर्ति हुने व्यवस्था मिलाइएको ।

६४. राष्ट्रसेवक कर्मचारीहरूको मनोवल उच्च राखी सेवा प्रवाहलाई छिटो छरितो र सेवाग्राही मैत्री बनाउने उद्देश्यले कार्य सम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिएको ।

६५. गाउँपालिकाका विषयगत शाखा र वडा कार्यालयहरूबाट भएका कार्यहरूको मासिक रूपमा समीक्षा गर्ने व्यवस्था मिलाइएको ।

६६. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बिच कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीलाई जवाफदेही बनाइएको ।

६७. प्रविधिमैत्री कार्यालय संचालनको लागि आवश्यक व्यवस्था मिलाइएको ।

अब म आगामी आर्थिक वर्षको आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

आम्दानी (आय) तर्फ

सि.नं.	विवरण	रकम
	संघीय सरकार तर्फ	
१	वित्तिय समानीकरण अनुदान	१० करोड ६६ लाख
२	संघीय सरकारको सर्शत अनुदान	१८ करोड ८३ लाख
३	संघीय सरकारको विशेष अनुदान	२ करोड
४	संघीय सरकारको समपूरक	७० लाख
५	संघीय सरकारको राजश्व बाँडफाँड	८ करोड १५ लाख ९२ हजार
संघीय सरकारको जम्मा :४० करोड ३४ लाख ९२ हजार		
	प्रदेश सरकार तर्फ	
१	प्रदेश सरकार वित्तिय समानीकरण	५६ लाख ७९ हजार
२	प्रदेश सरकार शर्शत अनुदान	८० लाख
३	प्रदेश सरकार विशेष अनुदान	६० लाख
४	प्रदेश सरकार समपूरक अनुदान	१ करोड ५० लाख
५	प्रदेश सरकारको राजश्व बाँडफाँड	५९ लाख ६६ हजार
प्रदेश सरकारको जम्मा ४ करोड ०६ लाख ४५ हजार		
	जम्मा	
	गाउँपालिका आन्तरिक आय	
	आन्तरिक आय	४० लाख
	अ.ल्या.	५ करोड ०४ लाख ३१ हजार
कुल जम्मा आय :५१ करोड ४९ लाख ६१ हजार		

खर्च (व्यय) तर्फ

चालु खर्च : ३४ करोड ८३ लाख ०६ हजार

पूँजीगत खर्च : १६ करोड ६६ लाख ५५ हजार

जम्मा : ५१ करोड ४९ लाख ६१ हजार

श्रद्धेय सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षमा गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

सामाजिक विकास तर्फ :

शिक्षा तर्फ :

१. गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रलाई चलायमान गराउँदै गुणस्तरीय शिक्षाको लागि शिक्षा क्षेत्रमा रु. १ करोड ७६ लाख ७० हजार रकम विनियोजन गरेको छु ।

२. गउँपालिकामा युवा तथा विद्यार्थीलाई खेलकुद प्रति आकर्षण बढाई खेलकुदका क्षेत्रमा बृहत्तर हितको लागि गाउँपालिकास्तरीय खेलकुद शिक्षकलाई निरन्तरता दिनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३. विद्यालयहरूको मनोबल उच्च राख्नर विद्यार्थीहरूको संख्याको आधारमा उत्कृष्ट विद्यालयलाई प्रोत्साहन अनुदान कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

४. माध्यमिक तहका विद्यार्थीहरूको खेलकुदमा प्रोत्साहन गर्नको लागि अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५. गाउँपालिकाका गरिब जेहेन्दार विद्यार्थीहरूको लागि अध्यक्ष अशोककुमार थापा छात्रवृत्तीको लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

६. जेहेन्दार विद्यार्थी तथा विपन्न विद्यार्थीहरूको विद्यालय सामग्रीहरूको व्यवस्थापन तथा छात्रवृत्तीको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

७. विद्यालयका शिक्षक, बालबिकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूलाई प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

८. विद्यार्थीहरूलाई संघीयता, सुशासन सेवा प्रवाह, भष्ट्रचार निवारण, उपभोक्ता हक र खाद्य सुरक्षा, साईवर अपराध, घरेलु/ लैङ्गिक हिंसा, स्वास्थ्य तथा नैतिक शिक्षा लगायतका विषयमा अनुशिक्षण गर्न विद्यार्थीसँग गाउँपालिका कार्यक्रम संचालनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

९. विद्यालयका बालबालिकाहरूमा रहेको अन्तरनिहित प्रतिभा प्रस्फुटनको लागि अध्यक्ष नानीबाबु प्रतिभा प्रस्तुतीकरण कार्यक्रम संचालनार्थ आवश्यक रकम विनियोजन गरेको छु ।

१०. शिक्षकहरूको क्षमता विकासको लागि विभिन्न विषयगत शिक्षकहरूलाई तालिम लगायतका कार्यक्रमको लागि लागि रु. ६ लाख ५० हजार विनियोजन गरेको छु ।

११. गाउँपालिकाको समग्र शैक्षिक सुधारगरी प्रधानाध्यापकलाई जवाफदेही बनाउन कार्यसम्पादनमा आधारित प्रधानाध्यापक भत्ता कक्षा १-३ तथा कक्षा १-५सम्म संचालन भएका आधारभूत विद्यालयका प्र.अ. को लागि लागि मासिक ५ सय, कक्षा १-८ संचालन भएका आधारभूत विद्यालयको लागि मासिक ७ सय र माध्यमिक विद्यालयको लागि मासिक रु १ हजार का दरले प्र.अ. भत्ताको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१२. गुल्मीदरबार गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न, गरिब तथा जेहेन्दार विद्यार्थी १ (एक) जनालाई नि:शुल्क MBBS अध्ययनको लागि रु. १० लाख रकमको व्यवस्था गरेको छु ।

स्वास्थ्य तर्फ :

१. स्वास्थ्य क्षेत्रका विभिन्न कार्यक्रमका लागि रु. १ करोड ७ लाख ७० हजार रकम विनियोजन गरेको छु।

२. गुल्मीदरबार गाउँपालिकाका असहाय तथा आर्थिक रूपले विपन्न नागरिकहरूको स्वास्थ्य उपचारको लागि नि:शुल्क स्वास्थ्य बिमाको लागि रु ३० लाख रकम बिनियोजन गरेको छु ।

३. गाउँपालिका भित्रका विभिन्न स्वास्थ्य चौकीहरूको व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४. स्वास्थ्य चौकीहरूमा आम नागरिकहरूको लागि तोकिएका औषधीहरू नि:शुल्क वितरण गर्न तथा दिर्घरोगीहरूको निःशुल्क औषधीको लागि आवश्यक बजेट रु. १६ लाख रकम विनियोजन गरेको छु ।

५. गाउँपालिकामा रहेका ६८ वर्ष माथीका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परिक्षणका लागि घर घरमा स्वास्थ्य सेवा प्रवाह कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. गर्भवती महिलाको स्वास्थ्यलाई मध्यनजर गरी नियमित रूपमा स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाई संस्थागत प्रसुतीलाई प्रेरित गर्दै प्रसुतीको लागि नि:शुल्क एम्बुलेन्स/अन्य यातायात वापतको लागि आवश्यक बजेट रु २५ लाख व्यवस्था मिलाएको छु।

७. आमासँग गाउँपालिका कार्यक्रम अन्तर्गत मातृशिशु सेवा, सरसफाइ तथा पोषण कार्यक्रमलाई एकीकृत गरी उपाध्यक्ष पोषण प्याकेज सहित थप प्रभावकारी बनाउन मेरी आमा : स्वस्थ आमा कार्यक्रम सञ्चागलनको लागि रु. ९ लाख रकम विनियोजन गरेको छु।

८. पूर्ण संस्थागत सुत्केरी अभियानलाई थप प्रभावकारी बनाउनको लागि नि:शुल्क ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम (Video X-Ray) संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. स्वास्थ्य चौकीमा सुरक्षित प्रसुती गराउने कार्यमा संलग्न नर्सिङ्ग कर्मचारीहरू प्रोत्साहनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

१०. गम्भिर प्रकृतिको रोगले पीडित गाउँपालिकाका असाहय र विपन्न नागरिकहरूको लागि उपचारमा एम्बुलेन्स/यातायात खर्च उपलब्ध गराउन आवश्यक रकमको व्यवस्था गरेको छु ।

११. स्वास्थ्य आमा समूह पुनर्जागरण, स्वास्थ्य सचेतना, स्वास्थ्य शिविर लगायतका कार्यक्रम सञ्चालनका लागि रु. ८ लाख रकम विनियोजन गरेको छु ।

१२. स्वास्थ्य प्रवर्द्धनात्मक आयुर्वेदिक योग शिविर तथा स्वास्थ्य शिविर संचालनका लागि रकम रू. ५ लाख ५० हजार विनियोजन गरेको छु ।

१३. किसोरावस्थामा हुन सक्ने शारीरिक मानसिक तथा सामाजिक परिवर्तनको कारण हुनसक्ने असहजताबाट बचाउन विद्यार्थीहरूको लागि साथी शिक्षा कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

१४. महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन गर्दै समुदायमा परिचालन गर्दै स्वस्थ समाज निर्माण गर्नका लागि गाउँपालिकाको तर्फबाट मासिक रु. १५००।- का दरले यातायात खर्च तथा संचार सेवा उपलब्ध गराउनको लागि आवश्यक रकम रु. १५ लाख विनियोजन गरेको छु।

उद्योग तथा वाणिज्य तर्फ :

१. गाउँपालिकाका युवा उद्यमीहरूलाई प्रोत्साहन गर्दै उद्यमी बनी आत्मनिर्भर बन्नको लागि अध्यक्ष युवा उद्यम कार्यक्रम संचालनको लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

२. गाउँपालिका भित्र संचालन हुने अचार, सेनेटरी प्याड, फाइवर झोला, लगायतका उद्यमीहरूलाई अनुदान दिनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३. गाउँपालिकामा लघु उद्यम सम्बन्धी कार्यक्रम संचालन गरी स्वरोजगारी तथा रोजगारी सिर्जना गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

खानेपानी तथा सरसफाइ तर्फ :

१. ठूलोखोला-काब्रेपोखरी-सुर्योदय-सोलार मुस परियोजना वडा नं. २ मा संचालन गर्नका लागि गाउँपालिका र प्रदेश सरकारको समपूरकमा रू. १ करोड रकम विनियोजन गरेको छु।

२. गाउँपालिका स्तरीय एकघर एकधारा कार्यक्रम संचालन गरी सबै नागरिकको घरघरमा खानेपानीको सेवा उपलब्ध गराउन गाउँपालिका र प्रदेश सरकारको समपूरकमा रू. १ करोड रकम विनियोजन गरेको छु।

३. नागरिकहरूको स्वच्छ तथा शुद्ध खानेपानीमा पहुँच पुर्यारउने उद्देश्यले खानेपानी तथा सरसफाइ कार्यक्रम तर्फ रु. ४४ लाख ८० हजार रकम विनियोजन गरेको छु

पर्यटन तथा संस्कृति प्रवर्धन :

१. पर्यटन पूर्वाधार तथा विभिन्न साहसिक खेल तथा पूर्वाधारहरू निर्माणको सम्भ्यावता अध्ययन समेतका लागि रकम रू. २० लाख ३५ हजार विनियोजन गरेको छु ।

२. गाउँपालिका भित्रका धार्मिक, साँस्कृतिक प्रवर्धन गर्नको लागि विभिन्न मठ मन्दिरहरू निर्माण तथा मर्मत संभार र सौन्दर्यीकरणको लागि आवश्यक रकम रु. १७ लाख ८५ हजार विनियोजन गरेको छु ।

३. गाउँपालिकामा होमस्टे संचालन गरी आन्तरिक तथा बाह्यक पर्यटनलाई प्रवर्धन गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४. बोटे माझी तथा संस्कृत भाषा संरक्षणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

खेलकुद तर्फ :

१. खेलकुद तर्फ युवाहरूलाई प्रोत्साहन गर्नको लागि वडा नं. ४ मा श्रीनगर ब्याडमिन्टन कभर्डहल निर्माण गर्नको लागि रकम रू. १४ लाख विनियोजन गरेको छु ।

२. गाउँपालिकाका खेलाडीहरूलाई थप उत्प्रेरित बनाउन अध्यक्ष कप खेलकुद कार्यक्रम संचालन गर्नको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

३. युवा प्रतिभाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले खेलकुद प्रवर्धनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

१. गाउँपालिकाका नागरिकहरूलाई न्यूनतम २० युनिटसम्मको विद्युत महशुल गाउँपालिकाबाट भुक्तानी हुने तथा सामुदायिक विद्युत प्रयोग गर्नेहरूको हकमा १० युनिटसम्मको विद्युत महशुल गाउँपालिकाबाट नि:शुल्क उपलब्ध गराउन रु २५ लाख रकम बिनियोजन गरेको छु ।

२. गाउँपालिकामा खरको छाना भएका नागरिकहरूको खरका छाना विस्थापित गर्ने कार्य अन्तिम चरणमा रहेको हुँदा खरका छाना मुक्त गाउँपालिका घोषणा गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

३. विपन्नल नागरिकको सुरक्षित आवास निर्माणको लागि रू.१० लाख रकम विनियोजन गरेको छु ।

४. महिला, दलित, आदिवासी जनजाति, एकल नागरिक र सामाजिक समावेशीकरण कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक रकम रु. ११ लाख २० हजार विनियोजन गरेको छु ।

५. महिला सीपमुलक तालिम, किशोरी आत्मसुरक्षा, महिला नेतृत्व विकास, मनोसामाजिक परामर्श, अन्तरपुस्ता सिप हस्तान्तरण लगायतका कार्यको लागि आवश्यक रकम रु.१० लाख ८० हजार विनियोजन गरेको छु ।

६. महिलाहरूले संचालन गरेका साना लघु उद्यमहरूलाई प्रवर्धन गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

७. सहकारीहरूलाई सक्षम र सबल बनाउनको लागि सहकारीहरूको सुदृढीकरणको लागि रु. ४ लाख रकम विनियोजन गरेको छु ।

८. जेष्ठ नागरिकसँग गाउँपालिका, बालबालिकासँग गाउँपालिका, जनतासँग गाउँपालिका, संचारकर्मीसँग गाउँपालिका, अपाङ्गसँग गाउँपालिका, जनतासँग अध्यक्ष लगायतका कार्यक्रमहरू संचालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

आर्थिक विकास तर्फ :

१. गुल्मीदरबार गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको लागत साझेदारीमा गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता परियोजना संचालनको लागि रकम रू. १ करोड १० लाख विनियोजन गरेको छु ।

२. कृषि सम्बन्धी विभिन्न कार्यक्रमको लागि ६८ लाख ९५ हजार रकम विनियोजन गरेको छु ।

३. कृषिक्षेत्रसँग सम्बन्धित विकसित नविनतम प्रविधिको बारेमा कृषकलाई जानकारी गराउन तथा कृषकहरूको पिरमर्का, समस्या र गुनासोको सम्बोधन गर्दै कृषि उत्पादन वृद्धि गर्नको लागि कृषकसँग गाउँपालिका कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४. गाउँपालिकामा सम्भाव्यता भएका वस्तुहरूमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ एक वडा एक उत्पादन कार्यक्रम संचालनको लागि रू. ३ लाख रकम विनियोजन गरेको छु ।

५. कृषि उत्पादन वृद्धि गर्नका लागि माटोको अवस्था यकिन गर्न माटो मिनी ल्याब संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. कृषिमा यान्त्रीकरण तथा नयाँ प्रविधिको प्रयोगमा कृषकको पहुँच बढाउनको लागि कृषि यन्त्र तथा प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी, मल्चिङ्ग प्लास्टिक आदि जस्ता प्रविधि मा ६०% अनुदानमा वितरणका लागि रू. ६ लाख रकम विनियोजन गरेको छु ।

७. सबै नागरिकलाई तरकारीमा आत्मनिर्भर बनाई विषादी रहित तरकारी उत्पादन गरी स्वस्थ नागरिक बनाउनको लागि एकघर एक करेसाबारी कार्यक्रम सञ्चालनको लागि आवस्यक रकम विनियोजन गरेको छु ।

८. गाउँपालिकामा रहेको खेतियोग्य बाँझो जग्गाको उपयोग गर्न भूमि बैंक कार्यान्वयनको लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

९. कृषकहरूको आत्मसम्मानमा वृद्धि गर्ने उद्देश्यले अध्यक्ष कृषक सम्मान कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

१०. तरकारी, फलफुल तथा मौरी उत्पादनमा वृद्धि गर्दै लैजानका लागि रकम रू. ५ लाख व्यवस्था गरेको छु ।

११. पशुपंछी तर्फ नि:शुल्क कृत्रिम गर्भाधान र पशु औषधी खरिद कार्यक्रमका लागि रु. ७ लाख रकम विनियोजन गरेको छु ।

१२. कृषकहरूलाई व्यवसायिक पशुपालन तर्फ आकर्षित गर्नको लागि पशुपंक्षी पालन अनुदान कार्यक्रममा रु. ५ लाख रकम विनियोजन गरेको छु ।

१३. भकारो सुधार र भैंसीमा नश्लसुधार गर्नको लागि उन्नत जातको राँगोमा कृषकलाई ५०% अनुदानमा वितरणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१४. कृषि तथा पशुपालनको क्षेत्रमा हुने जोखिम न्यूनीकरण गर्नको लागि नि:शुल्क बाली तथा पशुपंक्षी बिमाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१५. व्यवसायिक कृषकहरूलाई थप प्रोत्साहन स्वरूप दूध तथा कृषि उपजहरूको उत्पादनमा आधारित अनुदान उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१६. मत्स्य विकास, पशु स्वास्थ्य शिविर, एग्रो टुरिजम, टनेल घर निर्माण, अध्यक्ष कृषक सम्मान तथा कृषक तालिम कार्यक्रमको लागि रकम रू. ७ लाख बजेट विनियोजन गरेको छु ।

१७. कृषकहरूलाई प्रोत्साहन गर्नका लागि विभिन्न संघ संस्थासँग सहुलियत दरको ऋण लगानीको लागि आवश्यक समन्वय गर्दै कृषकको लागि कृषि ऋणमा लाग्ने ब्याजमा अनुदान दिनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

१८. गाउँपालिका भित्र दुग्ध उतपादनमा वृद्धि गर्न प्रोत्साहनका लागि व्यवसायिक पशु सुत्केरी कार्यक्रम संचालनको लागि आवस्यक बजेट विनियोजन गरेको छु ।

१९. गाउँपालिकाका नागरिकहरूलाई रोजगारीमा आवद्ध गराउन आवश्यक व्यवस्था गरेको छु ।

भौतिक पूर्वाधार तर्फ :

१. गाउँपालिकाको समग्र विकासको लागि भौतिक पूर्वाधार तर्फ प्राप्त भएको रकमबाट रु २ करोड २८ लाख ६५ हजार रकम विनियोजन गरेको छु ।

२. गाउँपालिकाका विभिन्न सडकहरू निर्माण तथा स्तोरन्नतीको लागि रु ३६ लाख रकम विनियोजन गरेको छु ।

३. गाउँपालिकाका विभिन्न स्थानहरूमा सामुदायिक भवनहरू निर्माण गर्नको लागि रु २६ लाख रकम विनियोजन गरेको छु ।

४. वडा कार्यालय-लुम्पेक कोट-बुढीचौर-डल्लीखोला मोटर बाटो स्तरोन्नलतीको लागि गाउँपालिका र संघीय सरकारको समपूरकमा रू. १ करोड ४० लाख रकम विनियोजन गरेको छु।

५. बलिथुम जनज्योती प्रा.वि. घेराबार को लागि रू. १० लाख, हकुले खोला कुमाल गाउँ सिंचाइ योजना, बलिथुमको लागि रू. १० लाख, घुर्ती भैँडीखोर दल्वाङ्ग हुँदै मिसुगा वीरबास सडक विस्तार तथा स्तरोन्न ती, जुभुङ्गको लागि रू. २० लाख, वीरबास जिमी बाँधखोला मोटरबाटो विस्तार, वीरबासको लागि रू. १० लाख, चिलाङ्गटारी लाम्पाटा सिंचाइ योजना, अमरअर्वाथोकको लागि रू. २० लाख र रिपाहाखोल्सा दोमई खानेपानी योजना, अमरअर्वाथोकको लागि रू. १० लाख गरी जम्मा रकम रू. ८० लाख विनियोजन गरेको छु।

६. गाउँपालिका भित्रका खेतियोग्य जग्गामा सिंचाइको व्यवस्थाका लागि रु. ११ लाख विनियोजन गरेको छु

७. गाउँपालिकामा विभिन्न स्थानमा रहेका खानेपानी टंकीहरू तथा पधेरो मर्मत संभारको लागि रु ११ लाख रकम विनियोजन गरेको छु ।

८. गाउँपालिका भित्रका मुख्य मोटरबाटोहरूलाई बाह्रै महिना सुचारु गराउनको लागि सडक मर्मत सम्भारको लागि रु. ५५ लाख ६० हजार रकम विनियोजन गरेको छु ।

९. संघीय सरकारको विभिन्न समपूरक योजनाहरू संचालन गर्नको लागि रु ३० लाख रकमको व्यवस्था गरेको छु।

१०. गाउँपालिका भित्रका मुख्य मोटरबाटोहरूलाई बाह्रै महिना सुचारु गराउनको लागि हेभी इक्विप्मेन्ट खरिदको लागि रकम रू. ४५ लाख विनियोजन गरेको छु।

वन तथा भू-संरक्षण तर्फ :

१. भू-संरक्षण कार्यक्रमका लागि रु. १२ लाख ६० हजार रकम विनियोजन गरेको छु ।

भवन तथा सहरी विकास :

१. फोहोर मैला व्यवस्थापन अन्तर्गत गाउँपालिकाको वडा नं. ३ मा डम्पिङ्ग साइट निर्माणको लागि गाउँपालिका र प्रदेश सरकारको समपूरक अनुदानमा रु. १ करोड रकम विनियोजन गरेको छु ।

२. गुल्मीदरबार-6 मा अवस्थित श्री ईश्व.री मा.वि.को १६ कोठे भवन निर्माणलाई निरन्तरता दिनको लागि रू. २ करोड रकम विनियोजन गरेको छु।

३. गाउँपालिकाको प्रशासकीय भवन निर्माण प्रकृया अगाडी बढाउनका लागि रु. ५० लाख रकम विनियोजन गरेको छु ।

४. ६ नं. वडा कार्यालय भवन निर्माणको लागि रु. २५ लाख रकम विनियोजन गरेको छु । साथै भवन निर्माण सम्पन्न हुन बाँकी भएका वडाहरूको लागि आवश्यक व्यवस्था गरेको छु ।

५. भवन तथा सहरी विकास तर्फ जनविकास भवन वाईरिङ्ग तथा खेलमैदान, मिसुगा बालशिक्षा भवन निर्माण, रानीपोखरा महिला भवन ट्रस्ट निर्माण, पन्चवली डाँडामा ट्रष्ट निर्माण लगायत विभिन्नि भवन तथा ट्रस निर्माणको लागि रू. १६ लाख २५ हजार रकम विनियोजन गरेको छु।

विपद् व्यवस्थापन तर्फ :

१. विपद्मान परेका नागरिकहरूलाई तत्काल राहत तथा उद्दारको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

२. प्राकृतिक प्रकोपहरू जस्तै बाढी पहिरो तथा विभिन्न महामारी रोगको रोकथाम तथा नियन्त्रणका लागि विपद् व्यवस्थापन कोष स्थापना गर्न रकम रु. ३० लाख विनियोजन गरेको छु ।

सुशासन तथा संस्थागत विकास :

१. नागरिकलाई सूचनाको हकको प्रत्याभुति गराई चुस्तदुरुस्त सेवा प्रवाह र प्रविधिमैत्री कार्यालय निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२. जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाहको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३. नागरिक केन्द्रित सेवा प्रवाह गर्दै गाउँपालिकाको समग्र सुशासन कायम गर्न कर्मचारीहरूलाई उत्प्रेरित बनाई कार्य गर्नको लागि कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहनको लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

४. स्थानीय जनताको सुरक्षा, सम्पत्तीको संरक्षण, स्थानीय सरकारको नीति, निर्णय, मापदण्ड, विपद् व्यवस्थापन, बजार अनुगमन, सेवा प्रवाह आदि कार्यको लागि नगर प्रहरी परिचालनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

५. राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षकलाई उत्प्रेरित गरी उत्कृष्ठ कार्य सम्पादन गरी गाउँपालिकाको बृहत्तर हितमा लगाउनको लागि कर्मचारीको सुरु तलबमानमा १५% का दरले वृद्धि गरेको छु ।

६. प्राविधिक कर्मचारीहरूलाई काम प्रति उत्प्रेरित र जवाफदेही बनाउनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

७. गाउँपालिकाका सबै वडा कार्यालयहरू र वडा कार्यालयको नजिकै रहेका मुख्य व्यापारिक क्षेत्र तथा संवेदनशील स्थानहरूमा CCTV जडान गरी सुरक्षित समाज निर्माणको लागि रू. १५ लाख रकम विनियोजन गरेको छु ।

८. हाम्रो विकास हाम्रै लागि, हाम्रो संरचना हाम्रो सम्पत्ती भन्नेण अभियान संचालन गरी सार्वजनिक संरचनाहरूको संरक्षण गर्दै वडा कार्यालयको सहयोगी संस्थाको रूपमा गठन भएका टोल विकास संस्था लगायतका संघ संस्थाहरूलाई परिचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

श्रद्धेय अध्यक्ष महोदय,

आर्थिक वर्ष ०७९/०८० को आय व्ययको विवरण अनुसूचीहरूमा उल्लेख गरेको छु ।

मैल माथि प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलब्ध स्रोत र साधनको उच्चतम उपयोगबाट नागरिकको जीवनस्तरमा सुधार भई सुखी र समृद्ध गाउँपालिका निर्माणको अभियानमा सहयोग पुग्नुको साथै सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता एवम् गुणस्तर अभिवृद्धि भई सुशासनको प्रत्याभूति हुने विश्वास लिएको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा सहयोग गर्ने अध्यक्षज्यू, कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू, गाउँपालिकाका राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधिहरू, गाउँपालिकाका विद्वत वर्गहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, शिक्षकहरू, पत्रकारहरू, बजेट निर्माणको क्रममा अमूल्य रायसुझाव उपलब्ध गराउनुहुने सम्पूर्ण महानुभावहरू र गाउँपालिकाबासीहरू प्रति हार्दिक आभार प्रकट गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दै सुखी, समृद्ध र समुन्नत गाउँपालिका निर्माणको महान यात्रामा हातेमालो गर्दै सहभागि हुन आह्वा न गर्दछु ।

जय गुल्मीदरबार !! धन्यवाद नमस्कार !!

तारा थापा ढेंगा
उपाध्यक्ष

अनुसूची १

आय व्ययको विवरण (आ.व.२०७९/८०)

रु. हजारमा

शीर्षक	आ.व. ०७७/७८ को यथार्थ	आ.व. ०७८/७९ को संशोधित अनुमान	आ.व. ०७९/८० को अनुमान
आय	१९,३८,३४	४८,२२,७७	४६,४५,३०
राजश्व	५,८०,९७	८,०९,७०	९,१५,५८
आन्तरिक स्रोत		४०,००	४०,००
११३१४ भूमीकर/मालपोत		५,००	१५,००
११३२१ घरवहाल कर		१,००	०
११६११ व्यवसायले भुक्तानी गर्ने		०	८,००
११६९१ अन्य कर		१,५०	३,५०
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री		५०	०
१४२४३ सिफारिश दस्तुर		१७,००	८,००
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर		४,००	५,५०
१४२६५ अन्य क्षेत्रको आय		५,००	०
१४६११ व्यवसाय कर		४,००	०
राजश्व बाँडफाँडबाट प्राप्त रकम	५,८०,९७	७,६९,७०	८,७५,५८
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	५,३७,५७	३,७६,७७	८,१५,९२
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क		३,३६,७७	०
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	४३,३९	५६,१५	५९,६६
अन्य आय		२,००	०
१४५२९ अन्य राजश्व		२,००	०
अन्तर सरकारी वित्तीय हस्तान्तरण	१३,५७,३७	४०,११,१८	३७,२९,७२
संघीय सरकार	९,२६,००	३६,६९,२३	३३,८२,९३
१३३११ समानीकरण अनुदान	९,२६,००	९,९६,००	१०,६६,००
१३३१२ शसर्त अनुदान चालु		२२,१८,२३	१९,४९,९३
१३३१३ शसर्त अनुदान पूँजीगत		१,२२,००	९७,००
१३३१५ विषेश अनुदान पूँजीगत		२,९१,००	२,००,००
१३३१७ समपूरक अनुदान पूँजीगत		४२,००	७०,००
प्रदेश सरकार	४,३१,३७	३,४१,९५	३,४६,७९

रु. हजारमा

शीर्षक	आ.व. ०७७/७८ को यथार्थ	आ.व. ०७८/७९ को संशोधित अनुमान	आ.व. ०७९/८० को अनुमान
१३३११ समानीकरण अनुदान	५०,३७	४६,५१	५६,७९
१३३१२ शसर्त अनुदान चालु	१,४८,५०	८५,४४	०
१३३१३ शसर्त अनुदान पूँजीगत		०	८०,००
१३३१४ विषेश अनुदान चालु	१,२०,००	६०,००	६०,००
१३३१६ समपूरक अनुदान चालु	१,१२,५०	१,५०,००	०
१३३१७ समपूरक अनुदान पूँजीगत		०	१,५०,००
बैदेशिक			
जनसहभागिता		१,८९	०
वित्तीय व्यवस्था (प्राप्ति)			
व्यय	४२,५१,७९	५३,२६,३४	५१,४९,६१
चालु	२७,२२,०८	३६,६८,८६	३४,८३,०६
२११११ पारिश्रमिक कर्मचारी	३,८१,३०	१५,१५,८५	५,५२,२६
२११११ पारिश्रमिक पदाधिकारी	७५,४७	९६,००	९०,००
२११२१ पोशाक	५,४०	२४,३०	६,८०
२११२२ खाद्यान्न	०	०	३,००
२११२३ औषधीउपचार खर्च	१,९५	११,००	५,००
२११३१ स्थानीय भत्ता	२,८७	७,२५	६,७८
२११३२ महंगी भत्ता	५,३४	४,५०	६,५०
२११३३ फिल्ड भत्ता	३,००	६,०८	५,००
२११३४ कर्मचारीको बैठक भत्ता	४,९४	५,००	५,५०
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	३०,८४	३४,५०	२७,००
२११३९ अन्य भत्ता	२,८९	१,००	१६,५०
२११४१ पदाधिकारी बैठक भत्ता	१८,९२	१८,००	१८,००
२११४२ पदाधिकारीअन्य सुबिधा	०	०	२,००
२१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	२,७९	५,००	५,००
२१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च	९	३,००	१,५०
२१२१४ कर्मचारी कल्याण कोष	०	३,००	६,५०
२२१११ पानी तथा बिजुली	३,०८	५,००	३०,००

रु. हजारमा

शीर्षक	आ.व. ०७७/७८ को यथार्थ	आ.व. ०७८/७९ को संशोधित अनुमान	आ.व. ०७९/८० को अनुमान
२२११२ संचार महसुल	१०,१७	१०,११	१६,०५
२२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च	०	०	२,२५
२२२११ इन्धन (पदाधिकारी)	४,७५	६,००	८,००
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	१०,९०	२०,५०	३३,००
२२२१३ सवारी साधन मर्मत खर्च	५,५९	१२,००	१०,००
२२२१४ बिमा तथा नवीकरण खर्च	३,००	३,१५	३,१५
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२,०२	७,००	५,००
२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	१५,३९	२७,२०	०
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	२७,५९	२५,५५	२८,९०
२२३१३ पुस्तक तथा सामग्री खर्च	१,९६	२,००	२,००
२२३१४ इन्धन -अन्य प्रयोजन	१	१,००	२,००
२२३१५ पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च	८,८७	१२,३०	१०,५०
२२४११ सेवा र परामर्श खर्च	४,३६	६,५०	७,००
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	०	४,००	४,००
२२४१३ करार सेवा शुल्क	८९,५२	७५,००	०
२२४१४ सरसफाइ सेवा शुल्क	०	५०	५०
२२४१९ अन्य सेवा शुल्क	८०	५,००	०
२२५११ कर्मचारी तालिम खर्च	२,९९	०	६,००
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	३५,४०	६२,६६	२६,००
२२५२१ उत्पादन सामग्री /सेवा खर्च	९,३५	३,५०	१८,५०
२२५२२ कार्यक्रम खर्च	४,४७,६०	२,९७,३७	७,२५,८२
२२५२९ विविध कार्यक्रम खर्च	१५,३६	७८,८५	२,००
२२६११ अनुगमन, मूल्यांकन खर्च	११,५६	१७,२६	२४,७५
२२६१२ भ्रमण खर्च	१२,०१	१९,००	२४,००
२२६१९ अन्य भ्रमण खर्च	५०	०	५,६०
२२७११ विविध खर्च	४१,६३	३०,२५	१,२४,०७
२२७२१ सभा सञ्चालन खर्च	७,९९	८,००	७,००

रु. हजारमा

शीर्षक	आ.व. ०७७/७८ को यथार्थ	आ.व. ०७८/७९ को संशोधित अनुमान	आ.व. ०७९/८० को अनुमान
२५२२२ वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता	०	१,००	०
२५३११ शैक्षिक संस्थाहरूलाई सहायता	६३,२३	१,००	०
२५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता	१,८९	०	२,४५
२५३१५ अन्य सस्था सहायता	१२,८४	३०,५०	५,००
२६३३२ सशर्त अनुदान (चालु)	०	२,४४,०१	०
२६४११ सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान	१५,३६	२,००	११,८६,७९
२६४१२ सरकारीनिकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई सशर्त चालु अनुदान	१०,८०,६०	४,११,४७	२,७०,१७
२६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान	१०,००	१,२४,८४	०
२६४२२ सरकारी निकाय, समिति, बोर्ड – पूँजीगत सःशर्त अनुदान	०	७,२४	०
२६४२३ अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान	०	०	५०
२७१११ सामाजिक सुरक्षा	२२,९३	५,००	५,००
२७२११ छात्रवृत्ति	७,३६	०	४०,०२
२७२१२ उद्धार, राहत तथा पुनर्स्थापना खर्च	५३,२७	७९,६०	१७,०५
२७२१३ औषधीखरिद खर्च	२७,३८	१३,००	३५,६५
२८१४२ घरभाडा	१२,००	१२,६०	१४,००
२८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा	५,४९	५,००	६,००
२८१४९ अन्य भाडा	९९	६,००	१,००
२८२१९ अन्य फिर्ता	१,००,३८	२,४४,४२	०
२८९११ भैपरी आउने चालु खर्च	०	७,००	१६,००
पूँजीगत	१५,२९,७०	१६,५७,४७	१६,६६,५५
३११११ आवासीय भवन निर्माण/खरिद	२८,६३	७८,००	१,३३,६०
३११२ गैर आवासीय भवन निर्माण/खरिद	३,६०,९५	८६,००	३,१७,५७
३११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च	७५,२१	३७,६०	९५,४०
३११४ जग्गा विकास कार्य	१९,९१	२५,००	५०,००
३११२१ सवारी साधन	०	२५,००	२५,००
३११२२ मेशिनरी तथा औजार	७१,९६	४०,९०	८७,८०

रु. हजारमा

शीर्षक	आ.व. ०७७/७८ को यथार्थ	आ.व. ०७८/७९ को संशोधित अनुमान	आ.व. ०७९/८० को अनुमान
३११२३ फर्निचर तथा फिक्चर्स	१२,२६	१५,१०	१३,५०
३११३१ पशुधन तथा बागवानी विकास खर्च	०	१,५०	०
३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	५,८३	७,००	५,००
३११३५ पूँजीगत परामर्श खर्च	०	१५,००	०
३११५१ सडक तथा पूल निर्माण	३,४१,१३	५,६०,१२	३,५४,६०
३११५३ विद्युत संरचना निर्माण	१,००	१,२०	८,००
३११५४ तटबन्ध तथा बाँधनिर्माण	१५,००	०	२१,००
३११५५ सिंचाइ संरचना निर्माण	१६,७४	३३,२५	७७,००
३११५६ खानेपानी संरचना निर्माण	४,६०,०९	१,७०,५७	२,५६,३०
३११५८ सरसफाइ संरचना निर्माण	०	०	१,०१,००
३११५९ अन्य सार्वजनिक निर्माण	३८,५४	५,३७,९२	३४,१५
३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	८२,४१	१३,६०	२,००
३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श	०	०	२५,००
३१४११ जग्गाप्राप्ति खर्च	०	९,७०	०
३१५११ भैपरी आउने पूँजीगत	०	०	५९,६३
बजेट बचत (/(+न्यून	(२३,१३,४४)	(५,०३,५६)	(५,०४,३१)
गत वर्षको नगद मौज्दात		५,०३,५६	५,०४,३१

अनुसूची २

राजश्व तथा अनुदान प्राप्तिको अनुमान (आ.व.२०७९/८०)

रु. हजारमा

शीर्षक	आ.व. ०७७/७८ को यथार्थ	आ.व. ०७८/७९ को संशोधित अनुमान	आ.व. ०७९/८० को अनुमान
आय	१९,३८,३४	५३,२६,३४	५१,४९,६१
राजश्व	५,८०,९७	१३,१३,२६	१४,१९,८९
आन्तरिक स्रोत		५,४३,५६	५,४४,३१
११३१४ भूमीकर/मालपोत		५,००	१५,००
११३२१ घरवहाल कर		१,००	०
११६११ व्यवसायले भुक्तानी गर्ने		०	८,००

रु. हजारमा

शीर्षक	आ.व. ०७७/७८ को यथार्थ	आ.व. ०७८/७९ को संशोधित अनुमान	आ.व. ०७९/८० को अनुमान
११६९१ अन्य कर		१,५०	३,५०
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री		५०	०
१४२४३ सिफारिश दस्तुर		१७,००	८,००
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर		४,००	५,५०
१४२६५ अन्य क्षेत्रको आय		५,००	०
१४६११ व्यवसाय कर		४,००	०
३२१२२ बैंक मौज्दात		५,०३,५६	५,०४,३१
राजश्व बाँडफाँडबाट प्राप्त रकम	५,८०,९७	७,६९,७०	८,७५,५८
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	५,३७,५७	३,७६,७७	८,१५,९२
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क		३,३६,७७	०
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	४३,३९	५६,१५	५९,६६
अन्य आय		२,००	०
१४५२९ अन्य राजश्व		२,००	०
अन्तर सरकारी वित्तीय हस्तान्तरण	१३,५७,३७	४०,११,१८	३७,२९,७२
संघीय सरकार	९,२६,००	३६,६९,२३	३३,८२,९३
१३३११ समानीकरण अनुदान	९,२६,००	९,९६,००	१०,६६,००
१३३१२ शसर्त अनुदान चालु		२२,१८,२३	१९,४९,९३
१३३१३ शसर्त अनुदान पूँजीगत		१,२२,००	९७,००
१३३१५ विषेश अनुदान पूँजीगत		२,९१,००	२,००,००
१३३१७ समपूरक अनुदान पूँजीगत		४२,००	७०,००
प्रदेश सरकार	४,३१,३७	३,४१,९५	३,४६,७९
१३३११ समानीकरण अनुदान	५०,३७	४६,५१	५६,७९
१३३१२ शसर्त अनुदान चालु	१,४८,५०	८५,४४	०
१३३१३ शसर्त अनुदान पूँजीगत		०	८०,००
१३३१४ विषेश अनुदान चालु	१,२०,००	६०,००	६०,००
१३३१६ समपूरक अनुदान चालु	१,१२,५०	१,५०,००	०
१३३१७ समपूरक अनुदान पूँजीगत		०	१,५०,००
बैदेशिक			
जनसहभागिता		१,८९	०

स्रोत मिलान

सि.नं.	स्रोत समूह	बजेटको स्रोत/तह	स्रोत	विधि	अनुमानित आय	अनुमानित व्यय	फरक
१	संघीय सरकार,नेपाल सरकार ,१३३११-समानीकरण अनुदान, नगद अनुदान				१०,६६,००,०००	१०,६६,००,०००	०
१.१	संघीय सरकार	नेपाल सरकार	समानीकरण अनुदान	नगद अनुदान	१०,६६,००,०००	१०,६६,००,०००	०
२	संघीय सरकार,नेपाल सरकार ,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान				१९,४९,९३,०००	१९,४९,९३,०००	०
२.१	संघीय सरकार	नेपाल सरकार	शसर्त अनुदान चालु	नगद अनुदान	१७,४५,५७,०००	१७,४५,५७,०००	०
२.२	बैदेशिक स्रोत	आई डि ए	वैदेशिक ऋणको प्राप्ति	सोधभर्ना हुने ऋण (वैदेशिक)	४६,३६,०००	४६,३६,०००	०
२.३	बैदेशिक स्रोत	एस.इ.एस.पी.	बैदेशिक अनुदान	सोधभर्ना अनुदान (वैदेशिक)	३९,००,०००	३९,००,०००	०
२.४	बैदेशिक स्रोत	एस.इ.एस.पी.	वैदेशिक ऋणको प्राप्ति	सोधभर्ना हुने ऋण (वैदेशिक)	१,१९,००,०००	१,१९,००,०००	०
३	संघीय सरकार,नेपाल सरकार ,१३३१३-शसर्त अनुदान पूँजीगत, नगद अनुदान				९७,००,०००	९७,००,०००	०
३.१	अन्तरिक स्रोत	आन्तरिक ऋण	आन्तरिक स्रोत	नगद ऋण	९४,००,०००	९४,००,०००	०
३.२	बैदेशिक स्रोत	आई डि ए	वैदेशिक ऋणको प्राप्ति	सोधभर्ना हुने ऋण (वैदेशिक)	३,००,०००	३,००,०००	०
४	संघीय सरकार,नेपाल सरकार ,१३३१५-विषेश अनुदान पूँजीगत, नगद अनुदान				२,००,००,०००	२,००,००,०००	०
४.१	संघीय सरकार	नेपाल सरकार	विषेश अनुदान पूँजीगत	नगद अनुदान	२,००,००,०००	२,००,००,०००	०
५	संघीय सरकार,नेपाल सरकार ,१३३१७-समपूरक अनुदान पूँजीगत, नगद अनुदान				७०,००,०००	७०,००,०००	०
५.१	अन्तरिक स्रोत	आन्तरिक ऋण	आन्तरिक स्रोत	नगद ऋण	७०,००,०००	७०,००,०००	०
६	प्रदेश सरकार,लुम्बिनी प्रदेश ,१३३११-समानीकरण अनुदान, नगद अनुदान				५६,७९,०००	५६,७९,०००	०
६.१	प्रदेश सरकार	लुम्बिनी प्रदेश	समानीकरण अनुदान	नगद अनुदान	५६,७९,०००	५६,७९,०००	०
७	प्रदेश सरकार,लुम्बिनी प्रदेश ,१३३१३-शसर्त अनुदान पूँजीगत, नगद अनुदान				८०,००,०००	८०,००,०००	०

सि.नं.	स्रोत समूह	बजेटको स्रोत/तह	स्रोत	विधि	अनुमानित आय	अनुमानित व्यय	फरक
७.१	प्रदेश सरकार	लुम्बिनी प्रदेश	शसर्त अनुदान चालु	नगद अनुदान	८०,००,०००	८०,००,०००	०
८	प्रदेश सरकार,लुम्बिनी प्रदेश ,१३३१४-विषेश अनुदान चालु, नगद अनुदान				६०,००,०००	६०,००,०००	०
८.१	प्रदेश सरकार	लुम्बिनी प्रदेश	विषेश अनुदान चालु	नगद अनुदान	६०,००,०००	६०,००,०००	०
९	प्रदेश सरकार,लुम्बिनी प्रदेश ,१३३१७-समपूरक अनुदान पूँजीगत, नगद अनुदान				१,५०,००,०००	१,५०,००,०००	०
९.१	प्रदेश सरकार	लुम्बिनी प्रदेश	समपूरक अनुदान पूँजीगत	नगद अनुदान	१,५०,००,०००	१,५०,००,०००	०
१०	राजश्व बाडफाड,राजश्व बाँडफाँड-प्रदेश सरकार ,१००२०-राजश्व बाँडफाँड, नगद				५९,६६,०००	५९,६६,०००	०
१०.१	राजश्व बाडफाड	राजश्व बाँडफाँड-प्रदेश सरकार	राजश्व बाँडफाँड	नगद	५९,६६,०००	५९,६६,०००	०
११	राजश्व बाडफाड,राजश्व बाँडफाँड-संघीय सरकार ,१००२०-राजश्व बाँडफाँड, नगद				८,१५,९२,०००	८,१५,९२,०००	०
११.१	राजश्व बाडफाड	राजश्व बाँडफाँड-संघीय सरकार	राजश्व बाँडफाँड	नगद	८,१५,९२,०००	८,१५,९२,०००	०
१२	अन्तरिक स्रोत,आन्तरिक स्रोत ,१००१०-आन्तरिक स्रोत, नगद				५,४४,३१,५००	५,४४,३१,५००	०
१२.१	अन्तरिक स्रोत	आन्तरिक स्रोत	आन्तरिक स्रोत	नगद	५,४४,३१,५००	५,४४,३१,५००	०
जम्मा					५१,४९,६१,५००	५१,३५,३०,०००	०

क्षेत्रगत व्यय अनुमान

सि. नं.	संकेत	शीर्षक	विनियोजन	स्रोत						
				आन्तरिक स्रोत	अन्तर सरकारी वित्तीय हस्तान्तरण			ऋण	जनसहभागिता	वैदेशिक
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह			
१	२	आर्थिक विकास	३,८४,२७	४७,९२	३,०६,३५	३०,००	०	०	०	०
१	२०१	कृषि	१,२२,१७	४,९२	१,१७,२५	०	०	०	०	०
२	२०२	उद्योग	४२,००	०	४२,००	०	०	०	०	०
३	२०३	पर्यटन	२२,४०	२,००	२०,४०	०	०	०	०	०
४	२०५	वित्तीय क्षेत्र	१,१०,००	४०,००	७०,००	०	०	०	०	०
५	२०६	जलस्रोत तथा सिंचाइ	४९,००	१,००	१८,००	३०,००	०	०	०	०

सि. नं.	संकेत	शीर्षक	विनियोजन	स्रोत						
				आन्तरिक स्रोत	अन्तर सरकारी वित्तीय हस्तान्तरण			ऋण	जनसहभागिता	वैदेशिक
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह			
६	२०८	पशुपन्छी विकास	२५,७०	०	२५,७०	०	०	०	०	०
७	२०९	भूमि व्यवस्था	१३,००	०	१३,००	०	०	०	०	०
२	७	सामाजिक विकास	२६,०९,६४	१,२२,७९	२२,१६,८५	२,७०,००	०	०	०	०
१	७०२	सामाजिक सुरक्षा तथा संरक्षण	५०,७५	२,०५	४८,७०	०	०	०	०	०
२	७०३	युवा तथा खेलकुद	२१,४०	१,४०	२०,००	०	०	०	०	०
३	७०४	खानेपानी तथा सरसफाइ	३,७०,८०	१२,५०	१,४८,३०	२,१०,००	०	०	०	०
४	७०५	भाषा तथा संस्कृति	२३,०८	३,७३	१९,३५	०	०	०	०	०
५	७०६	शिक्षा	१६,३८,३३	१,०२,११	१४,७६,२२	६०,००	०	०	०	०
६	७०७	स्वास्थ्य	४,२५,६८	०	४,२५,६८	०	०	०	०	०
७	७०८	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	७९,६०	१,००	७८,६०	०	०	०	०	०
३	३	पूर्वाधार विकास	१०,२३,१९	२,३५,०४	७,४१,३६	४६,७९	०	०	०	०
१	३०१	यातायात पूर्वाधार	३,८०,५०	१२,८५	३,३०,८६	३६,७९	०	०	०	०
२	३०२	भवन, आवास तथा सहरी विकास	६,३३,६९	२,२२,१९	४,०१,५०	१०,००	०	०	०	०
३	३०३	उर्जा	९,००	०	९,००	०	०	०	०	०
४	४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,२३,२५	२०,५०	१,०२,७५	०	०	०	०	०
१	४०३	प्रशासकीय सुशासन	१५,५०	५०	१५,००	०	०	०	०	०
२	४०४	वित्तीय सुशासन	१४,३१	१४,३१	०	०	०	०	०	०
३	४०९	श्रम तथा रोजगारी	७६,००	०	७६,००	०	०	०	०	०
४	४१५	वातावरण तथा जलवायु	१,७५	०	१,७५	०	०	०	०	०
५	४१७	विपद् व्यवस्थापन	३०,००	२०,००	१०,००	०	०	०	०	०
५	१	कार्यालय सञ्चालन तथा प्रशासनिक	९,९४,९५	९,७९,३३	१५,६२	०	०	०	०	०
१	१०१	कार्यालय सञ्चालन तथा प्रशासनिक	९,९४,९५	९,७९,३३	१५,६२	०	०	०	०	०

कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन

कार्यालय संचालन तथा प्रशासनिक

आ.व. २०७९/८०

रु.हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
८०५५२५०३१०१ गुल्मीदरबार गाउँपालिका								
१	करार सेवा शुल्क	२११११	आन्तरिक स्रोत - नगद	०	०	०	५,००	५,००
२	करार सेवा शुल्क	२११११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	९०,००	९०,००
३	पारिश्रमिक कर्मचारी	२११११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१,९५,००	१,९५,००
४	पारिश्रमिक पदाधिकारी	२११११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	९०,००	९०,००
५	पोशाक	२११२१	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	६,५०	६,५०
६	औषधीउपचार खर्च	२११२३	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५,००	५,००
७	स्थानीय भत्ता	२११३१	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	३,५०	३,५०
८	महंगी भत्ता	२११३२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	६,५०	६,५०
९	फिल्ड भत्ता	२११३३	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	५,००	५,००
१०	कर्मचारीको बैठक भत्ता	२११३४	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	५,००	५,००
११	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	२११३५	आन्तरिक स्रोत - नगद	०	०	०	२१,००	२१,००
१२	सुरक्षित प्रसुती गराउने नर्सिङ्ग स्टाफ प्रोत्साहन	२११३५	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	४,००	४,००

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
१३	अन्य भत्ता	२११३९	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	१,००	१,००
१४	महिला स्वास्वस्थय स्वयंसेविका यातायात तथा संचार लगायत खर्च	२११३९	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१५,००	१५,००
१५	पदाधिकारी बैठक भत्ता	२११४१	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१८,००	१८,००
१६	पदाधिकारीअन्य सुबिधा	२११४२	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	२,००	२,००
१७	कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	२१२१२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५,००	५,००
१८	कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च	२१२१३	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१,५०	१,५०
१९	कर्मचारी कल्याण कोष	२१२१४	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	६,५०	६,५०
२०	पानी तथा बिजुली	२२१११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५,००	५,००
२१	SMS प्रणाली खर्च	२२११२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	३,००	३,००
२२	इन्ट्रानेट जडान (VPN)	२२११२	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	१६	१६
२३	इन्ट्रानेट जडान (VPN)	२२११२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	४,८४	४,८४
२४	संचार (ईन्टरनेट) महसुल	२२११२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	३,००	३,००

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
२५	संचार महसुल	२२११२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५,००	५,००
२६	इन्धन (पदाधिकारी)	२२२११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	८,००	८,००
२७	इन्धन कार्यालय प्रयोजन	२२२१२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	३३,००	३३,००
२८	सवारी साधन मर्मत खर्च	२२२१३	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१०,००	१०,००
२९	बिमा तथा नवीकरण खर्च	२२२१४	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	३,१५	३,१५
३०	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२२२२१	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५,००	५,००
३१	मसलन्द तथा कार्यालय सामाग्री	२२३११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	२०,००	२०,००
३२	मसलन्द तथा कार्यालय सामाग्री (वडा कार्यालय)	२२३११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५,०५	५,०५
३३	पुस्तक तथा सामग्री खर्च	२२३१३	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	२,००	२,००
३४	इन्धन अन्य प्रयोजन	२२३१४	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	२,००	२,००
३५	पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च	२२३१५	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	९,००	९,००
३६	सेवा र परामर्श खर्च	२२४११	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	७,००	७,००
३७	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	२२४१२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	४,००	४,००

रु.हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन				
				पहिलो चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	चौथो चौमासिक	जम्मा
३८	सरसफाइसेवा शुल्क	२२४१४	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५०	५०
३९	पदाधिकारी/ कर्मचारी तालिम	२२५११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	६,००	६,००
४०	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	२२५१२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	६,००	६,००
४१	(मासिक/चौमासिक/वार्षिक) समीक्षा, तालिम तथा गोष्ठी	२२५१२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	६,००	६,००
४२	अन्य सेवा शुल्क (तथ्याङ्क संकलन समेत)	२२५२२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	४,००	४,००
४३	कार्यक्रम खर्च	२२५२२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१५,००	१५,००
४४	सहकारी सुदृढीकरण कार्यक्रम	२२५२२	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	२,५०	२,५०
४५	विविध कार्यक्रम खर्च (दमकल एम्बुलेन्स लगायतका खर्च)	२२५२९	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	२,००	२,००
४६	अनुगमन, मूल्यांकन खर्च	२२६११	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	९,००	९,००
४७	अनुगमन, मूल्यांकन तथा बैठक खर्च	२२६११	आन्तरिक स्रोत - नगद	०	०	०	१०,७५	१०,७५
४८	अवलोकन भ्रमण	२२६१२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	४,००	४,००
४९	भ्रमण खर्च	२२६१२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	२०,००	२०,००
५०	पर्यटन भ्रमण	२२६१९	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	५,००	५,००

रु.हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
५१	विविध खर्च	२२७११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१७,००	१७,००
५२	विविध खर्च (वडा कार्यालय)	२२७११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	८,४०	८,४०
५३	सभा सञ्चालन खर्च	२२७२१	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	७,००	७,००
५४	अन्य संस्थालाई अनुदान	२५३१५	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५,००	५,००
५५	सरकारी निकाय समिति एवं बोर्डहरूलाई सःशर्त अनुदान	२६४१२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	७५,००	७५,००
५६	सामाजिक सुरक्षा	२७१११	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	५,००	५,००
५७	अध्यक्ष अशोककुमार थापा जेहेन्दार छात्रवृत्ती	२७२११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५,००	५,००
५८	एमबिबिएस अध्ययन छात्रवृत्ती	२७२११	राजश्व बाँडफाँड-प्रदेश सरकार-नगद	०	०	०	१०,००	१०,००
५९	आर्थिक सहायता	२७२१२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१०,००	१०,००
६०	विपद व्यवस्थापन	२७२१२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५,००	५,००
६१	घरभाडा	२८१४२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१४,००	१४,००
६२	सवारी साधन तथा मेशिनर औजार भाडा	२८१४३	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	६,००	६,००
६३	अन्य भाडा	२८१४९	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१,००	१,००

रु.हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
६४	भैपरी आउने चालु खर्च	२८९११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	४,००	४,००
६५	भैपरी आउने चालु खर्च	२८९११	आन्तरिक स्रोत - नगद	०	०	०	१२,००	१२,००
६६	एम्बुलेन्स तथा सवारी साधन खरिद	३११२१	आन्तरिक स्रोत - नगद	०	०	०	२५,००	२५,००
६७	मेशिनरी तथा औजार	३११२२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	८,००	८,००
६८	फर्निचर तथा फिक्चर्स	३११२३	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१०,००	१०,००
६९	कम्यूटर सफ्टवेयर निर्माण तथा खरिद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ती	३११३४	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	५,००	५,००
७०	पूजिगत परामर्श खर्च	३११७२	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१०,००	१०,००
७१	पूँजीगत अनुसन्धान तथा परामर्श	३११७२	आन्तरिक स्रोत - नगद	०	०	०	१५,००	१५,००
७२	भैपरी आउने पूँजीगत	३१५११	आन्तरिक स्रोत - नगद	०	०	०	१५,००	१५,००
७३	भैपरी आउने पूँजीगत	३१५११	राजश्व बाँडफाँड-संघीय सरकार-नगद	०	०	०	१,४८	१,४८
कुल जम्मा							९,९४,३३	९,९४,३३

आर्थिक विकास

आ.व. २०७९/८०

रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
८०५५२५०३१०१ गुल्मीदरबार गाउँपालिका								
१	एक वडा एक उत्पादन	कृषि	२११२२	०	०	०	३,००	३,००
२	ब्यवासियक पशु सुत्केरी भत्ता	पशुपन्छी विकास	२११३९	०	०	०	५०	५०
३	कृषि ऋणको ब्याजमा अनुदान	कृषि	२२११३	०	०	०	१,५०	१,५०
४	भर्मि कम्पोष्ट कार्यक्रम	कृषि	२२११३	०	०	०	७५	७५
५	व्यवासीयक विरुवा उत्पादन तालिम	कृषि	२२५१२	०	०	०	१,००	१,००
६	एक घर एक करेसाबारी	कृषि	२२५२१	०	०	०	२,००	२,००
७	कृषि यान्त्रीकरण कार्यक्रम	कृषि	२२५२१	०	०	०	५,००	५,००
८	कोसेली घर संचालन	कृषि	२२५२१	०	०	०	५०	५०
९	टनेल प्लाष्टिक वितरण कार्यक्रम ६०%अनुदान	कृषि	२२५२१	०	०	०	१,००	१,००
१०	तरकारी प्रवर्धन कार्यक्रम	कृषि	२२५२१	०	०	०	३,००	३,००
११	बाँझो जग्गा खेती अनुदानको कार्यक्रम (भूमी बैंक)	कृषि	२२५२१	०	०	०	५,००	५,००
१२	मिनि ल्याब संचालन	कृषि	२२५२१	०	०	०	२,००	२,००
१३	अध्यक्ष कृषक सम्मान कार्यक्रम	कृषि	२२५२२	०	०	०	१,५०	१,५०
१४	अध्यक्ष युवा उद्यम कार्यक्रम	उद्योग	२२५२२	०	०	०	१०,००	१०,००
१५	उत्पादनमा आधारित अनुदान कार्यक्रम	कृषि	२२५२२	०	०	०	३,००	३,००
१६	उद्योग संचालन अनुदान (अचार, सेनेटरी प्याड, फाइवर झोला, लगायत)	उद्योग	२२५२२	०	०	०	२,००	२,००
१७	एक वडा एक नर्सरी कार्यक्रम	कृषि	२२५२२	०	०	०	१,५०	१,५०
१८	एग्रो टुरिजम	कृषि	२२५२२	०	०	०	१,००	१,००
१९	कृत्रिम गर्भादान कार्यक्रम	पशुपन्छी विकास	२२५२२	०	०	०	२,००	२,००
२०	कृषक संग गाउँपालिका	कृषि	२२५२२	०	०	०	५०	५०
२१	कृषि बजारीकरण सम्बन्धी अन्तरक्रिया	कृषि	२२५२२	०	०	०	२५	२५

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
	कार्यक्रम							
२२	टनेल निर्माण कार्यक्रम	कृषि	२२५२२	०	०	०	२,००	२,००
२३	तकारी तथा खाधान्न बाली उन्नत बिउ बितरण	कृषि	२२५२२	०	०	०	१,००	१,००
२४	पशु स्वास्थ्य शिविर	पशुपन्छी विकास	२२५२२	०	०	०	५०	५०
२५	पशुपंछि पालन अनुदान कार्यक्रम	पशुपन्छी विकास	२२५२२	०	०	०	५,००	५,००
२६	पशुपन्क्षी तथा बाली बिमा अनुदान कार्यक्रम	कृषि	२२५२२	०	०	०	२,००	२,००
२७	ब्यवासियक दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम	पशुपन्छी विकास	२२५२२	०	०	०	२,००	२,००
२८	बाझो जग्गा खेति अनुदान भूमि बैंक	कृषि	२२५२२	०	०	०	४,४२	४,४२
२९	भकारो सुधार कार्यक्रम	पशुपन्छी विकास	२२५२२	०	०	०	२,००	२,००
३०	मत्स्य विकास कार्यक्रम	पशुपन्छी विकास	२२५२२	०	०	०	१,५०	१,५०
३१	मागमा आधारित फलफुल बिरुवा वितरण	कृषि	२२५२२	०	०	०	१,००	१,००
३२	मौरी प्रवर्धन कार्यक्रम	कृषि	२२५२२	०	०	०	१,००	१,००
३३	रागो प्रवर्धन कार्यक्रम ५०% अनुदान	पशुपन्छी विकास	२२५२२	०	०	०	१,००	१,००
३४	लागत साझेदारी	वित्तीय क्षेत्र	२२५२२	०	०	०	७०,००	७०,००
३५	लागत साझेदारी	वित्तीय क्षेत्र	२२५२२	०	०	०	४०,००	४०,००
३६	होमस्टे निर्माण	पर्यटन	२२५२२	०	०	०	३,००	३,००
३७	कृषि कार्यक्रम अनुगमन	कृषि	२२६११	०	०	०	५०	५०
३८	पशु सम्बन्धी कार्यक्रम अनुगमन	पशुपन्छी विकास	२२६११	०	०	०	५०	५०
३९	स्मार्ट कृषि लागत साझेदारी	कृषि	२६४२३	०	०	०	५०	५०
४०	पशु औषधी खरिद	पशुपन्छी विकास	२७२१३	०	०	०	५,००	५,००
४१	उर्लाकोट-फोक्सेबास भल व्यवस्थापन	भूमि व्यवस्था	३११५४	०	०	०	१,००	१,००
४२	भू-संरक्षण कार्यक्रम	भूमि व्यवस्था	३११५४	०	०	०	१०,००	१०,००
४३	ओडारगरा सिंचाइ मर्मत	जलस्रोत तथा सिंचाइ	३११५५	०	०	०	५०	५०

रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
४४	कंडेल गाउँ कुलो मर्मत	जलस्रोत तथा सिंचाइ	३११५५	०	०	०	१,००	१,००
४५	ठूलापोखरा पोखरी मर्मत	जलस्रोत तथा सिंचाइ	३११५५	०	०	०	२,००	२,००
४६	बेलकारुख सिचाई	जलस्रोत तथा सिंचाइ	३११५५	०	०	०	२,००	२,००
४७	सिंचाइ	जलस्रोत तथा सिंचाइ	३११५५	०	०	०	१०,००	१०,००
४८	पर्यटन प्रबर्ध्दन कार्यक्रम	पर्यटन	३११५९	०	०	०	१०,००	१०,००
४९	सहिद पार्क रंगरोगन बेन्च निर्माण तथा मर्मत	पर्यटन	३११५९	०	०	०	२,००	२,००
८०५५२५०३२०१ गुल्मीदरबार गाउँपालिकावडा नं.१								
५०	कृषि आधुनिकरण मेसिनरी खरिद ६० प्रतिशत अनुदान	कृषि	२२५२२	०	०	०	१,००	१,००
८०५५२५०३२०२ गुल्मीदरबार गाउँपालिकावडा नं.२								
५१	विउपल खरिद	कृषि	२२५२२	०	०	०	५०	५०
५२	पशु औषधी खरिद	पशुपन्छी विकास	२७२१३	०	०	०	५०	५०
८०५५२५०३२०३ गुल्मीदरबार गाउँपालिकावडा नं.३								
५३	उत्कृष्ट कृषक सम्मान	कृषि	२२५२२	०	०	०	२५	२५
५४	पशु औषधी खरिद	पशुपन्छी विकास	२७२१३	०	०	०	४०	४०
५५	राजा सपाउदी गैरा भल नियन्त्रण	जलस्रोत तथा सिंचाइ	३११५९	०	०	०	१,४०	१,४०
८०५५२५०३२०४ गुल्मीदरबार गाउँपालिकावडा नं.४								
५६	कृषि तालिम	कृषि	२२५१२	०	०	०	१,००	१,००
५७	कृषि औजार तथा बिउबिजन खरिद ६० प्रतिशत अनुदान	कृषि	२२५२२	०	०	०	१,००	१,००
५८	ताजा तरकारी उत्पादन रुमपोखरा	कृषि	२२५२२	०	०	०	५०	५०
५९	भकारो सुधार रिमी	पशुपन्छी विकास	२२५२२	०	०	०	१,००	१,००

आ.व. २०७९/८०

रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
६०	तल्लार दिगाम टारी कुलो निर्माण बाखे	जलस्रोत तथा सिंचाइ	३११५५	०	०	०	१,००	१,००
८०५५२५०३२०५ गुल्मीदरबार गाउँपालिकावडा नं.५								
६१	बिउविजन खरिद	कृषि	२२५२२	०	०	०	५०	५०
६२	ग्वालीन चौर पोखरी घेराबार	जलस्रोत तथा सिंचाइ	३११५५	०	०	०	५०	५०
६३	खिमान्द फाउन्डेसन मूर्ती निर्माण	पर्यटन	३११५९	०	०	०	४०	४०
६४	तल्लो हटिया सिराना भल नियन्त्रण	जलस्रोत तथा सिंचाइ	३११५९	०	०	०	६०	६०
८०५५२५०३२०६ गुल्मीदरबार गाउँपालिकावडा नं.६								
६५	बिउविजन खरिद	कृषि	२२५२२	०	०	०	५०	५०
८०५५२५०३२०७ गुल्मीदरबार गाउँपालिकावडा नं.७								
६६	कृषि अनुदान कार्यक्रम	कृषि	२२५२२	०	०	०	१,००	१,००
६७	पशुजन्य उपकरण खरिद	कृषि	३११२२	०	०	०	८०	८०
कुल जम्मा							२,४१,२७	२,४१,२७

पूर्वाधार विकास

आ.व. २०७९/८०

रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
८०५५२५०३१०१ गुल्मीदरबार गाउँपालिका								
१	वडा नं. ६ को वडा कार्यालय भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११११	०	०	०	२५,००	२५,००
२	विरवास स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ४	भवन, आवास तथा सहरी विकास	३१११११	०	०	०	१,०५,६०	१,०५,६०
३	२ नं. वडा कार्यालय भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११२	०	०	०	१२,९४	१२,९४

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	विनियोजन				
				पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
४	काव्रेपोखरी महिला ट्रस्ट निर्माण	भवन, आवास तथा सहरी विकास	३१११२	०	०	०	१,००	१,००
५	खल्टुका रुख क्रियापुत्री पौवा निर्माण	भवन, आवास तथा सहरी विकास	३१११२	०	०	०	१,००	१,००
६	ग्वालीनचौर डाँडापोखरी-५ प्रतिक्षालय निर्माण	भवन, आवास तथा सहरी विकास	३१११२	०	०	०	१,५०	१,५०
७	चण्डेश्वरी युवा क्लब भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११२	०	०	०	३,००	३,००
८	पदम बहादुर मा.वि.शौचालय निर्माण	भवन, आवास तथा सहरी विकास	३१११२	०	०	०	१,००	१,००
९	बाख्रे नाँघ्रे डाँडा भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११२	०	०	०	१,००	१,००
१०	मालिका मन्दिर शौचालय निर्माण	भवन, आवास तथा सहरी विकास	३१११२	०	०	०	१,५०	१,५०
११	मिसुगा तल्लो भेउते पँधेरा क्रियापुत्री भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११२	०	०	०	१,००	१,००
१२	वेदपानी क्रियापुत्री भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११२	०	०	०	१,००	१,००
१३	उर्पीकोट महिला भवन ट्रस्ट निर्माण	भवन, आवास तथा सहरी विकास	३१११३	०	०	०	१,००	१,००
१४	कार्यपालिका बैठक कक्ष र कार्यालयको हलमा कोठा निर्माण	भवन, आवास तथा सहरी विकास	३१११३	०	०	०	४,३५	४,३५
१५	खड्काटोल महिला ट्रष्ट निर्माण	भवन, आवास तथा सहरी विकास	३१११३	०	०	०	१,००	१,००
१६	गलाम आमा समूह भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११३	०	०	०	२,००	२,००
१७	दहपोखरी आमा समूह भवन ट्रस्ट तथा रेलिङ्ग निर्माण	भवन, आवास तथा सहरी विकास	३१११३	०	०	०	१,००	१,००

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	विनियोजन				
